"कृषि, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार र शिक्षा हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा"

वार्षिक नगर विकास योजना

Annual Municipal Development Plan

आ.व. २०८३/०८४



सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

"कृषि, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार र शिक्षा, हराभरा बुद्धभूमि सिद्धार्थनगरको इच्छा"

वार्षिक नगर विकास योजना

ANNUAL MUNICIPAL DEVELOPMENT PLAN

(२०औं नगरसभाबाट स्वीकृत)





सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पुस्तक : **वार्षिक नगर विकास योजना**
सर्वाधिकार : **सिद्धार्थनगर नगरपालिका, सिद्धार्थनगर, रुपन्देही**
आर्थिक वर्ष : **२०८३/२०८४**
प्रकाशक : **सिद्धार्थनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Email: siddharthanagar.municipality@gmail.com
Website: siddharthanagarmun.gov.np

सेटिङ्ग/डिजाइन : प्रतिक शर्मा, भैरहवा, ९८६७३७३३३०
मूद्रण : रुपन्देही छापाखाना, भैरहवा, ९८५७०२४३९०

सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



शुभकामना

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नगर विकास योजना यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। यस अवसरमा योजना तर्जुमा तथा नगरको विकास प्रक्रियामा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, संघ संस्था तथा सरोकारवाला हरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

सहभागितामूलक, समावेशी तथा आवश्यकतामा आधारित विकासको अवधारणा अनुरूप नगरवासीका आवश्यकता, सुझाव र प्राथमिकतालाई समेटेर यो वार्षिक नगर विकास योजना तयार गरिएको हो। सीमित स्रोत–साधनका बाबजुद उपलब्ध बजेट र जनशक्तिको प्रभावकारी परिचालन गर्दै नगरको समग्र विकास, सुशासन, गुणस्तरीय सेवा प्रवाह तथा नागरिकको जीवनस्तरमा सुधार ल्याउनु हाम्रो प्रमुख लक्ष्य रहेको छ।

यस योजनामा भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, सामाजिक सुरक्षा, आर्थिक विकास, वातावरण संरक्षण तथा सरसफाइलाई प्राथमिकता दिइएको छ। फूलैफूलको शहर अभियानलाई निरन्तरता दिँदै हरित तथा वातावरणमैत्री नगर निर्माणमा जोड दिइएको छ। साथै, एसियाली विकास बैंकको सहयोगमा सडक तथा नाला निर्माण र स्तरोन्नति, स्मार्ट सडक बत्ती विस्तार, मेयर आवास कार्यक्रम तथा डण्डा नदी करिडोर विकास जस्ता योजनाहरूलाई अगाडि बढाउने लक्ष्य लिइएको छ।

छाडा चौपाया तथा फोहोरमैला व्यवस्थापन, सीमित आन्तरिक आय स्रोत र बढ्दो जनअपेक्षा हाम्रा प्रमुख चुनौती हुन्। यी चुनौतीको दीर्घकालीन समाधान खोज्दै उपलब्ध स्रोत–साधनको मितव्ययी, पारदर्शी र उत्तरदायी उपयोगमार्फत सन्तुलित तथा दिगो विकास हासिल गर्न नगरपालिका प्रतिबद्ध छ।

समृद्ध सिद्धार्थनगर निर्माणका लागि नगरपालिकाको प्रयाससँगै सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सरोकारवाला निकायको सक्रिय सहभागिता र सहकार्य अपरिहार्य छ। नगरको विकास अभियानलाई सफल बनाउन यहाँहरू सबैको निरन्तर साथ, सहयोग तथा रचनात्मक सुझावको अपेक्षा गर्दछु।

अन्त्यमा, वार्षिक नगर विकास योजना तर्जुमा गर्न योगदान पुऱ्याउनुहुने उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, नगर सभा सदस्यहरु, कर्मचारी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत योजनाको सफल कार्यान्वयनबाट सिद्धार्थनगरलाई समृद्ध, सुन्दर, स्वच्छ, सुरक्षित तथा वातावरणमैत्री नगरका रूपमा विकास गर्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

इश्तियाक अहमद खाँ
नगर प्रमुख
सिद्धार्थनगर नगरपालिका, रूपन्देही



सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



शुभकामना

नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीले स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकारका रूपमा स्थापित गरेको छ। जनसहभागिता, सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई आत्मसात गर्दै सिद्धार्थनगर नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन तर्फ अघि बढिरहेको छ।

नगरपालिकाले जनअपेक्षा अनुरूप विकासलाई दिगो, समावेशी र परिणाममुखी बनाउनेउद्देश्यका साथ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, वातावरण संरक्षण, महिला सशक्तीकरण, सामाजिक सुरक्षा तथा लक्षित वर्गको उत्थानलाई प्राथमिकतामा राखी वार्षिक नगर विकास योजना तयार गरेको छ। सीमित स्रोत–साधनको अधिकतम उपयोग गर्दै नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिशामा नगरपालिका दृढतापूर्वक अघि बढिरहेको छ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी–जनजाति, दलित तथा आर्थिक रूपमा विपन्न समुदायको सशक्तीकरण र सामाजिक न्याय सुनिश्चित गर्न विभिन्न लक्षित कार्यक्रम सञ्चालन गरिएका छन मातृ तथा शिशु स्वास्थ्यलाई प्राथमिकतामा राख्दै सुत्केरी कोशेली कार्यक्रम र उपप्रमुख कोशेली घर जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ। यस्ता कार्यक्रमले सामाजिक उत्तरदायित्व र मानवीय सेवाको भावनालाई अझ सुदृढ बनाउने विश्वास लिएको छु।

सिद्धार्थनगर नगरपालिकालाई स्वच्छ, हराभरा, व्यवस्थित, सुरक्षित तथा पर्यटकीय नगरका रूपमा विकास गर्ने हाम्रो साझा लक्ष्य हो। यस लक्ष्य प्राप्तिका लागि नगरवासीको सहयोग, सहभागिता र अपनत्व अपरिहार्य छ। नगरपालिकाले अघि सारेका नीति, कार्यक्रम तथा योजनाहरूको प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट सकारात्मक सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, सिद्धार्थनगर नगरपालिकाको समृद्धि, सुशासन र दिगो विकासको यात्रामा निरन्तर साथ, सहयोग र योगदान पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी, जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, सञ्चारकर्मी तथा विकास साझेदारहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। वार्षिक नगर विकास योजनाले नगरको समग्र विकासमा नयाँ ऊर्जा थप्ने विश्वासका साथ सम्पूर्ण नगरवासीको सुख, शान्ति, समृद्धि, सु–स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु।

उमा अधिकारी
नगर उप प्रमुख
सिद्धार्थनगर नगरपालिका, रूपन्देही


LUMBINI GATE



सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिद्धार्थनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल



शुभकामना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका सिद्धान्त, मूल्यमान्यता तथा कानुनी व्यवस्था अनुरूप सिद्धार्थनगर नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। नगरवासीको आवश्यकता, अपेक्षा तथा विकासका प्राथमिकतालाई सम्बोधन गर्दै तयार गरिएको वार्षिक नगर विकास योजना नगरपालिकाको समग्र विकास र सुशासन प्रवद्र्धनको महत्वपूर्ण आधार बन्ने विश्वास लिएको छ।

वार्षिक नीति तथा कार्यक्रम तथा बजेट तर्जुमा गर्दा सहभागितामूलक योजना प्रक्रियालाई प्राथमिकता दिइएको छ। बस्ती तथा वडास्तरीय भेला, विषयगत समितिहरू, विभिन्न संघसंस्था, सरोकारवाला निकाय तथा नगरवासीबाट प्राप्त सुझावलाई समेट्दै नगर कार्यपालिकाको छलफल र नगर सभाबाट स्वीकृति पश्चात् यसले वैधानिकता प्राप्त गरेको हो। यस प्रक्रियाले नीति तथा कार्यक्रमलाई अझ जनमुखी, व्यवहारिक तथा उत्तरदायी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

स्वीकृत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाले उपलब्ध स्रोत, साधन तथा जनशक्तिको अधिकतम परिचालन गर्नेछ। शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, वातावरण संरक्षण, सामाजिक सुरक्षा, सुशासन तथा सेवा प्रवाहको गुणस्तर अभिवृद्धिलाई प्राथमिकतामा राखी नगरवासीको जीवनस्तर सुधार गर्ने लक्ष्यसहित सम्पूर्ण संयन्त्र प्रतिबद्धतापूर्वक परिचालित हुनेछ। साथै, कार्यान्वयनका क्रममा प्राप्त हुने रचनात्मक सुझाव, अनुभव र पृष्ठपोषणलाई आत्मसात् गर्दै विकासका लक्ष्यहरू हासिल गर्न निरन्तर प्रयास गरिनेछ।

अन्त्यमा, वार्षिक नगर विकास योजना स्वीकृति तथा प्रकाशनका क्रममा महत्वपूर्ण सहयोग, सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने नगरप्रमुखज्यू, नगर उपप्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यज्यूहरू, नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, नागरिक समाज, सञ्चारकर्मी, विभिन्न संघसंस्था तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस वार्षिक नगर विकास योजनाको सफल कार्यान्वयन मार्फत समृद्ध, सुशासित, समावेशी र दिगो सिद्धार्थनगर निर्माण गर्ने हाम्रो साझा अभियान सफल होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

जनक थापा
प्रमुख प्रशासकीय अधिकृत
सिद्धार्थनगर नगरपालिका


नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)
MuAN
उत्कृष्ट नगरपालिका पुरस्कार
Municipal Excellence Award
सिद्धार्थनगर नगरपालिका
(Municipal Excellence Award 2081)


नेपाल सरकार
महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं
सम्मान-पत्र
श्री सिद्धार्थनगर नगरपालिका
रुपन्देही ।
दिनेश भट्टराई
सचिव
नवल किशोर साह सुधी
मन्त्री

नगर कार्यपालिकाका सदस्यहरू



इश्तियाक अहमद खाँ
प्रमुख



उमा अधिकारी
उपप्रमुख



उज्ज्वल पोखरेल
वडा अध्यक्ष–१



छेदी लाल श्रीवास्तव
वडा अध्यक्ष–२



नारायण प्रसाद उपाध्याय
वडा अध्यक्ष–३



मुक्तिनाथ यादव
वडा अध्यक्ष–४



पुरन प्रसाद श्रेष्ठ
वडा अध्यक्ष–५



बिरेन्द्र नाथ श्रीवास्तव
वडा अध्यक्ष–६



दामोदर शर्मा घिमिरे
वडा अध्यक्ष–७



राजन जंग राणा
वडा अध्यक्ष–८



शेषकान्त भण्डारी
वडा अध्यक्ष–९



सुर्जमन अहिर (यादव)
वडा अध्यक्ष–१०



दिलिप कुमार यादव
वडा अध्यक्ष–११



कुमार गुरुङ्ग
वडा अध्यक्ष–१२



सोम बहादुर गुरुङ्ग
वडा अध्यक्ष–१३



गयीतिरा चमार
वडा सदस्य



रुपा कुमारी सुनार बराईली
वडा सदस्य



वीना माया ज्ञवाली
वडा सदस्य



सविता हरिजन
वडा सदस्य



द्रुपदा पनेरु
वडा सदस्य



सुभावती चमार
कार्यपालिका सदस्य



केदार प्रसाद बरै
कार्यपालिका सदस्य



शिव नारायण कोईरी
कार्यपालिका सदस्य



जनक थापा
सचिव (प्रमुख प्रशासकीय अधिकृत)

नगरसभा सदस्यहरू



इश्तियाक अहमद खाँ
प्रमुख



उमा अधिकारी
उपप्रमुख



उज्ज्वल पोखरेल
वडा अध्यक्ष–१



हरि माया गुरुङ्ग
वडा सदस्य



असर्फी हरीजन
वडा सदस्य



राज किशोर अहिर
वडा सदस्य



मिन बहादुर गुरुङ्ग
वडा सदस्य



छेदी लाल श्रीवास्तव
वडा अध्यक्ष–२



कञ्चन थापा
वडा सदस्य



विन्दु हरीजन
वडा सदस्य



राजकुमार अहिर
वडा सदस्य



दिपेश प्रताव शाही
वडा सदस्य



नारायण प्रसाद उपाध्याय
वडा अध्यक्ष–३



रेनुका कार्की
वडा सदस्य



गयीतिरा चमार
वडा सदस्य



दिनेश गुरुङ्ग
वडा सदस्य



मनसुर अलि
वडा सदस्य



मुक्तिनाथ यादव
वडा अध्यक्ष–४



मञ्जु कुमारी चौधरी
वडा सदस्य



इन्दमति धोवी
वडा सदस्य



हरि बहादुर के.सी.
वडा सदस्य



सईद अहमद धुनिया
वडा सदस्य

नगरसभा सदस्यहरू



पुरन प्रसाद श्रेष्ठ
वडा अध्यक्ष–५



सरस्वती श्रेष्ठ
वडा सदस्य



किरन देवी सुनार
वडा सदस्य



प्रेम नारायण तेली
वडा सदस्य



विनित कुमार बेरीवाल
वडा सदस्य



बेरेन्द्र नाथ श्रीवास्तव
वडा अध्यक्ष–६



सिमा मल्लाह
वडा सदस्य



सुनिता धोवी(रजक)
वडा सदस्य



अनिल कुमार सिंह गुरुङ्ग
वडा सदस्य



अनिल कुमार के.सी.
वडा सदस्य



दामोदर शर्मा घिमिरे
वडा अध्यक्ष–७



शुषमा प्रधान
वडा सदस्य



अर्पिता विश्वकर्मा
वडा सदस्य



प्रविण राणा
वडा सदस्य



अभिषेक रावल
वडा सदस्य



राजन जंग राणा
वडा अध्यक्ष–८



सरस्वती ज्ञवाली
वडा सदस्य



रुपा कुमारी सुनार बराईली
वडा सदस्य



हरि प्रसाद आचार्य
वडा सदस्य



थानेश्वर पाण्डे
वडा सदस्य



शेषकान्त भण्डारी
वडा अध्यक्ष–९



बसुन्धरा शर्मा
वडा सदस्य



सविता हरिजन
वडा सदस्य



युवराज बराल
वडा सदस्य



बसन्त प्रसाद भट्टराई
वडा सदस्य

नगरसभा सदस्यहरू



सुर्जमन अहिर (यादव)
वडा अध्यक्ष–१०



बीना माया ज्ञवाली
वडा सदस्य



लक्ष्मी हरीजन
वडा सदस्य



चन्द्रिका सिंह थापा
वडा सदस्य



कपिल देव गोसाई
वडा सदस्य



दिलिप कुमार यादव
वडा अध्यक्ष–११



रम्भावती चाई
वडा सदस्य



सुशिला ढाडी
वडा सदस्य



बिनोद बरई
वडा सदस्य



अकबाल अहमद
वडा सदस्य



कुमार गुरुङ्ग
वडा अध्यक्ष–१२



द्रुपदा पनेरु
वडा सदस्य



सिता कुमारी सुनार वि.क.
वडा सदस्य



समीर थापा
वडा सदस्य



ईशान भण्डारी
वडा सदस्य



सोम बहादुर गुरुङ्ग
वडा अध्यक्ष–१३



नीलु सिरीस मगर
वडा सदस्य



विष्णुमाया कुमाल
वडा सदस्य



अरुण बहादुर घर्ति
वडा सदस्य



जिवन खत्री क्षेत्री
वडा सदस्य



सुभावती चमार
कार्यपालिका सदस्य



केदार प्रसाद बरै
कार्यपालिका सदस्य



शिव नारायण कोईरी
कार्यपालिका सदस्य

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१	सिद्धार्थनगर नगरपालिकाको परिचय	१-३
२	२०औं नगर सभामा प्रस्तुत भई पारित भएको निती तथा कार्यक्रम	४-१६
३	२०औं नगर सभामा प्रस्तुत भई पारित भएको बजट तथा कार्यक्रम	१७-३२
४	सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८३	३३-७८
५	सिद्धार्थनगर नगरपालिकाको विनियोजन ऐन २०८३	७९-८०
६	आ.व. २०८३/८४ को कार्यक्रम/परियोजना अनुसार बजेट विनियोजन	८१-१६१
७	सिद्धार्थनगर नगरपालिकाबाट सञ्चालन हुने तालिम गोष्ठी लगायतका कार्यक्रमहरुको आर्थिक नम्स (आ.व. २०८/३८३)	१६२-१६५
८	जनप्रतिनिधिहरुको नामावली र सम्पर्क नम्बर	१६६-१६८
९	नगरपालिकामा कार्यरत कर्मचारीहरुको नामावली	१६८-१७२
१०	सिद्धार्थनगर नगरपालिकाद्वारा आ.व. २०८२/०८३ मा सञ्चालित विकास तथा सामाजिक क्रियाकलापका फोटोहरु	१७३-१७५

सिद्धार्थनगर नगरपालिकाको परिचय

गौतम बुद्ध जन्म स्थल लुम्विनीको प्रवेशद्वार र रुपन्देही जिल्लाको प्रशासनिक केन्द्रको रुपमा रहेको सिद्धार्थनगर नगरपालिका लुम्बिनी प्रदेश स्थित रुपन्देही जिल्लाको दक्षिण भेगमा अवस्थित रहेको छ । यस नगरपालिकामा नेपालको दोश्रो अन्तराष्ट्रिय विमानस्थल "गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल" अवस्थित छ । भौगोलिक अवस्थितिको सन्दर्भमा यो नगरपालिका ८३°२६' पूर्वी देशान्तर र २७°३१' उत्तर अक्षांशमा अवस्थित छ । कुल क्षेत्रफल ३६.०३ वर्ग कि.मी. ओगटेको यस नगरपालिका समुद्र सतहबाट ११० मिटरको उचाईमा रहेको छ भने नगरपालिकामा उष्णप्रदेशीय हावापानी पाइन्छ । अधिकतम तापक्रमः ४५.२० डिग्री सेल्सियस र न्यूनतम तापक्रम २.४० डिग्री सेल्सियस सम्म पुगेको देखिन्छ भने औसत वर्षाः १४३६.५ मि.मि. सम्म भएको पाइएको छ ।

ऐतिहासिक चिनारी तथा नामाकरण

रूपन्देही जिल्लाको दक्षिणी भागमा अवस्थित सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । भगवान गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थ (सर्वअर्थसिद्ध) बाट यस नगरपालिकाको नामाकरण गरिएको छ।सांस्कृतिक परम्परा र मान्यताहरू साहित्य, भाषा, कला, धर्म, सस्कृतिको साझा संगमको रुपमा यस नगरपालिका रहेको छ । वि.सं. १९९० सम्म नगन्य रूपमा मात्र वस्तीहरू भएको यस नगरमा वि.सं. २०१० सालमा शान्ति नगरमा हवाई मैदान निर्माण भएपछि बस्ति विकासको गतिमा तीव्रता आएको पाईन्छ । वि.सं. २०२४ सालमा भैरहवा नगर पञ्चायतको नामबाट औपचारिक रुपमा नगरपालिका घोषणा भएको थियो । वि.स. २०३३ साल देखि नगरपालिकाको नाम भैरहवा नगरबाट सिद्धार्थनगरमा रुपान्तरित भएको हो । १३ वटा वडामा विभाजित यस नगरपालिकाको सिमानामा पूर्वमा ओमसतिया र रोहिणी गाउँपालिका, पश्चिममा मायादेवी गाउँपालिका, उत्तरमा ओमसतिया र मायादेवी गाउँपालिका र दक्षिणमा सुनौली (महाराजगञ्ज जिल्ला, भारतले सिमाकंन गरिएको छ ।

भौगोलिक अवस्थिति

देशान्तर : ८३°२६' पुर्वी देशान्तर २७°३१' उत्तरी अक्षांश

राजनीतिक एवम् प्रशासनिक संरचनाः

प्रदेश : लुम्बिनी
जिल्ला : रुपन्देही
संघीय प्रतिनिधी निर्वाचन क्षेत्र नं ३
प्रदेश प्रतिनिधी निर्वाचन क्षेत्र नं ३ (१)
जम्मा वडा संख्या : १३ वटा
नदीनाला तथा तलैयाहरु : डण्डा र घाघरा खोला

जनसंख्याको विवरण

नगरपालिकाको जनसंख्या : ७४४६७ जना
पुरुष : ३७२४९ जना
महिला : ३७१८७ जना
जम्मा घरधुरी : १६८७१

परिवारको औषत सदस्य संख्या : ४.६९ जना प्रतिपरिवार
जनघनत्व : २०६६ प्रति वर्ग कि.मी
लैङ्गिक अनुपात : १००.१७ पुरुष प्रति १०० महिला
साक्षरता दर : ८६.१ प्रतिशत
पुरुष साक्षरता दर : ९२.५ प्रतिशत
महिला साक्षरता दर : ७९.८ प्रतिशत

वडागत वितरण

वडा नं.	जम्मा घरधुरी	जम्मा जनसंख्या	पुरुष	महिला	औषत परिवार	लैङ्गिक अनुपात	क्षेत्रफल बर्ग कि.मि.
१	१६४०	७६९६	३८५५	३८४१	४.६९	१००.३६	४.३५
२	७४५	३७३२	१८४७	१८८५	५.०१	९७.९८	३.१३
३	१९६८	९३०७	४६३०	४६७७	४.७३	९९.००	२.८९
४	१०११	५३३०	२७०३	२६२७	५.२७	१०२.८९	४.७२
५	२०२	८२९	४५२	३७७	४.१०	११९.८९	०.२
६	२२६७	१११४७	५६९५	५४५२	४.९२	१०४.४६	१.३३
७	८५९	३६२६	१७९२	१८३४	४.२२	९७.७१	०.४६
८	२५४२	१०५७२	५२९५	५२७७	४.१६	१००.३४	१.८२
९	१८१०	८३७०	४१०२	४२६८	४.६२	९६.११	६.१३
१०	४६१	२७८५	१४११	१३७४	६.०४	१०२.६९	४.२
११	५३५	३२२६	१६८८	१५३८	६.०३	१०९.७५	५.२९
१२	९७४	४२२३	२०५२	२१७१	४.३४	९४.५२	०.८८
१३	८५७	३५९३	१७२७	१८६६	४.१९	९२.५५	०.६३
जम्मा	**१५८७१**	**७४४३६**	**३७२४९**	**३७१८७**	**४.६९**	**१००.१७**	**३६.०३**

शैक्षिक स्थितिः

- कक्षा छाड्ने दरः ६.०६ %
- टिकाउ दरः ९३.४%
- नगरपालिकाको साक्षरता दरः ८६.१ प्रतिशत (स्रोतः राष्ट्रिय जनगणना २०७८)
- विद्यालयको विवरण
- सामुदायिक विद्यालयः १७ वटा
- संस्थागत विद्यालयः ४२ वटा
- मदरसाः १३ वटा
- संस्कृत विद्यालयः १ वटा
- सिकाई केन्द्रः १ वटा

स्वास्थ्य संस्थाहरु

१. सामुदायिक सरकारी अस्पताल – १ वटा
- भीम अस्पताल

२. निजि अस्पताल – ४ वटा
- लुम्बिनी रण अम्बिका शाह आँखा अस्पताल
- युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज शिक्षण अस्पताल
- ओजस हस्पिटल प्रा.ली.
- आरोग्य मल्टि स्पेशलिष्ट हेल्थ केयर एण्ड डाईनोक्टिक सेन्टर प्रा.ली.

३.आधारभूत स्वास्थ्य सेवा केन्द्र – ९ वटा
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. १
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ३
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ४
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ५
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ६
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ७
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ९
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. १०
- आधारभूत स्वास्थ्य सेवा केन्द्र वडा नं. ११

प्रमुख जातजातीः
ब्राहमण, क्षेत्री, मुस्लिम, मधेसी, मगर, गुरुङ्ग, नेवार आदि।

धर्महरु : हिन्दु, मुस्लिम, बौद्ध आदि।

सिद्धार्थनगर नगरपालिकाको नगर सभाको २०औँ अधिवेशनमा नगर प्रमुख श्री इश्तियाक अहमद खाँद्धारा प्रस्तुत भई सभाबाट पारित भएको आर्थिक बर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम

आदरणीय नगर सभाका सदस्यहरू,
प्रमुख प्रशासकीय अधिकृत,
राष्ट्रसेवक कर्मचारी ।

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मर्म अनुरूप स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थापित भएको छ । स्थानीय तहको प्रमुख जिम्मेवारी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु, समावेशी विकासलाई प्रवर्द्धन गर्नु तथा स्थानीय स्रोत, साधन र अवसरहरूको अधिकतम उपयोग गर्दै समृद्ध समाज निर्माण गर्नु हो । यस सिद्धार्थनगर नगरपालिकाले विगतका वर्षहरूमा सुशासन, सामाजिक न्याय, आर्थिक समृद्धि, पूर्वाधार विकास तथा सेवा प्रवाहमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ ।

हाल विश्वव्यापी रूपमा सूचना प्रविधिको तीव्र विकास, जलवायु परिवर्तनका चुनौती, बढ्दो शहरीकरण, युवाहरूको रोजगारीको आवश्यकता, गुणस्तरीय स्वास्थ्य तथा शिक्षाप्रतिको नागरिक अपेक्षा र दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण जस्ता विषयहरू हाम्रो सामु प्रमुख चुनौती र अवसरका रूपमा रहेका छन् । यस्ता चुनौतीलाई अवसरमा रूपान्तरण गर्दै "कृषि, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार र शिक्षा; हराभरा बुद्ध भूमि सिद्धार्थनगरको ईच्छा" को लक्ष्य प्राप्तिका लागि आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम पेश गरेको छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले सुशासन तथा संस्थागत सुदृढीकरण, सामाजिक विकास, गुणस्तरीय स्वास्थ्य तथा शिक्षा, कृषि तथा उद्यम विकास, राजस्व परिचालन, रोजगार प्रवर्द्धन, पूर्वाधार विकास, वातावरण संरक्षण तथा सरसफाइ व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ । यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि नगरसभा सदस्यहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार संस्थाहरू तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहभागिता, सहयोग र सहकार्यको अपेक्षा गरेको छु ।

सिद्धार्थनगर नगरपालिकाको समग्र विकास, समृद्धि र सुशासनको यात्रामा योगदान पुर्‍याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अब म आगामी यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८३/०८४ नीति तथा कार्यक्रम यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्दछु ।

१. "कृषि, स्वास्थ्य, पर्यटन, उद्योग, व्यापार र शिक्षा; हराभरा बुद्ध भूमि सिद्धार्थनगरको ईच्छा" भन्ने नगरपालिकाको दिर्घकालिन सोचलाइ पूर्णता दिन कृषिको आधुनिकिकरण, व्यवसायीकरण तथा बजारीकरण मार्फत कृषकको जिवनस्तर उकास्नका लागी कृषि कार्यक्रम अन्तर्गत उन्नत जातको बीउ उत्पादनमा विशेष जोड दिदैं उन्नत जातको गँहु, धान, मकै, तोरी, मसुरो, तरकारीका बीउ र फलफूल आदिको विउविजनमा अनुदानमा उपलब्ध गराईनेछ । कृषकहरुको कृषि उत्पादनको बिक्री बितरणका लागि बजार, कृषि संकलन केन्द्र कृषि सामुदायिक बजारहरुमा सहज बिक्री बितरणका लागि व्यवस्था मिलाईनेछ।कृषि बजारमा बीउविजन, मलखाद, बिषादी सामग्रीको गुणस्तर र मुल्यमा विशेष ध्यान दिइ बजार अनुगमन गरिनेछ ।

२. सिद्धार्थनगर नगरपालिका अत्यधिक बजार क्षेत्र भएकोले करेसाबारी तथा कौशी खेती, च्याऊ खेती, सम्बन्धी तथा

अन्य क्षेत्रमा वस्तु विषेश बालीहरुको तालिम कृषकहरुको मागमा तालिम, बीउबिजन तथा अन्य कृषि उपकरणहरु निःशुल्क रुपमा उपलब्ध गराइनेछ। कृषकहरुलाइ लक्षित गरी स्वच्छ दुग्ध तथा माछा, मासु उत्पादनका विभिन्न तालिम संचालन गरिनेछ।

३. कृषिमा आधारित किसानहरुको सुचीकरण तथा कृषि सम्बन्धी तथ्याङ्क संकलन गरिनेछ जसमा नगरपालिका भित्र के कति कृषि जग्गा छ र सो जग्गाहरु राजमार्गबाट कति दूरीमा छन्, कृषिमा पूर्ण तथा आंशिक रुपमा निर्भर जनसङ्ख्या कति छ, सिचाईको अवस्था, बालीहरुको उत्पादन र उत्पादकत्व जस्ता कुराहरुलाई पनि संलग्न गरी प्रोफाईल तयार हुन तथा किसान वर्गिकरण गरी कृषकहरुलाई कृषि अनुदान तथा अन्य सेवासुबिधा उपलब्ध गराउन किसान कार्ड उपलब्ध गराइनेछ।

४. सिद्धार्थनगरलाई अर्गानिक नगर रुपमा विकास गर्न अर्गानिक खेतिलाइ प्रोत्साहन गरिनेछ। सो कार्यक्रम अन्तर्गत अर्गानिक एवं प्रागांरिक खेतीका जैविक विषादी तथा प्रागांरिक मल अनुदानमा वितरण गरिनेछ। अनुदानमा वर्षे तथा हिउँदे घाँसको बीउ तथा विभिन्न किसिमका मिनिरल सप्लिमेन्ट तथा भिटामिनहरु निशुल्क उपलब्ध गराईनेछ।

५. गाई, भैंसी भेंडाबाख्रा, बंगुरमा लाग्ने रोग तथा महामारी रोग विरुद्धको विभिन्न किसिमको खोपका लागि निःशुल्क खोप सेवा कार्यक्रम संचालन गरिनेछ। नगरभित्रका घाईते एवं विमारी सामुदायिक कुकुर तथा अन्य पशुपन्छीहरुको निःशुल्क रुपमा उपचार तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।आकस्मिक रुपमा पशुपन्छीमा लाग्ने रोगकिरा तथा दुर्घटनामा परी घाईते पशुपन्छीहरुको उपचारको व्यवस्थापन गरिनेछ।

६. सामुदायिक कुकुरहरुको नियन्त्रणका लागि स्थायी बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

नगर सभाका सदस्यहरु,

७. बालबालिकाहरुलाई स्वस्थ राख्ने अभिप्रायले नियमित खोप सुनिश्चितता र दिगोपनको लागि खोप विस्तार गर्दै लगिनेछ, बालबालिकाहरुको शारीरिक, मानसिक वृद्धि विकासका लागि नियमित बृद्धि अनुगमन स्वास्थ्य परीक्षणको कार्यक्रमलाई निरन्तरता दिइनेछ। नगरवासीलाइ नगरपालिकाबाट प्रवाह हुने गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यबाट स्वास्थ्य कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र नियमन गर्ने संयन्त्रको विकास गरिनेछ।

८. नगरपालिका भित्रका सुत्केरी महिलाहरुको जीवन रक्षा र मातृ मृत्यु कम गर्नका लागि पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता दिगोपना र घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. जेष्ठ नागरिकहरुको स्वास्थ्यलाइ दृष्टिगत गरी ८० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरदैलोमा गएर स्वास्थ्य सेवा दिने उद्देश्यबाट जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. घातक जन्य रोग डेंगु लगायत विभिन्न किटजन्य रोगहरूको खोजपड्ताल, सचेतना तथा रोकथाम कार्यक्रमलाई निरन्तरता दिइनेछ। मेसिन मार्फत किटनासक औषधी छर्ने कार्य गरिनेछ।

११. रगतको अभावमा नगरवासिहरुले ज्यान गुमाउन नपरोस भन्ने उद्देश्य राखी जिल्ला रेडक्रससंगको सहकार्यमा ब्लड बैंक मार्फत नगरबासिहरुलाई निःशुल्क रगत उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. किशोरकिशोरीहरुको स्वास्थ्यलाई मध्येनजर गरी, किशोर किशोरीमैत्री स्वास्थ्य संस्था घोषणा गरिदै लगिनेछ, बिद्यालयहरुमा स्वास्थ्य तथा पोषण शिक्षालाई निरन्तरता दिइनेछ।

१३. महिला तथा बालबालिकाहरुको स्वास्थ्य क्षेत्रमा योगदान पुर्याउने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई निःशुल्क स्वास्थ्य बिमा गर्ने र दिइदै आएको सेवा सुविधामा पुर्नविचार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१४. यस नगरपालिकाको सबै वडामा स्वास्थ्यको सहज पहुच पुर्याउने उद्देश्यका साथ प्रयास भैरहेको र आधारभूत स्वास्थ्य सेवा नपुगेका वडा नं २ र ८ मा क्रमश आधारभूत स्वास्थ्य संस्था विस्तार गरिनेछ।

नगरसभाका सदस्यहरु,

१५. सामुदायिक विद्यालय तथा धार्मिक विद्यालयमा बालबालिकाहरुलाई पठन पाठन गर्नमा सहजता ल्याउन तथा शिक्षाको गुणस्तर सुधार गर्नका लागि विद्यालयको माग र आवश्यकताका आधारमा पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१६. स्थानीय पाठ्यपुस्तक (हाम्रो सिद्धार्थनगर) कक्षा १-८ को लागि अनुदान र सञ्चालन खर्च न्यून भई बिजुली तथा खानेपानीको बिल तिर्न नसक्ने विद्यालयहरुका लागि बिजुली तथा खानेपानीको बिल तिर्न आवश्यक अपुग रकमको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१७. विद्यालय तहमा अध्ययनरत विद्यार्थी (खेलाडी) हरुलाई खेल कौशल प्रर्दशन गर्न अवसर प्रदान गर्नका लागि आयोजना हुने राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता अनुशासित, मर्यादित र व्यवस्थित बनाउन खेलप्रति थप हौसला एवं उत्साह बढाउन राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

१८. विद्यालयलाई अनुशासित र मर्यादित बनाउदै शैक्षिक गुणस्तर तथा शैक्षिक तालिकामा एकरुपता ल्याउन, शैक्षिक क्यालेन्डर निर्माण गर्ने र शैक्षिक सूचना, तथ्याङ्क तथा बुलेटिन प्रकाशन गरी अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त राख्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९. नगरस्तरीय आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा मर्यादित र व्यवस्थित रुपमा सञ्चालन तथा कक्षा १-३) निरन्तर सिकाइ मूल्याङ्कन अभिलेखका लागि आवश्यक व्यवस्था गरिनेछ।

२०. प्रधान अध्यापक बैठक नियमित रुपमा (सामुदायिक, धार्मिक र संस्थागत) गरी निरन्तर विद्यालय अनुगमन निरीक्षणबाट प्राप्त विषयवस्तुलाई पृष्ठपोषणको व्यवस्था मिलाइ शैक्षिक गुणस्तर वृद्विको कार्यलाई निरन्तरता दिइनेछ।

२१. शिक्षकको क्षमता अभिवृद्धि गरी शैक्षिक तथा प्रशासनिक र लेखा प्रणालीको गुणस्तर कायम गरी विद्यालयको पारदर्शिता, उत्तरदायित्व तथा जवाफदेहीता वहन हुन सक्ने बनाउनका लागि IEMIS तालिम (सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरु, प्रारम्भिक कक्षा (१-३) पढाउने शिक्षक, विषय शिक्षक तालिम (गणित, विज्ञान, भाषा, स्थानीय विषय, सबै सामुदायिक विद्यालयका प्रधानाध्यापक र लेखापालहरुका लागि पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछासम्पूर्ण शिक्षक तथा कर्मचारी मार्फत सबै विद्यार्थीहरुलाई योग र ध्यानको माध्यमबाट स्वजागरण अभियान सञ्चालन गरिनेछ।

२२. सिकाईलाई व्यवहारिक र रोचक बनाउन सामुदायिक विद्यालयमा लक्षित संगीत कक्षा व्यवस्थापन र संगीत

सामग्री, विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन, निरन्तर सिकाई चौतारी अन्तर्गतका कार्यक्रमलाई थप प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ।

२३. विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार, शैक्षिक गुणस्तरमा सुधारका कार्यक्रम, फोटोकपि मेशिन, इन्भर्टर जडान गर्ने र खुला तथा अनौपचारिक शिक्षा शिक्षण सिकाइ सहयोगको लागि सामुदायिक सिकाइ केन्द्रमा आवश्यक व्यवस्था गरिनेछ।

२४. प्रजातन्त्र दिवस, शिक्षा दिवस र बाल दिवसको अवसरमा शिक्षण सिकाइमा शिक्षक तथा विद्यार्थीमा उच्च मनोबल राख्न कार्यक्रम गर्न र उत्कृष्ट विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान कार्यक्रम गरिनेछ।

२५. सामुदायिक विद्यालयहरुमा उपलब्ध गराइदै आएको खाजा खर्च अत्यन्त न्यून भएको महशुस गरी बालबालिकालाइ राम्रो खाजाको व्यवस्थापनमा थप मद्दत पुगोस भन्ने उद्देश्य राखी उपलब्ध हुदै आएको खाजामा खर्च नगरपालिकाले केही रकम थप गरी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

२६. शिक्षामा गुणस्तर कायम गर्न आगामी दिनमा शिक्षामा सहज पहुँच नीतिलाई अवलम्बन गरी निर्माण भएको नगर शिक्षा रणनीतिक कार्ययोजनालाई कार्यान्वयन गरिनेछ।

२७. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्दि गर्नका लागि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी एवम् आभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

नगरसभाका सदस्यहरु:

२८. कर प्रणालीमा सुधार गर्दै प्रगतिशील कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२९. नगर भित्रका सरकारी, अर्ध सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुको नाममा रहेको घरजग्गामा लाग्ने सम्पत्तिकर, भूमिकर तथा सेवाशुल्क असुलीमा पहल गरिनेछ।

३०. फर्म, व्यवसायिक प्रतिष्ठानमा स्थलगत रुपमा कर्मचारी खटाई बजार अनुगमन, फर्म तथा व्यवसाय दर्ता, नवीकरण र अध्यावधिक जस्ता कार्यलाई "कर सहभागिता अभियान" मार्फत निरन्तरता दिईनेछ। यसका लागि कम्तिमा एक पटक घुम्ति शिविर संचालन गरी स्थलगत कर संकलन कार्यक्रम संचालन गरिनेछ।

३१. करका दरलाई यथावत राखि नगरभित्र संचालनमा रहेका सबै उद्योग, व्यवसायहरुलाई करको दायरामा आवद्ध गरिनेछ। यसका लागि सबै प्रकारका व्यवसायहरुलाई सूचिकृत गरी तथ्याङ्क व्यवस्थित गरिनेछ। कर सहभागिता अभियान मार्फत करको दायरामा आउन नसकेका र विगतदेखि लामो अवधि सम्म व्यवसायकरमा बक्यौता रही अध्यावधिक हुन नसकेका करदातालाई छुट स्किमको माध्यमबाट अध्यावधिक गराउने खालका कार्यक्रम समावेश गरिनेछ।

३२. No Tax: No Pay, No pay: No Service अभियानलाई निरन्तरता दिईनेछ। जसमा नगरपालिकालाई कुनै प्रकारको कर, शुल्क वा रकम तिर्न बुझाउन बाँकी रहेका व्यक्ति वा संस्थालाई उक्त रकम असुल नभए सम्म नगरपालिकाबाट भुक्तानी नगर्ने साथै नगरपालिकालाई कुनै प्रकारको कर, शुल्क वा रकम बुझाउन बाँकी रहेका व्यक्ति/फर्म/संस्था/प्रतिष्ठान/निकाय आदिलाई नगरपालिका तथा वडाबाट उपलब्ध हुने सेवा समेत उक्त रकम भुक्तानी नहुँदा सम्म रोक लगाउने नीति अवलम्बन गरिनेछ।

३३. राजस्व प्रशासनलाई चुस्त बनाउदै कर संकलनमा खटिने कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम तथा स्रोत साधन उपलब्ध गरिनेछ। बढी राजस्व संकलन हुने र जनसंख्या धेरै भएका वडामा राजस्व संकलनको लागि थप जनशक्तिको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त बनाइनेछ। कर संकलनमा उल्लेखनीय भूमिका खेल्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

३४. हालको SUTRA राजस्व मोड्युलमा अत्याधिक प्राविधिक समस्या देखिएको र यसबाट समयमा सेवा प्रवाह हुन नसकेको गुनासो अत्याधिक रहेकोले प्रणाली सुधारका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्नुको साथै विद्युतीय माध्यमबाट कर तिर्ने प्रणाली सुदृढिकरण गरी राजस्व संकलनलाई Faceless बनाइनेछ। यसका लागि Tax Billing को लागि आवश्यक अध्ययन तथा पूर्वाधार तयारी गरिनेछ।

३५. विद्युतीय भुक्तानी (E-Payment) को लागि सेवा प्रदायक संस्थाहरुसंगको सहकार्यमा घरबाटै भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ।

३६. नगरपालिकाको आन्तरिक राजस्व परिचालन क्षमता अभिवृद्धि गर्न, राजस्व अधिकारका सम्भावनाहरु खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालन गर्न आवश्यक नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउनुको साथै आन्तरिक आयको वैज्ञानिक प्रक्षेपणका लागि आगामी आर्थिक वर्षमा स्थानीय आर्थिक सर्वेक्षण तर्जुमा गरिनेछ।

३७. स्थानीय करदाता सम्मान कार्यक्रम मार्फत नियमित र धेरै कर तिर्ने करदातालाई नगर स्थापना दिवसको अवसरमा सम्मान गर्ने कार्यको निरन्तरता दिईनेछ।

३८. स्थानीय कर प्रशासनसंग सम्बन्धित कानून, कार्यविधि (SOP) तर्जुमा तथा समय सापेक्ष संशोधन, परिमार्जन गरी चुस्त र करदाता मैत्री प्रणाली स्थापनाका लागि आवश्यक स्रोत परिचालन गरिनेछ।

३९. आन्तरिक राजश्व कार्यालय रुपन्देहीको सहकार्य तथा समन्वयमा सो कार्यालयमा दर्ता हुँदै आएको PAN दर्ता आगामी आर्थिक बर्ष देखि यसै नगरपालिकाबाट दर्ता हुने व्यवस्था मिलाइनेछ।

नगरसभाका सदस्यहरु:

४०. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ।

४१. नगरपालिका भित्र रोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन गरिनेछ।

४२. नगरपालिकामा क्रियाशिल तालिम प्रदायक संस्थामा रोजगारदाता र बैंक तथा वित्तीय संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गरी विभिन्न तालिमहरु सञ्चालन गरिनेछ।

४३. रोजगार सेवा केन्द्रलाई केन्द्रबिन्दुमा राखी स्थानीय स्तरमै दिगो रोजगार सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्द्धन सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम स्वीकृति र कार्यान्वयन गरिनेछ।

४४. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरूलाई केवल Cash For Work कार्यक्रममा मात्र सिमित

नगरी नगरपालिकाले सञ्चालन गर्ने विभिन्न सीपमूलक तालिम, उद्यम विकास, कृषि उत्पादन तथा स्वरोजगार कार्यक्रमसँग आबद्ध गरिनेछ।

४५. न्यूनतम १०० दिनको रोजगारी उपलब्ध गराउने गरी कृषि उत्पादन, सामुदायिक पूर्वाधार, सरसफाइ, वृक्षारोपण तथा सार्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

४६. नगरपालिका भित्र आवश्यक सीप तथा श्रम बजारको अध्ययन, Migration Profile, Industrial Survey तथा Returnee Integration Program सञ्चालन गरी वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको सीप तथा अनुभवलाई स्थानीय उत्पादन र उद्यमसँग जोडिनेछ। युवाहरूका लागि Career Guidance, Job Fair तथा रोजगार सूचना कार्यक्रम सञ्चालन गरिनेछ।

४७. रोजगार सेवा केन्द्रलाई प्रविधिमैत्री बनाउँदै श्रम तथा रोजगार सूचना प्रणालीलाई डिजिटल माध्यमसँग आबद्ध गरिनेछ। महिला, दलित, अपांगता भएका व्यक्ति तथा विपन्न वर्गलाई प्राथमिकतामा राखी लक्षित रोजगार तथा उद्यम कार्यक्रम सञ्चालन गरिनेछ। समग्रमा, बेरोजगारलाई अल्पकालीन ज्यालामुखी काम भन्दा दीर्घकालीन सीप, उत्पादन, उद्यम तथा स्वरोजगारतर्फ उन्मुख गराई स्थानीय आर्थिक विकासमा टेवा पुर्‍याउने नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

नगर सभाका सदस्यहरु:

४८. उद्यमशीलता विकास, रोजगारी सिर्जना, पर्यटन प्रवर्द्धन क्षेत्रमा योगदान दिने फर्म तथा उद्योगलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

४९. स्थानीय आर्थिक विकासको क्षेत्र पहिचान गरी उत्पादन र रोजगारी प्रवर्द्धनका लागि निजी क्षेत्रसंगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।

५०. नगरपालिकामा दर्ता हुने रु. १० लाख सम्मको पूँजी भएका प्राइभेट फर्म दर्ताको दर्ता प्रक्रिया सरलीकृत गरी कानून संशोधन मार्फत एकद्वारबाट सरल र एकीकृत सेवा प्रदान गरिनुको साथै महिला, अपाङ्गता भएका, लैङ्गिक अल्पसख्यकको नाममा प्राईभेट फर्म दर्ता गर्दा दर्ता शुल्कमा छुट प्रदान गरिनेछ।

५१. नगरभित्रको आर्थिक विकासको क्षेत्र पहिचान गरी उद्योग तथा व्यवसाय क्षेत्रको एकीकृत तथ्याङ्क तयार गर्न अध्ययन अनुसन्धान गरिनेछ।

५२. स्थानीय करको दायरा विस्तार गर्न व्यवसायकरमा सूचिकृत नभएका उद्योग, व्यवसाय, प्रतिष्ठानहरुलाई अभियान सञ्चालन गरी करको दायरामा ल्याईनेछ। विगतमा लामो समय देखि कर नबुझाएका करदातालाई स्किम मार्फत जरिवाना तथा शुल्कमा निश्चित प्रतिशत छुट दिई दायरा विस्तार गरिनेछ।

५३. नगरपालिकाले दर्ता गरेका र नगरपालिका भित्र सञ्चालनरत सबै उद्योग, फर्म तथा प्रतिष्ठानको अनुगमन गरिनेछ।

नगरसभाका सदस्यहरु:

५४. नगरपालिकामा पर्यटनको प्रवर्द्धन तथा विकासका लागी सम्भाव्य क्षेत्रको पहिचान तथा संरक्षण गरिनेछ।

५५. नगर भित्रका पार्कलाई व्यवस्थित तुल्याई संचालन गरिनुका साथै पर्यटकको मुख्य चहलपहल हुने स्थान चयन गरी पर्यटक सूचना केन्द्र स्थापना गरिनेछ।

५६. पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण, सम्वर्द्धनका लागी पर्यटन क्षेत्रसंग सम्बन्धित संघ, संस्था, निकाय आदिको सहभागितामा पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

५७. पर्यटन प्रबर्द्धनमा विभिन्न संघ संस्थासंगको सहकार्यमा विभिन्न कार्यक्रम गरी पर्यटकीय नगरीको हबको रुपमा विकास गरिनेछ।

नगरसभाका सदस्यहरु:

५८. सहकारी क्षेत्रसंग सम्बन्धित अध्ययन अनुसन्धान तथा सहकारी मार्फत नवप्रवर्तन र रोजगारी सृजनाका कार्यक्रममा साझेदारी गरिनेछ।

५९. सहकारी क्षेत्रमा रहेको लगानी योग्य रकमलाई परिचालन गर्न सहकारी संस्था संगको साझेदारीमा स्टार्टअप, बिउपूँजी तथा सुलभ कर्जा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि नगरपालिकाबाट सीपमुलक तालिम संचालन गर्दा सहकारी संघ/संस्था संग सहकार्य गरी तालिम संचालन गर्नुको साथै शीप सिकेका व्यक्तिलाई सहकारी मार्फत वित्तीय स्रोत उपलब्ध गराइनेछ।

६०. बैक/वित्तीय संस्था र सहकारी मार्फत वित्तीय साक्षरताका कार्यक्रम सञ्चालन गरिनेछ।

६१. सहकारी सम्वद्ध तालिम, गोष्ठी, सिकाई कार्यशाला तथा कार्यक्रम मार्फत संचालक, कर्मचारी र सदस्यबीच सहकारिता प्रवर्द्धन, नेतृत्व विकास, क्षमता अभिवृद्धि हुने खालका कार्यक्रम सञ्चालन गरिनेछ।

६२. कार्यक्षेत्र भित्रका सबै सहकारीको नियमित अनुगमन गरी असल कार्य गर्ने सहकारी संस्थालाई पुरस्कृत गरिनेछ। सहकारीको तथ्याङ्क, लेख, सहकारीका प्रचलित कानून तथा सहकारीका गतिविधिहरु समावेश गरी वार्षिक पत्रिका प्रकाशित गरिनेछ।

६३. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई एक स्थानीय तहमा संचालनमा रहेका समान प्रकृतिका विषयगत सहकारी संस्थामा सिद्धार्थनगर सहकारी सञ्जाल संगको सहकार्यमा दोहरो सदस्यता न्यूनिकरण अभियान संचालन गरिनेछ।

६४. संघीय सरकार, प्रदेश सरकार, अन्य निकाय, सहकारी अभियान तथा प्रारम्भिक सहकारी संस्थाहरु संगको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। सिद्धार्थनगर सहकारी सञ्जाल संगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

६५. सहकारी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरण कार्यक्रम मार्फत नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिईनेछ। आगामी आर्थिक वर्षमा कम्तिमा २ वटा संस्था छनौट गरी नमुना सहकारी विकास कार्यक्रम सञ्चालन गरिनेछ।

६६. समस्याग्रस्त सहकारीहरुको खराब कर्जा तथा ऋण असुली र बचत कर्ताको रकम फिर्ता सम्बन्धमा नगरपालिकाले विशेष पहल गरी खराब कर्जा तथा ऋण असुलीमा सहजीकरण गरिनेछ भने रकम वचत गरेका बचतकर्ताको रकम फिर्ताको लागि आवश्यक पहल गरिनेछ।

नगरसभाका सदस्यहरु,

६७. नेपाल सरकारलले जारी गरेको कार्यप्रकृया पुर्नसंरचना Business Process Re-Engineering : BPR कार्यान्वयन सम्बन्धि मार्गदर्शन २०८३ लाइ कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

६८. नगरपालिकाको सेवा प्रवाहमा प्रभावकारीता ल्याई अभिलेख प्रणालीलाई थप डिजिटल, एकीकृत र नागरिकमैत्री बनाउँदै अनलाइन सेवा, विद्युतीय अभिलेख तथा डिजिटल हस्ताक्षर प्रणालीको विस्तार गरिनेछ।

६९. सुशासन तथा पारदर्शितालाइ मध्यनजर राख्दै नगरपालिकाको योजना, बजेट, खर्च तथा उपलब्धिहरूलाई नियमित रूपमा सार्वजनिक गर्दै सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षणलाई थप प्रभावकारी रुपमा सन्चालन गरिनेछ।

७०. जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यकतामा आधारित तालिम, अध्ययन भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७१. सेवा प्रवाहलाइ उत्कृष्ठ बनाइ कर्मचारीको मनोवल उच्च राखी कार्यसम्पादनमा चुस्त दुरुस्त बनाउन कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।

७२. हेल्पडेक्स मार्फत नागरिकका गुनासो, सुझाव तथा प्रतिक्रियालाई शीघ्र सम्बोधनका लागि एक समिति गठन गरी हेल्प डेस्क तथा विद्युतीय गुनासो व्यवस्थापन प्रणाली प्रभावकारी गरिनेछ।

७३. अन्तर प्रदेश समन्वय कार्यक्रम अन्तर्गत संघ, प्रदेश तथा अन्य स्थानीय तह, निजी क्षेत्र तथा विकास साझेदारहरूसँगको समन्वय र सहकार्यलाई सुदृढ गरी जनचेतना तथा विकासका कार्यक्रमहरूलाइ थप प्रभावकारिताका साथ क्षमता अभिवृद्धि गरिनेछ। सार्वजनिक सेवामा सदाचार, अनुशासन, वित्तीय पारदर्शिता तथा भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

नगर सभाका सदस्यहरु,

७४. बालक्लब तथा बालक्लव संजालहरुको क्षमता विकास, आबद्धता, दर्ता नवीकरण तथा बालबालिकाको क्षमता विकास गर्नका लागि बाल अधिकार समिति गठन गरी कार्यक्रमहरु संचालन गरिनेछ।

७५. बालमैत्री स्थानीय शासन अवलम्बन तथा वालश्रम मुक्त, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री, युवामैत्री र जेष्ठ नागरिकमैत्री घोषणा कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक क्रियाकलापहरू सञ्चालन गरिनेछ।

७६. लक्षित वर्गको क्षमता अभिवृद्धि गरी स्वरोजगार बनी आफ्नो आर्थिक उपार्जनका लागी महिला, बालवालिका, जेष्ठ नागरिक, एकल महिला, मधेशी, आदिवासी, जनजाति, दलित, मुस्लिम, पिछडावर्ग, सिमान्तकृत अपाङ्ग, आर्थिक अवस्था कमजोर भएका आदिलाई लक्षित गरी विशेष कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।

७७. नगरपालिकाको एक्लो प्रयाशबाट मात्र नगरको हरेक क्षेत्रको विकास गर्न सम्भब नहुने हुँदा सामाजिक विकास सम्बन्धमा विद्यमान कानूनले ब्यवस्था गरेका पूर्वाधार विकासका लागि स्थानीय वासिन्दाहरु प्रत्यक्ष सहभागी हुने गरी टोल विकास संस्थाहरु गठन तथा परिचालनमा विशेष जोड दिईनेछ। टोल विकास संस्थाहरुको क्षमता विकासका लागि कार्यक्रमहरु सन्चालन गरिनेछ।

७८. नगरपालिकामा रहेका सामाजिक संघ संस्थाहरुसंग समन्वय गरी सामाजिक क्रियाकलापहरु संचालन गरिनेछ। अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई कार्यक्रमहरु संचालन गर्न पूर्व स्वीकृति दिँदा अनिवार्य रुपमा नगरपालिकामा सूचिकृत गरी नगरपालिका संगको समन्वयमा काम गर्ने व्यवस्था मिलाईनेछ ।

७९. नगरवासीको स्वास्थ्यलाइ ध्यानमा राखी नगरवासीले उपयोग गर्ने दैनिक उपभोग्य बस्तुहरुमा गुणस्तरियता अभिबृद्धि गर्न बजार अनुगमनलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

८०. महिलाहरुलाइ थप उत्साहित गरी स्वंयम उद्यमी बन्नका लागि थप बल पुगोस भनी नगरपालिकाले प्रदान गरेका उद्यमशीलता विकास तालिम लिई उपभोग्य वस्तु उत्पादन गर्ने महिलाहरुलाई थप प्रोत्साहित गर्न स्थापना गरिएको उपप्रमुख कोशेली घरलाई थप परिस्कृत र प्रभावकारी बनाईनेछ ।

८१. यस नगरका कुनै पनि नगरवासी रोजगार विहिन हुन नपरोस भनी बेरोजगार युवा तथा महिलाहरुको लागि उद्यमशीलता विकास तथा सीपविकास तालिमको ब्यवस्था गरी स्वरोजगारी तथा उद्यमी बनाउने कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ ।

८२. लक्षीत वर्गलाइ मध्यनजर राखी गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, हिंसा पिडित लैङ्गिक तथा यौनिक अल्पसंख्यक र बञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

नगरसभाका सदस्यहरु,

८३. सबैधानिक अधिकारको प्रयोग गरी नगरवासीलाइ न्यायिक समिति मार्फत प्रदान गरिने न्यायिक सेवाको पहुँच, गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गरिनेछ।न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवादहरूको मेलमिलाप पद्धति मार्फत हुने समाधानलाई प्राथमिकता दिई सामाजिक सद्भाव कायम गरिनेछ। विवादलाइ मेलमिलाप पद्धतिबाट प्रभावकारी रुपमा सन्चालन गर्नको लागी यस नगरपालिकामा रहेका मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्न पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

८४. नगरपालिकामा न्यायिक समिति मार्फत हुने कार्यक्रमहरुलाइ विद्यार्थीसंग सहज पहुँचका लागी न्यायिक समितिसँग विद्यार्थी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८५. न्यायिक समिति, मेलमिलाप केन्द्र तथा सरोकारवाला निकायबीच समन्वय र सहकार्य अभिवृद्धि गरी न्यायिक सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीय न्याय प्रणाली, मेलमिलाप तथा कानुनी अधिकार सम्बन्धी जानकारी दिने उद्देश्यबाट न्यायिक समितिका असल अभ्यास, उपलब्धि तथा कार्यसम्पादन सम्बन्धी वृत्तचित्र (डकुमेन्ट्री) निर्माण गरिनेछ ।

नगरसभाका सदस्यहरु,

८६. "समावेशी, सुरक्षित र समान अवसरयुक्त सिद्धार्थनगर" निर्माणका लागि महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडी परेका वर्गको सशक्तीकरणलाई प्राथमिकता दिइनेछ ।

८७. बेइजिङ्ग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरू तथा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा पारित प्रस्ताव नम्बर

१३२५ र १८२० का प्रावधानहरुबारे स्थानीय सरकारका पदाधिकारीहरू तथा कर्मचारीहरूलाई जानकारी दिन अभिमुखीकरण गरिनेछ ।

८८. लैङ्गिक समानता, अपाङ्गता, तथा सामाजिक समावेशीकरण (GEDSI) लाई नगरपालिकाबाट सञ्चालन हुने सबै योजना, कार्यक्रम तथा बजेट प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

८९. बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बालविवाह, बालश्रम, बालहिंसा, बाल बेचबिखन तथा विद्यालय छोड्ने प्रवृत्ति न्यूनीकरणका लागि सचेतना तथा निगरानी कार्यक्रम सञ्चालन गरिनेछ ।

९०. महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकार लगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्टसंघ तथा अन्तरर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

९१. नगरभित्र जोखिममा रहेका तथा संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान, संरक्षण, परामर्श तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणको अन्त्य गरिनेछ, साथै कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा निवारणको लागि ऐन, कानुनका विषयमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अनुशिक्षण गरिनेछ ।

९३. हिंसामा परेका महिला तथा बालबालिकालाई मनोसामाजिक परामर्श, कानुनी सहायता तथा आवश्यक संरक्षण सेवा उपलब्ध गराउने कर्यक्रम सन्चालन गरिनेछ ।

९४. यस नगरलाइ जेष्ठ नागरिक मैत्री बनाउनका लागि ज्येष्ठ नागरिकको हक, हित र अधिकारको लागि नगरक्षेत्रमा रहेका ज्येष्ठ नागरिकहरुलाई संगठित गरी ज्येष्ठ नागरिकको सम्मान, संरक्षण तथा सक्रिय सहभागिताका लागि ज्येष्ठ नागरिकमैत्री नगर बनाइनेछ साथै ज्येष्ठ नागरिकहरुलाई भेटघाटका लागि ज्येष्ठ नागरिक मिलन केन्द्र (डे केयर) स्थापना गरी ज्येष्ठ नागरिकका ज्ञान, सीप र अनुभवलाई समुदाय विकासमा उपयोग गर्न अन्तरपुस्ता संवाद तथा सम्मान लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९५. अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास, स्वरोजगार तथा सहायक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९६. खुला सीमा क्षेत्रको विशेष संवेदनशीलतालाई मध्यनजर गर्दै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. महिला, बालबालिका तथा समाजकल्याण क्षेत्रका कार्यक्रमलाई दिगो विकास लक्ष्य (SDGs) तथा नेपालको राष्ट्रिय नीतिसँग आबद्ध गर्दै परिणाममुखी रूपमा कार्यान्वयन गरिनेछ ।

९८. यौनिक तथा अल्पसंख्यक समुदायको जिवनस्तर उकास्नका लागि यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको अधिकार तथा समावेशीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

नगरसभाका सदस्यहरु:

९९. वैदेशिक रोजगारीमा जान चाहने नागरिकहरूलाई सही, भरपर्दो र समयसापेक्ष सूचना प्रवाह गर्न स्थानीयस्तरमा सूचना केन्द्रको क्षमता विकास गरी सूचनाको पहुँचलाई समुदाय स्तरसम्म पुर्‍याइनेछ।

१००. विप्रेषण (Remittance) को सही सदुपयोग, बचत गर्ने बानीको विकास र उद्यमशीलताका लागि आप्रवासी परिवारहरूलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ साथै वैदेशिक रोजगारीबाट फर्किएकाहरूको ज्ञान, सीप र पूँजीलाई स्थानीय उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ।

नगरसभाका सदस्यहरु:

१०१. कृषि हाटबजारको बहुउद्देश्यीय भवन A Block मा छरिएर रहेका कृषकहरुलाई व्यवस्थित रुपमा स्थानान्तरण गराई सकिएकोमा आगामी २०८३ श्रावण १ गतेदेखि सशुल्क सहित अझ व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक कानूनको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१०२. कृषि हाटबजारको बहुउद्देश्यीय भवन B Block, भैरहवा मल्टीस्पोर्ट कवर्डहल निर्माणको चरणमा रहेको साथै सिद्धार्थनगर नगरपालिकाको गौरवको आयोजना अन्तर्गत बजेटको सुनिश्चितता गरिनेछ।

१०३. नेपाल सरकार तथा एशियाली विकास बैंक अन्तर्गत Urban Resilience Livelihood Improvement Project (URLIP) कार्यक्रमबाट यस नगरपालिकामा सडक निर्माण, फुटपाथ निर्माण, डण्डा कोरिडोर लगायतको कार्यक्रम अन्तर्गत २६ वटा सडक लगायतका कार्य सञ्चालन हुनुपर्नेमा हाल ८ वटा सडक निर्माणाधीन अवस्थामा रहेको र बाँकी कार्य तोकिएको समय सीमा भित्र सम्पन्न गरिनेछ।

१०४. सिद्धार्थनगरलाई व्यविस्थत रुपमा सन्चालन गर्नको लागि निर्माण भएको मध्यकालीन खर्च संरचना तथा आयोजना बैंक अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०५. सडक कालोपत्रे गर्दा सडकका प्रारम्भिक संरचनाहरु तयार गरेर मात्र कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०६. सडक, नाली, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा प्राथमिकता र औचित्यताका आधारमा निर्माण गरिनेछ।

१०७. नगरपालिकाको दिर्घकालिन भिजन नारालाइ साकार पार्नका लागि विभिन्न कार्यक्रमहरु राखी नगरसौन्दर्यकरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ। विद्युत, इन्टरनेटका तार व्यवस्थित गर्ने लगायतका शहरी सौन्दर्यकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०८. वडा तथा नगरमा सञ्चालन हुने कार्यक्रमहरु प्रचलित कानून वमोजिमको अनुगमन समितिबाट अनुगमन गरी प्रभावकारी बनाइनेछ। स्थानीय तहको वार्षिक बजेट तथा योजना तर्जुमा कार्यविधि बमोजिम गठन हुने वडास्तरीय अनुगमन समितिको नियमित बैठक बसी वडामा संचालन भएका सम्पूर्ण योजनाको समिक्षा गरिनेछ र सञ्चालित योजनाहरुलाई प्रभावकारी बनाइनेछ।

१०९. विकास निर्माण कार्यमा साना टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै ठूला र दिर्घकालिन बहुबर्षिय योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ।

११०. नगरपालिकाको लागत साझेदारीमा हुने योजनाहरुमा म्याचिङ्ग फण्ड राख्नु पर्ने योजनाहरुमा आवश्यक बजेट ब्यवस्थापन गरिनेछ।

१११. सडक पार्किँङलाइ व्यवस्थित गर्नका लागि नगरपालिकाको नयाँ प्रशासनिक भवन तथा नगरपालिकाको स्वामित्वमा रहेका कृषि हाटबजारमा रहेका भवनहरुमा रहेको अन्डरग्राउण्ड पार्किङ्गलाई उपयोगमा ल्याउने नीति अवलम्बन गरिनेछ।

११२. चालु आर्थिक बर्षमा निर्माण सम्पन्न हुन बाँकी योजनाहरुलाइ क्रमागत योजनाहरुको रुपमा लगि सो सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

११३. उज्यालो सिद्धार्थनगर बनाउने उद्धेश्यले Street Light जडान कार्यलाई निरन्तरता दिईनेछ।

११४. सिद्धार्थनगर नगरक्षेत्र भित्र विकास निर्माण अन्तर्गत साना तिना भैपरी आउने कार्यलाई तत्काल सम्बोधन गरी समस्या समाधान गर्न तर्फ आवश्यक बजेटको सुनिश्चितता गरिन्छ।

११५. सिद्धार्थनगर नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि पूर्वाधार निर्माणतर्फ आवश्यक बजेटको सुनिश्चितता गरिनेछ।

११६. नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा अतिक्रमित प्रति जग्गाको संरक्षण गरिनेछ।

नगरसभाका सदस्यहरु:

११७. भवन निर्माण अनुमति तथा घरनक्सा स्वीकृति प्रक्रियालाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन Electronic Building Permit System (E-BPS) को प्रभावकारी कार्यान्वयन तथा डिजिटल सेवा प्रवाहलाई सुदृढ गरिनेछ।

११८. नेपाल राष्ट्रिय भवन संहिता, प्रचलित भवन निर्माण मापदण्ड तथा शहरी विकाससम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन मार्फत सुरक्षित, व्यवस्थित, भूकम्प प्रतिरोधी तथा दिगो भवन निर्माणलाई प्रवर्द्धन गरिनेछ।

११९. निर्माणाधीन तथा सम्पन्न भवनहरूको नियमित प्राविधिक अनुगमन, निरीक्षण तथा अभिलेख व्यवस्थापनलाई सुदृढ गर्दै स्वीकृत नक्सा तथा मापदण्ड विपरीत हुने निर्माण कार्यलाई नियमन गरी सुशासन र सेवा गुणस्तर अभिवृद्धि गरिनेछ।

नगरसभाका सदस्यहरु:

१२०. स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन रणनितिक कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यन्वयनका लागि वडा स्तरीय विपद् व्यवस्थापन समितिहरु गठन गरि परिचालन गरिनेछ। विपद् व्यवस्थापनको लागि विभिन्न जनचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। विपद परेकालाई तत्काल उद्धार, राहत र अन्य सहयोगका कार्यक्रमहरु सञ्चालन गरिनेछ। सबै प्रकारका विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ।

१२१. विपद् पूर्वसूचना प्रणाली (Early Warning System) को विस्तार गरी जोखिमयुक्त क्षेत्रहरुमा सूचना प्रवाह प्रणाली सुदृढ गरिनेछ। नेपाल रेडक्रस सोसाइटी सँगको सहकार्यमा तातो हावा लहर (लु) र शितलहर प्रतिकार्य योजना कार्यान्वयन गरिनेछ। स्थानीय विपद प्रतिकार्य योजना बमोजिमका अन्य कार्यहरु सञ्चालन गरिनेछ।

१२२. नगरपालिकाको कृषि क्षेत्र भएका स्थानहरुमा जङ्गली जनवारहरुको आतङ्कलाई रोकथाम गर्नको लागी आवश्यक स्थानहरुमा तारजाली लगाउने प्रबन्ध मिलाउनेछ।

१२३. यस नगरमा आइपर्ने विपदबाट बच्नका लागि विपद प्रतिकार्यको लागि Red Cross को सहयोगमा Ware House निर्माण गरिनेछ।

१२४. नगरपालिका क्षेत्रभित्रका साँघुरा गल्ली तथा बारुणयन्त्र पुग्न कठिन हुने स्थानहरूमा आगलागी नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरणलाई प्रभावकारी बनाउन आवश्यक उपकरणसहितको अग्नि नियन्त्रण मोटरसाइकल (Fire Response Motorcycle) व्यवस्था गरी तत्काल उद्धार तथा प्रारम्भिक आगो नियन्त्रण सेवाको विस्तार गरिनेछ। यसबाट आगलागीका घटनामा शीघ्र प्रतिक्रिया जनाई जनधनको क्षति न्यूनिकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

आज प्रस्तुत गरिएको नीति तथा कार्यक्रम केवल वार्षिक योजना तथा कार्यक्रमहरूको सङ्कलन मात्र नभई समृद्ध, व्यवस्थित, सुशासित, सुरक्षित र दिगो सिद्धार्थनगर निर्माण गर्ने साझा संकल्पको मार्गचित्र हो। यसमा नगरवासीका आवश्यकता, जनप्रतिनिधिहरूका सुझाव, सरोकारवालाहरूको अपेक्षा तथा संविधान र स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका जिम्मेवारीहरूलाई आत्मसात गरिएको छ।

हामीले आगामी आर्थिक वर्षमा सुशासन, पारदर्शिता, सेवा प्रवाहको प्रभावकारिता, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन, रोजगार प्रवर्द्धन तथा सामाजिक न्यायका क्षेत्रमा विशेष प्राथमिकता दिएका छौं। सीमित स्रोत र साधनका बाबजुद जनअपेक्षालाई सम्बोधन गर्दै नगरको समग्र विकासमा केन्द्रित रहने हाम्रो दृढ प्रतिबद्धता रहेको छ। यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि नगरसभाका सम्पूर्ण सदस्यज्यूहरू, राजनीतिक दलहरू, नीजि क्षेत्र, नागरिक समाज, सञ्चार जगत्, विकास साझेदार तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहयोग र सहभागिता अपरिहार्य रहेको छ। विकास र समृद्धिको यात्रामा हामी सबै एकताबद्ध भएर अघि बढ्न आवश्यक छ। नीति तथा कार्यक्रमलाई अझ प्रभावकारी, व्यवहारिक र जनमुखी बनाउन यहाँहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, सल्लाह तथा मार्गदर्शनलाई नगरपालिकाले उच्च सम्मानका साथ ग्रहण गर्ने विश्वास दिलाउन चाहन्छु।

अन्त्यमा, सिद्धार्थनगर नगरपालिकाको समग्र विकास, सुशासनको प्रवर्द्धन तथा नगरवासीको जीवनस्तर उकास्ने हाम्रो साझा अभियानमा निरन्तर सहयोग पुर्‍याउनुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, सञ्चारकर्मी तथा नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु। यही शुभेच्छासहित प्रस्तुत नीति तथा कार्यक्रममाथि गहन छलफल, सुझाव तथा रचनात्मक सहभागिताका लागि सम्पूर्ण नगरसभा सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्दै यो नीति तथा कार्यक्रम यही समाप्त गर्दछु।

इश्तियाक अहमद खाँ
नगर प्रमुख

सिद्धार्थनगर नगरपालिका, रूपन्देही
सिद्धार्थनगर नगरपालिका, नगर सभाको २० औं अधिवेशनमा नगर उपप्रमुखबाट प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

सभाध्यक्ष महोदय,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर सभाका सम्पूर्ण सदस्यज्यूहरू,
विभिन्न शाखाका प्रमुख तथा कर्मचारी मित्रहरू,
सञ्चारकर्मी मित्रहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

आज यस गरिमामय नगर सभामा सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु।

यस ऐतिहासिक अवसरमा नेपालको संविधान, लोकतन्त्र र संघीय शासन प्रणाली स्थापना गर्ने क्रममा आफ्नो अमूल्य योगदान दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो। नागरिकका दैनिक आवश्यकता, विकासका आकांक्षा र समृद्धिको यात्रालाई प्रत्यक्ष सम्बोधन गर्ने जिम्मेवारी स्थानीय तहको काँधमा रहेको छ। यही जिम्मेवारीलाई आत्मसात गर्दै सिद्धार्थनगर नगरपालिकाले "समृद्ध सिद्धार्थनगर, सुखी र आत्मनिर्भर नगरवासी" को लक्ष्य सहित आगामी आर्थिक वर्षको बजेट तयार गरेको छ।

१. सिद्धार्थनगरको विकासको आधार र सम्भावना

सभाध्यक्ष महोदय,

सिद्धार्थनगर नगरपालिका केवल एउटा स्थानीय तह मात्र होइन, यो नेपालको आर्थिक, धार्मिक, सांस्कृतिक,पर्यटकीय तथा अन्तर्राष्ट्रिय सम्पर्कको महत्वपूर्ण केन्द्र हो।

भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वार, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सेवा क्षेत्र, नेपाल-भारत व्यापारिक सम्बन्धको प्रमुख केन्द्र तथा रुपन्देही जिल्लाको आर्थिक गतिविधिको केन्द्रका रूपमा सिद्धार्थनगरको विशिष्ट पहिचान रहेको छ। यस नगरमा व्यापार तथा वाणिज्यको उच्च सम्भावना, पर्यटन विकासको अपार अवसर, उद्योग तथा सेवा क्षेत्र विस्तारको सम्भावना, शिक्षा तथा स्वास्थ्य सेवाको केन्द्र बन्ने क्षमता विस्तारको अवसर रहेको छ।

तर तीव्र शहरीकरणसँगै व्यवस्थित पूर्वाधारको आवश्यकता, सडक तथा ढल व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण, रोजगारी सिर्जना, गुणस्तरीय सार्वजनिक सेवा जस्ता चुनौतीहरू पनि रहेका छन्।

आर्थिक वर्ष २०८३/८४ को बजेटले यिनै अवसर र चुनौतीलाई केन्द्रमा राखेको छ।

२. बजेट तर्जुमाका प्रमुख आधार

आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, नगरको आवधिक योजना, विगतका योजना तथा कार्यक्रमको समीक्षा, नगरवासी, वडा समिति र सरोकारवालाबाट प्राप्त सुझाव लाई आधारको रुपमा अवलम्बन गरिएको छ।

३. बजेटका प्रमुख उद्देश्य

आर्थिक वर्ष २०८३/८४ को बजेटका प्रमुख उद्देश्यहरू निम्न रहेका छन्:

(क) सिद्धार्थनगरलाई व्यवस्थित, आधुनिक र लगानीमैत्री शहरका रूपमा विकास गर्ने।
(ख) स्थानीय अर्थतन्त्र विस्तार गरी उत्पादन, उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।
(ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सेवाको सुनिश्चितता गर्ने।
(घ) पर्यटन, व्यापार र उद्योग क्षेत्रलाई आर्थिक विकासको आधार बनाउने।
(ङ) डिजिटल प्रविधिमा आधारित पारदर्शी र प्रभावकारी सेवा प्रवाह गर्ने।
(च) स्वच्छ, हरित र वातावरणमैत्री नगर निर्माण गर्ने।

४. बजेटको आकार

सभाध्यक्ष महोदय,

चालु आर्थिक वर्ष २०८२/८३ को जम्मा बजेट रु. १ अर्व ४२ करोड ७७ लाख ३० हजार मध्ये हालसम्म १ अर्व १३ करोड २५ लाख आम्दानी भई ७४ करोड ६८ लाख ३३ हजार खर्च भएको छ।

अब म आर्थिक वर्ष २०८३/८४ का लागि सिद्धार्थनगर नगरपालिकाको बजेट पेश गर्दछु:

आर्थिक वर्ष २०८३/८४ को कुल बजेट रु.१ अर्ब ५६ करोड २ लाख ५५ हजार रहेको छ।जसमध्ये आन्तरिक राजस्व तर्फ रु. २१ करोड, संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रु.१७ करोड ८२ लाख, सशर्त अनुदान रु.७८ करोड ७४ लाख, संघीय राजस्व बाँडफाँड रु.११ करोड ७४ लाख ५६हजार प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान रु.१ करोड २६ लाख ७३ हजार, ससर्त अनुदान रु१ करोड ८३ लाख तथा प्रदेश राजस्व बाँडफाँड रु.१ करोड ८८ लाख २६ हजार, घरजग्गा रजिष्ट्रेशन शुल्क बापत प्राप्त हुने रकम ७ करोड, क्रमागत योजना तथा खर्च नभइ बचत हुने रकम रु.१२ करोड ४ लाख, संघीय समपुरक अनुदान रु.३० लाख, संघीय विशेष अनुदान रु.१ करोड, प्रदेश समपुरक अनुदान रु.१ करोड २० लाख, प्रदेश विशेष अनुदान रु.२० लाख बाट बजेटका श्रोतहरु निर्धारण गरिएको छ। नगरपालिकाको वित्तीय आत्मनिर्भरता अभिवृद्धि गर्न आन्तरिक राजस्व परिचालन, कर प्रणाली सुधार र स्रोत विस्तारलाई विशेष प्राथमिकता दिइएको छ।

५. बजेटका प्रमुख प्राथमिकता क्षेत्र

५.१ पूर्वाधार विकास

सभाध्यक्ष महोदय,

विकासको आधारभूत पूर्वशर्त गुणस्तरीय पूर्वाधार हो। यस आर्थिक वर्षमा सडक, नाला, ढल, सार्वजनिक संरचना र शहरी व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ।

यस अन्तर्गत नगरका प्राथमिक तथा सहायक सडक सुधार, कालोपत्रे तथा स्तरोन्नति, नाला ,ढल तथा वर्षात् पानी व्यवस्थापन, सार्वजनिक स्थल सौन्दर्यीकरण, पार्क तथा हरित क्षेत्र विकास, वडा तहका आवश्यक पूर्वाधार निर्माणकार्यलाई अगाडि बढाइनेछ।

नगरलाई व्यवस्थित शहरी केन्द्रका रूपमा विकास गर्न पूर्वाधार निर्माणलाई योजना, मापदण्ड र दीर्घकालीन सोचका आधारमा सञ्चालन गरिनेछ।

- फोहोरमैला व्यवस्थापनका लागि प्रदेश सरकार बाट प्राप्त हुने समपुरक अनुदान रु.१ करोड २० लाख र नगरपालिका को साझेदारी रकम रु.१ करोड ८० लाख गरि जम्मा रु.३ करोड बाट फोहोरमैला व्यवस्थापन आयोजना संचालन र आवश्यक इक्विपमेन्ट खरिद कार्य गरिनेछ।
- नगरको एकीकृत शहरी विकास योजनाका आधारमा पूर्वाधार तर्फका कार्यक्रमहरु संचालन हुनेछन्।नगरको दीर्घकालीन महत्व राख्ने डण्डा कोरिडोर लगायत मझौला तथा ठूला आयोजना संचालन गर्न संघीय सरकार, प्रदेश सरकार तथा स्वदेशी/विदेशी दातृ निकायहरूसँग सहकार्य गरिनेछ।
- नगरमा हाल कार्यान्वयनका क्रममा रहेका क्रमागत तथा बहुवर्षीय योजनाहरु सम्पन्न गर्नका लागि कुल रु.१२ करोड ४ लाख विनियोजन गरिएको छ।
- कार्यपालिका सदस्यहरुको समन्वयमा संचालन हुने योजना तथा कार्यक्रमको लागि रु.४० लाख बजेट विनियोजन गरिएको छ।
- नगरपालिका भित्र जिर्ण भएका सडकहरु ग्राभेल तथा बेसकोर्स निर्माणका लागि रु.१५ लाख विनियोजन गरिएको छ। साथै मर्मत सम्भार कोषबाट विभिन्न पुर्वाधार मर्मतका लागि रु.१५ लाख विनियोजन गरिएको छ।
- नगरपालिकाको प्रशासकीय भवन भौतिक पुर्वाधार निर्माण सम्पन्न गर्न संघीय समपुरक अनुदानबाट प्राप्त हुने रु.३० लाख र नगरपालिकाको साझेदारी रु.७० लाख गरी जम्मा रु.१ करोड विनियोजन गरिएको छ।
- नगरपालिकाको विभिन्न सडकहरूमा सडक बत्ती व्यवस्थापनका गर्न आवश्यक विद्युत सामग्री खरीदका लागि रू.३०लाख विनियोजन गरिएको छ।
- सिद्धार्थनगर नगरपालिका भित्र सहज स्वास्थ्य सेवा प्रदान गर्न एम्बुलेन्स खरिद कार्यका लागी रु २८ लाख विनियोजन गरिएको छ।
- बुद्ध चोक स्थित राष्ट्रिय झन्डा निर्माण कार्यका लागि रु ९ लाख ५० हजार विनियोजन गरिएको छ।
- वडा न ६ स्थित दुर्गा कोलोनी बुद्ध मार्ग राजु न्यौपानेको घर हुदै सडक पुर्वाधार निर्माण कार्यका लागि रु २१ लाख विनियोजन गरिएको छ।
- देवकोटा चोक सहित Overhead Pedestrian Bridge मा Truss निर्माण कार्यका लागि रु २० लाख ५० हजार विनियोजन गरिएको छ।
- वडा न ४ स्थित दुर्गा पथ सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यका लागि २५ लाख विनियोजन गरिएको छ।
- वडा न १० स्थित हनुमान मन्दिर पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यका लागि २५ लाख विनियोजन गरिएको छ।

- वडा न ९ स्थित गोदार इन्जीनियररिंगको छेउको सडक पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यका लागि २० लाख ५० हजार विनियोजन गरिएको छ।

- अन्चलपुर स्थित स्वागतद्वार पूर्वाधार निर्माण कार्यका लागि रु२२ लाख विनियोजन गरिएको छ।

- संघ र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट नगरपालिका क्षेत्र भित्रका स–साना गल्ली, नाला र सडकको स्तरउन्नती गर्नका लागि प्राप्त रकम सम्बन्धित योजनामा खर्च गरिनेछ।

- वडा नं १ लुम्बिनी खुकुरी क्लबलाइ जिन्सी सामग्री खरिदको लागि रु.२ लाख, बेलहिया अधुरो निर्माणमा रहेको मस्जिद निर्माणको लागि रु.१५ लाख, कृषि सिचाइको लागि बोरिंग रु.५ लाख ,बेलहिया कोटाहीमाइ मन्दिर देखि सेज़ सम्म को नाला को ढक्कन मर्मत कार्य रु.१ लाख, रानीगाउ स्थित अधुरो निर्माण अवस्थामा रहेको मदरसा अरबिया अहले सुन्नत गौसिया नुरुल वोलुममा आवस्यक भौतिक पुर्वाधार बजेट रु.५ लाख, बेलहिया मा.बि मा शौचालय निर्माण कार्य रु.१० लाख, सौकतको घर देखि सिद्धार्थ राजमार्ग सम्म नाला निर्माण कार्य रु.१६ लाख ५० हजार ,भैरब कप दोस्रो फुटबल प्रतियोगिता रु.१ लाख ,बुद्धपथ चोक बाट हिरा चौधरीको घर सम्म नालाको ढक्कन र बाटो निर्माण रु.३ लाख ,रानी गाउ श्याम गुरुङको घर देखि आशा गुरुङको घर सम्म rcc बाटो निर्माण कार्य रु.३ लाख ,सकुनी पथ वरुणको घर देखि सरोज चन्द ठकुरीको घर सम्म बाटो निर्माण कार्य रु.५ लाख, बेलहिया मदरसामा बोरींग जडान कार्य रु.५ लाख बजेट विनियोजन गरिएको छ।

- वडा नं. २ मेउडीहवा दहरचण्डी पथ दिनेश गुप्ताको घर देखि rcc सडक निर्माण कार्य रु.५ लाख, G.C पथको बाटो तथा नाला निर्माण कार्य रु.३ लाख,वडा न २ प्रहरी कार्यालयको व्यवस्थापनको लागि जिन्सी सामग्री तथा एसी खरिद कार्य रु.२ लाख,अमरज्योति स्कुलको छेउमा भएको शाखा सडक पूर्व पट्टि नबिन सिन्धीको घर देखि कमलको घरसम्मको बाटो निर्माण रु.१० लाख विनियोजन गरिएको छ।

- वडा न ३ शकुनी पथको शाखा बाटो अधुरो निर्माणधीन बाटो निर्माण कार्य रु.५ लाख, बसपार्क भित्र रहेको प्रहरी बिट मर्मत कार्य रु.३ लाख, काटागाउ रजा मस्जिद जाने बाटोमा नाला निर्माण कार्य रु.२ लाख,दरखसवा सामुदायिक भवन देखि अरमानको घर सम्मको बाटो निर्माण रु.२ लाख, हजरत अलिको घर देखि सुनिल रायमाझीको घर सम्मको rcc बाटो निर्माण रु.२ लाख ,गौतम बुद्ध पथमा प्रमोदको घर देखि गौतम गुप्ताको घर सम्म स्तरोन्नती कार्य रु.३ लाख विनियोजन गरिएको छ।

- वडा नं ४ sos जाने बाटोको उत्तर तर्फ शाखा सडकमा नाला तथा बाटो निर्माण कार्य रु.५ लाख, समइमाइ पथ अधुरो बाटो निर्माण कार्य रु.३ लाख, कचरिहवा गाउको बाटो ग्रावेल निर्माण रु.१ लाख, समइमाइ मन्दिरमा धर्मशाला निर्माण कार्य रु.३ लाख, समईमाइ पथ मा. सन्तोष पाण्डेको बाउन्ड्रीको छेउ देखि इस्माइलको घर हुदै उद्योगपुरीसम्मको बाटो रु.६ लाख विनियोजन गरिएको छ।

- वडा नं ६ स्थित सलाहुद्दिनको घर जानी बाटो rcc बाटो निर्माण रु.२ लाख,बरकतको घरहुदै जाने गल्लि बाटोमा नाला तथा बाटो मर्मत कार्य रु.१ लाख, पशुपती स्कुलको पछाडी पिंकी जैसवालको घरसम्म ठुलोकुलोको मर्मत कार्य रु.२ लाख, मदरसा जामिया मोहम्मदिया स्कुलमा ट्रस निर्माण कार्य रु.५ लाख, रहमानिय मुसफिर खानाको लागि आवश्यक भौतिक पुर्वाधार बजेट रु.१५ लाख, रहमानिय मुसफिर खानाको बाटो शम्भु बर्माको घर सम्मको बाटो निर्माण रु.६ लाख, सिद्धार्थ पथको नाला तथा बाटो निर्माण रु.५ लाख, मिलिजुली पथको शाखा बाटो ठुलो कुलोको पूर्व पट्टि नाला तथा बाटो निर्माण कार्य रु.३ लाख, शम्भु उपाध्यायको घर देखि मदरसाको पश्चिम नाला

निर्माण तथा ग्रावेल बाटो रु.६ लाख विनियोजन गरिएको छ। दुर्गा कलोनीको शाखा सडक शम्भु पन्तको घर हुँदै जाने बाटो निर्माण कार्यमा रु.१५ लाख विनियोजन गरिएको छ।

- वडा नं ७ कठौतिया मदरसामा गौसिया रिजविया अहले सुन्नत वलुमको सेड निर्माण तथा स्तरउन्नति कार्य रु.५ लाख, भैरहवा गाँउ स्थित रामजानकी मन्दिरको भवनको कोठामाथि ट्रस निर्माण कार्यको लागि आवस्यक बजेट रु.१० लाख बिनियोजन गरिएको छ।

- वडा नं ८ बस्ड़ीलिया इदगाहको स्तरउन्नति कार्य रु.५ लाख, लीलाराम मा.बि. विद्यालयको परिसरको फिल्ड सुधार तथा स्तरोनन्ती कार्य रु.१ लाख ५० हजार, रविपथ दक्षिण तर्फ जाने शाखा बाटो कमलको घर देखि RCC बाटो निर्माण कार्य रु.५ लाख, रबिपथ होटेल पिस नाइटको पूर्व पट्टि शाखा सडक दक्षिण तर्फ कालोपत्रे सडक निर्माण कार्य रु.५ लाख विनियोजन गरिएको छ।

- वडा नं ९ स्वर्गद्वारीघाट गोनाहियाको अधुरो तटबन्द निर्माण कार्य रु.५ लाख, संस्कार पथ बृहस्पति सडकबाट पूर्व अधुरो नाला र ग्रावेल कार्य रु.५ लाख, सिद्धार्थ राजमार्ग बाट गोलिगढ़ ट्राफिक कार्यालय जाने बाटोमा कालोपत्रे बाटो निर्माण कार्य रु.५ लाख, प्रभात पथ देखि भानु मा.बि स्कुल तर्फ जाने अधुरो बाटोमा कालोपत्रे रु.५ लाख विनियोजन गरिएको छ।

- वडा नं १० अधुरो रहेको मदरसा अरबिया अहले सुन्नत नुरुल वलुमको स्तरुन्नती कार्य रु.५ लाख, सिचाइको लागि दोगहरी, शंकरपुर, चोत्की शंकरपुर र बेल्डीयह को लागि कृषि बोरको कार्य रु.५ लाख, खानेपानी को लागि नालका दोगहरी, शंकरपुर, चोत्की शंकरपुर र बेल्डीयहको लागि रु.५ लाख, दोगहरिमा रहेको समईमाइ मन्दिरको स्तरुन्नती कार्य रु.३ लाख, कृषि सडक दोगहरिमा बिधुत पोल जडान रु.१ लाख विनियोजन गरिएको छ।

- वडा नं ११ भुजौली पिप्रहिया छोटकी पिप्रहिया सिस्वा र नौडीहवा को लागि खाने पानी नल्का तथा सिचाइकोलागि बोरिंग रु.५ लाख, भुजौली पिप्रहिया छोटकी पिप्रहिया सिस्वा र नौडीयहावाको लागि खानेपानि नलका रु.५ लाख, सिसवामा रहेको सार्बजनिक जग्गामा धर्मशाला निर्माण कार्य रु.१० लाख विनियोजन गरिएको छ।

- वडा न १३ हाटबजारमा ५० watt को आर्म्स सहित लाइट जडान कार्य रु.२ लाख विनियोजन गरिएको छ।

- वडा न ४ युवा समाज सेवी संस्था द्वारा कुक तालिम रु.२ लाख, नगरको बिभिन्न ठाउमा पानी निकासको लागि ह्युम पाइप खरिद कार्य रु.१ लाख, बिधुत पोल खरिद तथा जडान कार्य रु.१ लाख, सुरक्षित यात्रा नेपाल संस्थाद्वारा गरिने सडक दुर्घटना न्युनिकरण रु.१ लाख, नगरको मुख्य सडकमा पेन्टमर्किंग तथा जेब्रा क्रसिंगको लागि आवस्यक बजेट रु.४ लाख, एकल महिला नेतृतव बिकाशको लागि आवश्यक बजेट रु.१ लाख, सिद्धार्थनगर नगरपालिकाको कार्यालय सुन्दरिकरण कार्य रु.५ लाख विनियोजन गरिएको छ।

- सिद्धार्थनगरको पाँचवर्षको समग्र बिकाश सम्बन्धि वृतचित्र निर्माण कार्य रु.२ लाख ५० हजार, रोट्रयक क्लब अफ लुम्बिनी बुद्धको साझेदारीमा नगरभित्र सुन्दरिकरण कार्यक्रम ५० हजार, विश्व फोटोग्राफीको दिन फोटोवाक कार्यक्रम रु.१ लाख, बिभिन्न वार्डमा रहेका टोल सुधार समितिहरु लाई जिन्सी समान तथा सरसफाईको लागि आवस्यक सामग्री रु.२ लाख, नेपाल बैंक पूर्व कर्मचारी परिवारको लागि जिन्सी सामग्री खरिद रु.८० हजार, भैरब युवा क्लबको लागि रु.५ लाख, सिद्धार्थ ग्रीन सिटि संस्थाको लागि जिन्सी सामग्री खरिद रु.६ लाख, सिद्धार्थ राजमार्गमा पर्ने मुख्य चोकहरुमा बिभिन्न किसिमको एकता सालिक निर्माण कार्य रु.५ लाख विनियोजन गरिएको छ।

- बिद्यार्थीहरु लाइ cyber crime सम्बन्धि सचेतना मुलक कार्यक्रम रु.२ लाख, स्मार्ट इन्नोभेटिव तथा ल्याब निर्माण कार्यक्रम हरेक बिद्यालयमा रु.१० लाख, साइकल सिटि संस्थाको कार्यक्रमको लागि रु.३ लाख, सृजनशील सहितियिक परिषदको लागि रु.१ लाख, तेस्रोलिंगी LGBTQ को सहकार्यमा सचेतनामुलक कार्यक्रम रु.१ लाख, platinum events प्रा.लि.द्वारा डान्सको महाकुम्भ कार्यक्रम रु.१ लाख, ओपन जिमको लागि बजेट रु.५ लाख, अहले सुन्नत जमात अन्जुमन इस्लामिया कमिटि रु.१ लाख ५० हजार, physchological first aid कार्यक्रमको लागि रु.१ लाख ५० हजार, rcc कुर्सि को लागि रु.१ लाख, दरखसवा गाउँ समाजमा आवश्यक पुर्वाधार निर्माण रु.१० लाख विनियोजन गरिएको छ ।क्रियापुत्री भवन भौतिक पुर्वाधार निर्माण रु.८ लाख विनियोजन गरिएको छ ।

- सिद्धार्थनगर नगरपालिका वडा न १ स्थित बेलहिया माध्यमिक विद्यालयमा भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.७ लाख, बहिरा बाल मावि भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.७, वडा न ४ स्थित श्री नवदुर्गा मा वि भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.५ लाख र वडा न १० स्थित श्री सूर्यदेव माविको निर्माणाधिन सभाहल पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु २५ लाख विनियोजन गरिएको छ ।

- सिद्धार्थनगर नगरपालिका वडा न २ स्थित श्री दुर्गा मन्दिर तथा मौलो पूजा समितिलाई भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.२ लाख ,श्री सत्य साई केन्द्र मेउडिहवा भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु २ लाख, वडा न १० स्थित सिनपा ४ को संरक्षणमा रहेको पितृ बिसर्जन स्थल भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्य का लागि रु. १० लाख विनियोजन गरिएको छ ।

- वडा न ११ स्थित कालीमाई मन्दिर पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.५ लाख, छठघाट पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.५ लाख, पिपरहिया गाउँ देखी उत्तर शब् दहा स्थलसम्म पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.२० लाख, वडा न १२ स्थित गणेश कालिका मन्दिर पूर्वाधार निर्माण तथा स्तरोन्नती कार्यका लागि रु ८ लाख विनियोजन गरिएको छ ।

- सिद्धार्थनगर नगरपालिका वडा नं ३ स्थित सिद्धार्थ क्रिकेट रंगशालामा भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.२० लाख, मेडिकल कलेजको छेउको बि एम सि हुदै बिमल रसाइली को घर जाने सडक भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्य का लागि रु.८ लाख विनियोजन गरिएको छ ।

- वडा न ६ स्थित दरवार बैंकेट जाने बाटो स्तरोन्नति, वडा न ९ स्थित बृहस्पति पथ, वडा न ३ स्थित शूर्य पथ र छत्रपति मल्ल पथको भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.१५ लाख विनियोजन गरिएको छ ।

- सिद्धार्थनगर नगरपालिका वडा न ८ स्थित बुद्धशान्ति पथको बाटो भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.११ लाख, सामुदायिक पथ बाटो भौतिक पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.१५लाख विनियोजन गरिएको छ ।

- वडा न १० छठघाट अगाडी निर्माणाधिन सामुदायिक भवन पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु. २५ लाख, स्वास्थ्य चौकी पूर्वाधार निर्माण तथा स्तरोनन्ती कार्यका लागि रु.५ लाख, स्थित विभिन्न सार्वजनिक स्थानमा अटिजन बोरिंग जडान कार्यका लागि रु.१० लाख विनियोजन गरिएको छ ।

५.२ वडा स्तरीय विकास कार्यक्रम

नगरवासीको आवश्यकता सबैभन्दा नजिकबाट पहिचान हुने स्थान वडा हो। स्थानीय प्राथमिकता सम्बोधन गर्न वडा स्तरीय योजनाका लागि रु.१३ करोड ५ लाख २४ हजार विनियोजन गरिएको छ।

वडा नं. १ का लागि रू. १ करोड ९ लाख १५ हजार, वडा नं. २ का लागि रू. ९२ लाख ७९ हजार, वडा नं. ३ का लागि रू. १ करोड ९ लाख ७७ हजार, वडा नं. ४ का लागि रू. १ करोड २ लाख ६३ हजार, वडा नं. ५ का लागि रू. ८१ लाख ४४ हजार, वडा नं. ६ का लागि रू. १ अर्ब १३ लाख ५८ हजार, वडा नं ७ का लागि रू. ९२ लाख ८७ हजार, वडा नं. ८ का लागि रू १ करोड १९ लाख २५ हजार, वडा नं. ९ का लागि रू. १ करोड १५ लाख २३ हजार, वडा नं. १० का लागि रू. ९४ लाख ३ हजार, वडा नं. ११ का लागि रू. ८७ लाख ९० हजार, वडा नं १२ का लागि रू. ९४ लाख २३ हजार र वडा नं १३ का लागि रू. ९२ लाख ३७ हजार विनियोजन गरिएको छ। सो रकम वडाका अत्यावश्यक पूर्वाधारहरु, आर्थिक, सामाजिक, वातावरण र विपद् व्यवस्थापन तथा सुशासन र संस्थागत विकासमा खर्च हुनेछ।

६. आर्थिक विकास, उद्यमशीलता तथा रोजगारी प्रवर्द्धन

सभाध्यक्ष महोदय,

स्थानीय तहको वास्तविक समृद्धि भनेको केवल भौतिक पूर्वाधार निर्माण मात्र नभई स्थानीय अर्थतन्त्रको विस्तार, उत्पादन वृद्धि र रोजगारी सिर्जना हो। यसै दृष्टिकोणका साथ आर्थिक वर्ष २०८३/८४ को बजेटले उत्पादनमुखी, रोजगारी सिर्जनामुखी र लगानीमैत्री अर्थतन्त्र निर्माण लाई प्राथमिकता दिएको छ।

सिद्धार्थनगरको भौगोलिक अवस्थिति, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, बेलहिया नाका, लुम्बिनीको निकटता र व्यापारिक गतिविधिलाई मध्यनजर गर्दै नगरको आर्थिक सम्भावनालाई उपयोग गरिनेछ।यसका लागि देहायका कार्यक्रम सञ्चालन गरिनेछन्:

कृषि तथा पशुपन्छी विकास

सिद्धार्थनगर शहरी क्षेत्र भए पनि नगरभित्र रहेका कृषि क्षेत्र र कृषक परिवारको आर्थिक अवस्था सुधार गर्न कृषि क्षेत्रलाई प्राथमिकता दिइएको छ।

- उन्नत जातका तरकारी, धान, गहुँ, तोरी तथा प्याजका बीउ वितरण, उत्पादन प्रवर्द्धन तथा आकस्मिक बाली संरक्षण सेवा सञ्चालन गरी कृषि उत्पादन र उत्पादकत्वका लागी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रमका लागि रु.२० लाख विनियोजन गरिएको छ।
- तरकारी तथा च्याउ खेती विस्तार, करेसाबारी तथा कौसी खेती प्रवर्द्धन, फलफूल बिरुवा वितरण तथा सम्बन्धित कृषक तालिम सञ्चालनका लागि रु.१५ बजेट विनियोजन गरिएको छ।
- घुम्ती कृषक तालिम, कृषि प्राविधिक तथा व्यवसायिक कृषकहरूको अध्ययन अवलोकन भ्रमण, विषादी सचेतना तथा कृषि प्रविधि प्रसार कार्यक्रम सञ्चालनका लागि रु.१३ लाख विनियोजन गरिएको छ।
- कृषि औजार, यन्त्र तथा उपकरण, स्प्रेयर, सिँचाइ पाइप, जिंक सल्फेट, प्राङ्गारिक तथा वर्मी कम्पोष्ट मल वितरण

तथा माटो परीक्षण कार्यक्रम सञ्चालनका लागि रु.११ लाख विनियोजन गरिएको छ।

- कृषि क्षेत्र व्यवस्थापन तथा प्रशासनिक सुदृढीकरण कार्यक्रम मार्फत कृषि दिवस, मेला, प्रदर्शनी, समिति व्यवस्थापन, ढुवानी तथा कार्यक्रम सञ्चालनमा आवश्यक बजेट विनियोजन गरिएको छ।
- पशु स्वास्थ्य तथा रोग नियन्त्रण कार्यक्रम मार्फत निःशुल्क खोप सेवा, पशु स्वास्थ्य शिविर, आकस्मिक उपचार, परजीवी नियन्त्रण, रेबिज नियन्त्रण तथा सामुदायिक कुकुर बन्ध्याकरण कार्यक्रमका लागि रु.१० लाख विनियोजन गरिएको छ।
- घाँसको बीउ, मिनरल सप्लिमेन्ट, पशुपालन उपकरण वितरण, गोठ तथा खोर सुधार र स्वच्छ दुग्ध उत्पादन प्रवर्द्धन मार्फत व्यावसायिक पशुपालन तथा उत्पादन वृद्धि कार्यक्रमका लागि रु.१० लाख विनियोजन गरिएको छ।
- कृषक क्षमता विकास तथा व्यवस्थापन गरी पशुपालन सम्बन्धी कृषक तालिम, दिवस, मेला, प्रदर्शनीका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

समग्रमा कृषि विकासका लागि रु. ६० लाख र पशुपन्छी विकासतर्फ यसका लागि रु. २० लाख विनियोजन गरिएको छ।

पर्यटन विकास तथा सांस्कृतिक प्रवर्द्धन

सभाध्यक्ष महोदय,

सिद्धार्थनगरको विकास सम्भावनाको प्रमुख आधार पर्यटन क्षेत्र हो। भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीको प्रवेशद्वारका रूपमा रहेको यस नगरलाई पर्यटकको बसाइँ केन्द्र तथा सेवा केन्द्रका रूपमा विकास गर्ने उद्देश्य लिइएको छ।

यस अन्तर्गत भैरहवा-लुम्बिनी पर्यटन सम्बन्ध विस्तार, पर्यटकमैत्री वातावरण निर्माण, पर्यटन सूचना तथा सहायता सेवा विस्तार, स्थानीय कला, संस्कृति र सम्पदाको संरक्षण, होटल, यातायात तथा पर्यटन व्यवसायीसँग सहकार्य, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गरिनेछ। पर्यटन प्रवर्धनका लागि रु. ४ लाख विनियोजन गरिएको छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई केन्द्रमा राखी अन्तर्राष्ट्रिय पर्यटक आगमन बढाउन संघीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।

स्थानीय उद्यमशीलता, व्यापार तथा लगानी प्रवर्द्धन

सभाध्यक्ष महोदय

- उत्पादन र उद्यमशीलता प्रवर्द्धनमार्फत रोजगारी सिर्जना गर्दै न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता तथा पुनःएकीकरण सम्बन्धी कार्यक्रम संघीय सरकारबाट विनियोजित बजेटसँग शत प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिनेछ। साथै युवाहरूलाई डिजिटल मार्केटिङ, कन्टेन्ट निर्माण तथा कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी क्षमता अभिवृद्धि तालिम, श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति सम्बन्धी अभिमुखीकरण, रोजगार तथा उद्यमशीलता सम्बन्धी सचेतनामूलक कार्यक्रम तथा महिला दिदीबहिनीहरूका लागि प्लम्बरलगायत प्राविधिक सीपमूलक तालिम सञ्चालन गरिनेछ, यसका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

- युवा तथा महिलालाई लक्षित गरी सीपमूलक तथा उद्यम विकास तालिम सञ्चालन, साना तथा घरेलु उद्योग स्थापना र सञ्चालनमा सहजीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणमा सहयोग, स्वरोजगार सिर्जना गर्ने कार्यक्रमलाई प्राथमिकता, नवप्रवर्तन तथा नयाँ व्यवसाय अवधारणालाई प्रोत्साहन गरिनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

- सिद्धार्थनगरलाई प्रदेशकै प्रमुख व्यापारिक केन्द्रका रूपमा स्थापित गर्न निजी क्षेत्रसँग सहकार्य विस्तार, लगानीमैत्री वातावरण निर्माण, व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियामा सरलीकरण, व्यापारिक क्षेत्रको व्यवस्थापन, लगानीकर्ताका लागि सूचना तथा सहजीकरण सेवा प्रदान गरिनेछ।

- सहकारी क्षेत्रलाई स्थानीय आर्थिक विकासको साझेदारका रूपमा विकास गरी सहकारी संस्थाको क्षमता विकास, सुशासन प्रवर्द्धन, उत्पादनमूलक क्षेत्रमा लगानी प्रोत्साहन, सदस्य केन्द्रित कार्यक्रम सञ्चालनका लागि रु.१० लाख विनियोजन गरिएको छ ।

७. सामाजिक विकास

शिक्षा क्षेत्रको गुणस्तर सुधार

सभाध्यक्ष महोदय,

- शिक्षा सामाजिक परिवर्तन र मानव विकासको आधार हो। गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि गर्ने नीति लिइएको छ।

- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न प्रधानाध्यापक, शिक्षक, लेखापाल तथा पूर्वप्राथमिक शिक्षकहरूको क्षमता विकास, पुनर्ताजगी तालिम, विषयगत शिक्षक तालिम तथा IEMIS सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्न रु.१३ लाख विनियोजन गरिएको छ ।

- विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न स्थानीय पाठ्यपुस्तक अनुदान, कक्षा ८ को परीक्षा सञ्चालन, निरन्तर सिकाइ मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप तथा शैक्षिक क्यालेन्डर निर्माण र विद्यालय अनुगमन/निरीक्षण/पृष्ठपोषणका लागि रु.३६ लाख विनियोजन गरिएको छ।

- बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा सामुदायिक सिकाइ केन्द्रका परिचालिकाको थप तलब सुविधा व्यवस्थापनका लागि रु.५२ लाख विनियोजन गरिएको छ।

- विद्यालयको भौतिक तथा प्राविधिक पूर्वाधार सुदृढीकरण गर्न खानेपानी तथा विद्युत् महसुल व्यवस्थापन, धार्मिक विद्यालयहरूमा कम्प्युटर, ल्यापटप तथा प्रिन्टर उपलब्ध गराउने तथा आवश्यक शैक्षिक सामग्री व्यवस्थापनका लागि रु.१३ लाख विनियोजन गरिएको छ।

- नगर तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, शैक्षिक अध्ययन-अवलोकन तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, अभिभावक तथा विद्यालय सम्मान कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

- शिक्षा तर्फ सशर्त अनुदान बापत प्राप्त हुने रकमबाट चालु तर्फ शिक्षकको तलब भत्ता, पाठ्यपुस्तक, दिवाखाजा, विद्यालय संचालन अनुदान, धार्मिक विद्यालयका लागि अनुदान, शैक्षिक गुणस्तर सुधार, छात्राहरुलाई सेनिटरी प्याड वितरणमा खर्च हुनेछ ।

- दिवा खाजा तर्फ संघिय सरकार बाट प्रति विद्यार्थीका लागि प्राप्त हुने दिवा खाजामा नगरपालकाको तर्फबाट रु.५ प्रतिविद्यार्थी थप गरिएको छ। यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

शिक्षा तथा युवा क्षेत्रका लागि रु. १ करोड ३० लाख विनियोजन गरिएको छ।

स्वास्थ्य सेवा विस्तार तथा सुदृढीकरण

सभाध्यक्ष महोदय,

- नागरिकलाई गुणस्तरीय तथा सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन आधारभूत स्वास्थ्य संस्थाको सञ्चालन, आवश्यक औषधि, उपकरण तथा औषधिजन्य सामग्री व्यवस्थापन, नियमित खोप कार्यक्रम सञ्चालनका लागि रु. २८ लाख विनियोजन गरिएको छ।

- सामुदायिक स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन महिला स्वास्थ्य स्वयंसेविकाको लागि यातायात तथा सञ्चार खर्च बापत संघिय सरकार बाट प्राप्त हुने अनुदान को अलावा नगरपालिकाको तर्फ बाट मासिक यातायात र संचारका लागि रु.२ हजारका दरले वृद्दि गरिएको छ।साथै सम्मानजनक विदाईका लागि रु.४ लाख र स्वास्थ्य बीमा अनुदान, पोषण तथा खोप क्लिनिक व्यवस्थापन, सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

- जनस्वास्थ्य प्रवर्द्धन तथा रोग नियन्त्रणका लागि नसर्ने रोगको स्वास्थ्य परीक्षण, एचआईभी प्रभावित बालबालिकालाई सहयोग, महामारी निगरानी, विशेषज्ञ स्वास्थ्य शिविर, मोतियाबिन्दु तथा जलबिन्दुको निःशुल्क शल्यक्रिया, विद्यालय स्वास्थ्य शिक्षा र पोषण प्रवर्द्धन तथा सुर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालनका लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

स्वास्थ्य क्षेत्रका लागि रु. ८० लाख विनियोजन गरिएको छ।

सामाजिक विकास तथा समावेशी विकास

सभाध्यक्ष महोदय,

- सिद्धार्थनगरको विकास सबै वर्ग, समुदाय र नागरिकको सहभागितामा मात्र सम्भव छ। सामाजिक न्याय र समावेशी विकासको अवधारणालाई आत्मसात गर्दै लक्षित वर्गका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- सामाजिक एकता, नागरिक सहभागिता तथा समुदायस्तरीय नेतृत्वविकासका लागि टोल सुधार समितिहरू गठन तथा परिचालन कार्यक्रमका लागि रु.४ लाख विनियोजन गरिएको छ।

- महिलाहरूको सांस्कृतिक पहिचान, सम्मान र सहभागिता अभिवृद्धिका लागि तिज विशेष कार्यक्रम सञ्चालन गर्न रु.२ लाख बजेट विनियोजन गरिएको छ।

- समाजमा विद्यमान बालश्रम, बालविवाह, दाइजो प्रथा, बोक्सी जस्ता सामाजिक कुरीतिहरूको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न रु.१ लाख ५० हजार विनियोजन गरिएको छ।

- युवापुस्तालाई लागुऔषध दुर्व्यसनबाट जोगाउन तथा स्वस्थ समाज निर्माण गर्न लागुऔषध नियन्त्रण तथा रोकथाम सम्बन्धी सचेतना कार्यक्रमका लागि रु.१ लाख ५० हजार बजेट विनियोजन गरिएको छ।

- बढ्दो सडक दुर्घटनालाई न्यूनीकरण गर्न ट्राफिक सचेतना कार्यक्रम सञ्चालनका लागि रु.१ लाख विनियोजन गरिएको छ।
- मधेशी, मुस्लिम तथा पिछडावर्ग समुदायको आर्थिक सशक्तीकरणका लागि सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्न रु.२ लाख विनियोजन गरिएको छ।
- युवा तथा युवतीहरूको रोजगारी र आत्मनिर्भरतामा टेवा पुर्‍याउने उद्देश्यले युवा लक्षित सीपमूलक कार्यक्रम का लागि रु.२ लाख विनियोजन गरिएको छ।
- बाल अधिकार संरक्षण तथा बालबालिकाको सर्वाङ्गीण विकासका लागि बाल अधिकार समितिको बैठक तथा विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्न रु.२ लाख बजेट विनियोजन गरिएको छ।
- बालबालिकाको अधिकार सुनिश्चित गर्दै नगरपालिकालाई बालमैत्री बनाउने लक्ष्यका साथ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यक्रम का लागि रु.४ लाख विनियोजन गरिएको छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका दिवसहरू मनाउन तथा अन्य सामाजिक कार्यक्रम सञ्चालन गर्न रु.१ लाख बजेट विनियोजन गरिएको छ।
- नगर क्षेत्रका सबै जातजाति तथा वर्गका महिलाहरूको क्षमता अभिवृद्धि र आर्थिक सशक्तीकरणका लागि महिला लक्षित सीपमूलक कार्यक्रम सञ्चालन गर्न रु.३ लाख विनियोजन गरिएको छ।
- प्रतिस्पर्धात्मक परीक्षामा युवाहरूको सहभागिता बढाउन लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन कार्यक्रमका लागि रु.३ लाख बजेट विनियोजन गरिएको छ।
- साहित्य, भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि सिद्धार्थ साहित्य मार्फत सञ्चालन हुने गतिविधिहरूका लागि रु.१ लाख विनियोजन गरिएको छ।
- असहाय तथा बेसहारा नागरिकहरूको सेवामा समर्पित मानव सेवा आश्रमलाई सहयोग स्वरूप रु. ३ लाख बजेट विनियोजन गरिएको छ।
- आत्महत्याको बढ्दो जोखिम न्यूनीकरण गर्न विद्यालयस्तरमा आत्महत्या रोकथाम तथा मानसिक स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालनका लागि रु.१ लाख विनियोजन गरिएको छ।
- विद्यालय तहका विद्यार्थीहरूलाई लक्षित गरी प्रजनन स्वास्थ्य, गुड टच-ब्याड टच, सामाजिक दुर्व्यवहार, साइबर अपराध तथा स्तन क्यान्सर सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न रु.३ लाख बजेट विनियोजन गरिएको छ।
- सुत्केरी महिलाको सम्मान, प्रोत्साहन तथा मातृ-शिशु स्वास्थ्य प्रवर्द्धनका लागि उपप्रमुख सुत्केरी भेट कार्यक्रम सञ्चालन गर्न रु. ८ लाख बजेट विनियोजन गरिएको छ।
- विद्यार्थी तथा युवाहरूमा अनुशासन, नेतृत्व र सामाजिक सेवाको भावना विकास गर्न स्काउट गठन तथा परिचालन कार्यक्रमका लागि रु. ४ लाख विनियोजन गरिएको छ।
- किशोरीहरूमा आत्मविश्वास तथा सुरक्षाको भावना अभिवृद्धि गर्न आत्मरक्षा सम्बन्धी तालिम कार्यक्रम सञ्चालनका लागि रु.२ लाख विनियोजन गरिएको छ।

- सामाजिक संरक्षण तथा मानवीय सेवाको प्रवर्द्धनका लागि लागूऔषध नियन्त्रण, सडक दुर्घटना न्यूनीकरण, आत्महत्या रोकथाम, साइबर अपराध, यौनजन्य हिंसा तथा प्रजनन स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

- उपप्रमुख सुत्केरी भेट कार्यक्रमको लागि रु ८ लाख बजेट विनियोजन गरिएको छ।

- घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई थप प्रभावकारी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउन, सामाजिक सुरक्षा घरदैलो दर्ता तथा नवीकरण अभियान, विद्यालयस्तरीय सचेतनामूलक कार्यक्रम, घटना दर्ता सप्ताह कार्यक्रम सञ्चालन तथा सेवाप्रवाहलाई प्रविधिमैत्री बनाउन आइरिस डिभाइस खरिद समेतका कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

महिला विकास तथा जेष्ठ नागरिक

- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, सामाजिक समावेशीकरण, क्षमता विकास तथा सशक्तीकरणका लागि सीपमूलक तालिम, स्वास्थ्य शिविर, सहायक सामग्री वितरण, बाल अधिकार प्रवर्द्धन तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्नका लागि रु. २६ लाख विनियोजन गरिएको छ।

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न महिला नेतृत्व विकास, GEDSI अभिमुखीकरण, लक्षित समूह सशक्तीकरण, महिला समूहहरूको स्तरोन्नति तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रु १८ लाख विनियोजन गरिएको छ।

- महिला तथा बालबालिका माथि हुने हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, लैङ्गिक हिंसा न्यूनीकरण, सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया तथा अन्तर्राष्ट्रिय महिला दिवस, अपाङ्गता दिवस र १६ दिने अभियान लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरू सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरिएको छ।

न्यायिक तथा मेलमिलाप

- स्थानीय तहमा न्याय सम्पादनलाई प्रभावकारी, पारदर्शी तथा नागरिकमैत्री बनाउन न्यायिक समितिको बैठक, इजलास सञ्चालन, फिल्ड सहजीकरण, न्यायिक सचेतना कार्यक्रम, विद्यार्थीसँग न्यायिक समिति कार्यक्रम तथा न्यायिक समितिको कार्यसम्पादन सम्बन्धी डकुमेन्ट्री निर्माण गरिनेछ, यसका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

- समुदायस्तरमा मेलमिलापमार्फत विवाद समाधान प्रणालीलाई सुदृढ बनाउन मेलमिलापकर्ताको परिचालन, पुनर्ताजगी तालिम तथा आवश्यक सूचना सामग्री व्यवस्थापनमा आवश्यक बजेट विनियोजन गरिएको छ।

- न्यायिक तथा मेलमिलाप क्षेत्रका लागि रु. २५ लाख विनियोजन गरिएको छ।

८. विपद् वातावरण संरक्षण तथा सरसफाइ व्यवस्थापन

सभाध्यक्ष महोदय,

- स्वच्छ, सुन्दर र वातावरणमैत्री सिद्धार्थनगर निर्माण हाम्रो साझा लक्ष्य हो।यसका लागि नियमित फोहोर संकलन प्रणाली सुधार, फोहोर वर्गीकरण तथा पुनःप्रयोग, सार्वजनिक स्थल सरसफाइ, वृक्षरोपण अभियान, हरित क्षेत्र विस्तार, प्लास्टिकजन्य फोहोर न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वच्छ शहर हराभरा नगरको अभियानलाइ सार्थक बनाउन निजि क्षेत्र, उद्योगी, व्यवसायी, विभिन्न बैंक तथा वित्तिय सँस्थाहरुको व्यवसायिक सामाजिक उत्तरदायित्व कार्यक्रमलाइ यसै क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिनेछ।
- विपद् व्यवस्थापन कोषको लागि रु.१० लाख, विपद सम्बन्धी कार्यमा प्रयोग हुने गरि अग्नी नियन्त्रक मोटरसाइकल खरिदका लागि रु.१० लाख विनियोजन गरिएको छ। नगरको नियमित सरसफाइका लागि जनशक्ति परिचालन लगायत अन्य कामको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ।
- सरसफाइ व्यवस्थापनका लागि रु. ५२ लाख र वारुण यन्त्र संचालन तथा व्यवस्थापनका लागि रु. १७ लाख विनियोजन गरिएको छ।

९. सुशासन, पारदर्शिता तथा संस्थागत क्षमता विकास

सभाध्यक्ष महोदय,

- जनताले अनुभूति गर्ने विकासको पहिलो आधार प्रभावकारी, पारदर्शी र जवाफदेही शासन प्रणाली हो। त्यसैले सिद्धार्थनगर नगरपालिकाले सुशासनलाई विकासको अभिन्न आधारका रूपमा लिएको छ।आर्थिक वर्ष २०८३/८४ मा नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, नागरिकमैत्री र परिणाममुखी बनाउन कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- सेवा प्रवाहमा सरलता र छिटोपना कायम गर्ने, नागरिक वडापत्रलाई प्रभावकारी बनाउने, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणलाई नियमित गर्ने, गुनासो व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने, योजना तथा कार्यक्रमको नियमित अनुगमन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
- नगरपालिकाका प्रत्येक कामकारबाहीलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ। अनलाइन सेवा विस्तार, डिजिटल अभिलेख व्यवस्थापन, सूचना प्रविधि पूर्वाधार सुधार, नागरिक गुनासो व्यवस्थापन प्रणाली विकास गरी नागरिकलाई छिटो, सरल र पारदर्शी सेवा उपलब्ध गराउन डिजिटल प्रणाली विस्तार गर्न रु.१५ लाख बजेट गरिनेछ।
- कर्मचारीहरूको सेवाको निरन्तरता, स्थायित्वका लागि क्षमता विकास, तालिम लगायतका क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाइएको छ। राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवल कायम गरी काम गर्ने वातावरण सृजना गर्न कार्यविधिमा व्यवस्था भए बमोजिम आवश्यक बजेट विनियोजन गरिएको छ।
- नगर क्षेत्रभित्र दर्ता भएका एफ.एम, टिभी, पत्रपत्रिका, अनलाइन सँग सम्झौता गरी सूचनामूलक र सन्देशमूलक सामग्री प्रकाशन र सम्प्रेषणका लागि रु १२ लाख, , बजेट विनियोजन गरिएको छ।

सभाध्यक्ष महोदय,

- बजेट विनियोजन मात्र पर्याप्त हुँदैन, यसको प्रभावकारी कार्यान्वयन नै सफलताको मुख्य आधार हो। त्यसैले बजेट कार्यान्वयनमा वित्तीय अनुशासन, मितव्ययिता र परिणाममुखी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- योजना छनोट गर्दा आवश्यकता, प्रभावकारिता र जनताको लाभलाई आधार बनाइनेछ। सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी बनाइनेछ। नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गरिनेछ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार खर्च व्यवस्थापन र सम्पन्न भएका योजनाको गुणस्तर परीक्षण गरी सीमित स्रोतबाट अधिकतम उपलब्धि हासिल गर्ने सिद्धान्तलाई आत्मसात गरिनेछ।

१०. राजस्व परिचालन तथा स्रोत विस्तार

सभाध्यक्ष महोदय,

- स्थानीय सरकारको दिगो विकासका लागि आन्तरिक स्रोत बलियो हुनु आवश्यक छ। यसैलाई मध्यनजर गर्दै आर्थिक वर्ष २०८३/८४ मा आन्तरिक राजस्व परिचालनलाई विशेष प्राथमिकता दिइनेछ।
- नगरपालिकाले करको दायरा विस्तार गर्ने, कर प्रशासन सुधार गर्ने, व्यवसाय करलाई व्यवस्थित गर्ने, सम्पत्ति कर प्रणालीलाई प्रभावकारी बनाउने, डिजिटल माध्यमबाट राजस्व संकलन विस्तार गर्ने, करदाता मैत्री वातावरण निर्माण गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- कर प्रणालीमा सुधार गर्दै प्रगतिशील कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।
- नगर भित्रका सरकारी, अर्ध सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुको नाममा रहेको घरजग्गामा लाग्ने सम्पत्तिकर, भूमिकर तथा सेवाशुल्क असुलीमा पहल गरिनेछ।।
- फर्म, व्यवसायिक प्रतिष्ठानमा स्थलगत रुपमा कर्मचारी खटाई बजार अनुगमन, फर्म तथा व्यवसाय दर्ता, नवीकरण र अध्यावधिक जस्ता कार्यलाई "कर सहभागिता अभियान" मार्फत निरन्तरता दिने। यसका लागि प्रत्येक आर्थिक वर्षमा कम्तिमा एक पटक घुम्ति शिविर संचालन गरी स्थलगत कर संकलन कार्यक्रम संचालन गरिनेछ।
- करका दरलाई यथावत राखि नगर भित्र संचालनमा रहेका सबै उद्योग, व्यवसायहरुलाई करको दायरामा आवद्ध गर्ने। यसका लागी सबै प्रकारका व्यवसायहरुलाई सूचिकृत गरी तथ्याङ्क व्यवस्थित गरिनेछ।।
- No Tax: No Pay, No pay: No Service अभियानलाई निरन्तरता दिने। जसमा नगरपालिकालाई कुनै प्रकारको कर, शुल्क वा रकम तिर्न बुझाउन बाँकी रहेका व्यक्ति वा संस्थालाई उक्त रकम असुल नभए सम्म नगरपालिकाबाट भुक्तानी नगर्ने साथै नगरपालिकालाई कुनै प्रकारको कर, शुल्क वा रकम बुझाउन बाँकी रहेका व्यक्ति/फर्म/संस्था/प्रतिष्ठान/निकाय आदिलाई नगरपालिका तथा वडाबाट उपलब्ध हुने सेवा समेत उक्त रकम भुक्तानी नहुँदा सम्म रोक लगाउने नीति अवलम्बन गरिनेछ।।
- राजश्व प्रशासनलाई चुस्त बनाउदै कर संकलनमा खटिने कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम तथा स्रोत साधन उपलब्ध गराईनु पर्ने। बढी राजश्व संकलन हुने र जनसंख्या धेरै भएका वडामा राजश्व संकलनको लागि थप जनशक्तिको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त बनाउनु पर्ने। कर संकलनमा उल्लेखनीय भूमिका खेल्ने कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।।
- हालको सुत्र राजश्व मोड्युलमा अत्याधिक प्राविधिक समस्या देखिएको र यसबाट समयमा सेवा प्रवाह हुन नसकेको गुनासो अत्याधिक रहेकोले प्रणाली सुधारका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्नुको साथै विद्युतीय

माध्यमबाट कर तिर्ने प्रणाली सुदृढिकरण गरी राजश्व संकलनलाई Faceless बनाउन लगिनु पर्ने । यसका लागि Tax Billing को लागि आवश्यक अध्ययन तथा पूर्वाधार तयारी गरिनेछ ।।

- विद्युतीय भुक्तानी (E-Payment) को लागि सेवा प्रदायक संस्थाहरु संगको सहकार्यमा घरबाटै भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ ।
- करदाता सेवा कार्यालयबाट प्रदान गरिने सेवाहरु यस नगरपालिकामा आगामी आर्थिक वर्ष देखि प्रदान गरिने । यसको लागि आवश्यक स्रोत साधन तथा जनशक्तिको उचित प्रबन्ध गरिने । राजश्व प्रशासन सम्बन्धी सम्पूर्ण सेवाहरुलाई एकीकृत गरी एकल विन्दु सेवा केन्द्र मार्फत सेवा सञ्चालन गरिनेछ ।
- नगरपालिकाको आन्तरिक राजश्व परिचालन क्षमता अभिवृद्धि गर्न, राजश्व अधिकारका सम्भावनाहरु खोजी गर्न, सम्भाव्य क्षेत्रको राजश्व परिचालन गर्न आवश्यक नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउनुको साथै आन्तरिक आयको वैज्ञानिक प्रक्षेपणका लागि आ.व. २०८३/०८४ मा स्थानीय आर्थिक सर्वेक्षण तर्जुमा गरिनेछ ।
- स्थानीय करदाता सम्मान कार्यक्रम मार्फत नियमित र धेरै कर तिर्ने करदातालाई नगर स्थापना दिवसको अवसरमा सम्मान गर्ने कार्यको निरन्तरता दिइनेछ ।
- स्थानीय कर प्रशासन संग सम्बन्धित कानून, कार्यविधि(SOP)तर्जुमा तथा समय सापेक्ष संशोधन, परिमार्जन गरी चुस्त र करदाता मैत्री प्रणाली स्थापनाका लागि आवश्यक स्रोत परिचालन गरिनेछ ।
- आन्तरिक स्रोततर्फ रु. २१ करोड राजस्व संकलन गर्ने लक्ष्य लिइएको छ। बाँकी रकम संघीय सरकार र प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान, राजश्व बाँडफाँड, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान, नगरपालिका ले राजस्व बाँडफाँड प्राप्त गर्ने रकम र अन्य रकमबाट परिचालन गरिनेछ ।
- कुल बजेटको ४०.७ प्रतिशत चालु तर्फ र ५९.३ प्रतिशत पूँजीगत तर्फ खर्च हुने अनुमान गरिएको छ ।

११. प्रशासनिक तथा सेवा सञ्चालन व्यवस्थापन

- नगरपालिकाका नियमित सेवा सञ्चालन, कर्मचारी व्यवस्थापन तथा संस्थागत कार्यसम्पादनका लागि रु.३० करोड ५५ लाख विनियोजन गरिएको छ। यसबाट कार्यालय सञ्चालन, कर्मचारी सेवा व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, प्रशासनिक कार्य सञ्चालन, आवश्यक संस्थागत व्यवस्थापन गरिनेछ।
- विद्युत तथा दमकल सेवा तर्फ जोखिम बहन गरी सेवा प्रवाह गर्ने कर्मचारीहरुको लागि जोखिम बहन गर्न जीवन विमा गर्ने व्यवस्था मिलाइएको छ । साथै संगठन तथा व्यवस्थापन सर्वेक्षण पश्चात कायम हुने करार दरबन्दी मा कार्यरत करार कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कार्यक्रममा आवद्दताका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।
- नगरपालिकाको समग्र प्रशासनिक प्रणालीलाई प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने उद्देश्यले सूचना प्रविधिमा आधारित ई-गभर्नेन्स प्रणालीलाई विस्तार गरी सेवा प्रवाहलाई सहज, छरितो र जनमुखी बनाउने कार्यलाइ निरन्तरता दिइनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक प्राविधिक, व्यवस्थापकीय तथा नेतृत्व विकास तालिमहरू संचालन गर्न रु १३ लाख विनियोजन गरिएकोछ ।सार्वजनिक सरोकारहरुको विषयमा नगरपालिका र अन्तरनिकायहरु बिच आपसी सहकार्यमा कार्यक्रमहरु सन्चालन गरिनेछ ।

- आ.व. २०८१।८२ मा नगरपालिकाले सम्पादन गरेका कार्यहरुको स्थानीय शासन कार्यसम्पादन मूल्यांकन कार्यविधि २०८२ बमोजिम मूल्यांकन गर्दा ७५ दशमलब २ अंक प्राप्त भएको छ।मूल्यांकन अनुसार अन्य स्थानीय तहहरु मध्ये सिद्धार्थनगर नगरपालिकाको स्थान अग्रपंक्तिमा नै छ।आगामी दिनहरुमा अझ थप सुधारका लागि गर्नुपर्ने नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका लागि आवश्यक पर्ने साधन स्रोतहरुलाई बजेटमा समावेश गरिएको छ ।
- विगत समय देखि कार्यरत अस्थायी तथा करार कर्मचारीहरूको आर्थिक वर्ष २०८३/८४ मा समेत उनीहरूको सेवामा निरन्तरता कायम गर्ने व्यवस्था मिलाइएको छ ।साथै अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूको सेवा सुविधाको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

१२ साझेदारी र सहकार्य

सभाध्यक्ष महोदय,

- सिद्धार्थनगरको विकास केवल नगरपालिकाको प्रयासबाट मात्र सम्भव हुँदैन। संघीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, नागरिक समाज, विकास साझेदार संस्था र नगरवासीबीचको सहकार्य आवश्यक छ।नगरपालिकाले निजी क्षेत्रसँग सहकार्य, विकास साझेदारसँग समन्वय, नागरिक सहभागिता विस्तार मार्फत विकास अभियानलाई प्रभावकारी बनाउनेछ ।
- बस्ति स्तरबाट माग भई आएका तर नगरपालिकाको स्रोतबाट सञ्चालन हुन नसक्ने ठुला योजनाहरुलाई संघीय तथा प्रदेश सरकारमा अनुरोध गर्ने व्यवस्था गरिएको छ ।
- आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयनबाट नगर पूर्वाधारको गुणस्तर सुधार, सेवा प्रवाह थप सरल र प्रभावकारीता, आन्तरिक राजस्व क्षमता वृद्धि, पर्यटन तथा व्यापार क्षेत्र विस्तार, रोजगारी तथा उद्यमशीलताको अवसर अभिवृद्धि, शिक्षा र स्वास्थ्य सेवामा सुधार तथा सफा, सुन्दर र व्यवस्थित शहर निर्माणमा योगदान पुग्नेछ ।

अन्त्यमा

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०८३/८४ को यो बजेट सिद्धार्थनगर नगरपालिकाको समृद्ध भविष्य निर्माण गर्ने महत्वपूर्ण आधार दस्तावेज हो।यो बजेटले विकासलाई गति दिने, आर्थिक गतिविधि विस्तार गर्ने, नागरिक सेवाको गुणस्तर सुधार गर्ने, सुशासन कायम गर्ने, समृद्ध सिद्धार्थनगर निर्माण गर्ने लक्ष्य लिएको छ ।

हामीले अगाडि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि नगर सभाका सदस्यज्यूहरू, जनप्रतिनिधिज्यूहरू, कर्मचारी मित्रहरू, निजी क्षेत्र, नागरिक समाज र सम्पूर्ण नगरवासीबाट निरन्तर सहयोग, सुझाव र सहकार्यको अपेक्षा गर्दछु ।

सिद्धार्थनगरको विकास हाम्रो साझा जिम्मेवारी हो। समृद्ध सिद्धार्थनगर निर्माण हाम्रो साझा संकल्प हो ।

यसै विश्वासका साथ आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

उपप्रमुख
उमा अधिकारी

सिद्धार्थनगर नगरपालिकाको नगर सभाको २०औँ अधिवेशनबाट पारित भएको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

प्रस्तावना

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क तथा दस्तुर संकलन गर्ने, छुट दिने, जरिवाना लिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले प्रदान गरेको अधिकार प्रयोग गरी सिद्धार्थनगर नगरपालिकाको नगरसभाको २०औँ अधिवेशनले यो ऐन बनाएको छ।

संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम **सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८३** रहेको छ।

(२) यो ऐन सिद्धार्थनगर नगरपालिकाको नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात २०८३ साल श्रावण १ गते देखि सिद्धार्थनगर नगर क्षेत्रभित्र लागू हुनेछ।

(३) परिभाषा

(१) **"पूर्वाधार उपयोग शुल्क"** भन्नाले नगरपालिकाले आफैंले बनाएको वा कुनै निकायबाट बनाई नगरपालिकामा हस्तान्तरण भई आएको सडकमा गुड्ने सवारी साधनमा लगाउने कर भन्ने बुझिन्छ।

(२) **"सवारी साधनकर"** भन्नाले नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा लगाउने कर भन्ने बुझिन्छ।

(३) **"बाह्य आय"** भन्नाले नगरपालिकालाई नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट, वित्तीय समानीकरण, समपूरक अनुदान, अन्य अनुदान, विभिन्न दातृनिकायहरुबाट प्राप्त हुने अनुदान तथा नेपाल सरकार एवम् अन्य निकायहरुबाट प्राप्त हुने ऋण तथा अन्य बाह्य आय समेत भन्ने बुझिन्छ।

(४) सम्पत्ति करः

(१) सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र घरले चर्चेको जग्गामा र सम्पत्ति लगाइने करलाई बुझाउनेछ। (यस उपदफाको प्रयोजनको लागि घर भन्नाले स्थायी संरचनाका साथै जग्गामा निर्माण भएको भौतिक संरचना घर, गोठ, टहरा, गोदाम, सेड आदि समेतलाई बुझ्नु पर्दछ।)

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्तिकरको दर अनुसूचि -१ मा व्यवस्था गरे बमोजिम हुनेछ।

(३) सम्पत्तिकर निर्धारण प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मुल्याङ्कन गर्दा अनुसूचि -२ मा व्यवस्था गरे बमोजिम गरिनेछ।

(४) सम्पत्तिकर निर्धारणमा ह्रासकट्टी प्रयोजनका लागि कुनैपनि भौतिक संरचनाको मुल्याङ्कन गर्दा अनुसूचि -३ मा भएको व्यवस्था बमोजिम ह्रासकट्टी गरिनेछ।

(५) सम्पत्तिकर नलाग्ने भनी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५ को उपदफा ५ मा उल्लेख भए

अनुसारको घर र घरजग्गामा सम्पत्तिकर लाग्ने छैन । तर, उक्त सम्पत्तिमा लाग्ने भूमिकर/मालपोत एवम् सेवा शुल्क लिन यस दफाले बाँधा पुर्याएको मानिनेछैन ।

(६) उपदफा (१) बमोजिम सम्पत्तिकर लागेको सम्पत्तिमा घरजग्गा कर तथा मालपोत वा भूमिकर लाग्ने छैन । तर सम्पत्ति कर लागू हुनुभन्दा अघिका आर्थिक वर्षहरुको बक्यौता घरजग्गा कर/एकीकृत सम्पत्तिकर तथा मालपोत/भूमिकर निर्धारण तथा असुलउपर गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

(५) भूमिकर (मालपोत) :

सम्पत्तिकर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा अनुसूचि-४ बमोजिम मालपोत तथा भूमिकर लगाइने छ र सो बमोजिम असुलउपर गरिनेछ । तर, एउटै जग्गाधनीको नाममा दर्ता कायम रही एकआपसमा सिमाना जोडिएका एक भन्दा बढी कित्ताहरु सहित जग्गाको क्षेत्रफल २ कट्ठा भन्दा बढी भएको र कुनै कित्ताले बाटो छोएकोमा त्यस्तो सम्पूर्ण जग्गालाई एउटै कित्ता (प्लट) मानि बाटो तर्फबाट एकसय बीस फिट पछाडी सम्मको जग्गालाई सडक मोहडा सरह र त्यस भन्दा पछाडीको जग्गालाई कृषि क्षेत्रको जग्गा सरह मुल्याङ्कन गरिनेछ ।

घरजग्गा बहाल कर:

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ब्यापारिक भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी आदि पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि -५ बमोजिम बहालबाट प्राप्त आयमा घरजग्गा बहालकर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।

(२) बहाल सम्झौता नगरी कुनै पनि व्यक्ति वा फर्म/संस्थालाई बहालमा दिन पाईनेछैन । साथै बहालमा दिने व्यक्तिले बहालमा लिने व्यक्तिको पहिचान खुल्ने कागजातको प्रतिलिपि सुरक्षित साथ राख्नुपर्नेछ । बहाल सम्झौता ३ प्रति तयार गरी एक/एक प्रति बहालमा लिने/दिनेले राख्नु पर्ने र एक प्रति सम्बन्धित वडामा दर्ता गरेको हुनुपर्नेछ ।

(३) बहालकर तिर्नुपर्ने दायित्व बहालमा दिनेको हुनेछ। बहाल सम्झौता भएकोमा सम्झौतामा उल्लेख भए बमोजिम वा सम्बन्धित धनिले बहालकर तोकिएको समय भित्र वडामा जम्मा गर्नुपर्नेछ । नगरपालिकाले तोकेको न्यूनतम बहाल दर भन्दा कम हुने गरी बहाल तोक्न पाईनेछैन । यदि न्यूनतमदर भन्दा कम दरमा बहाल लिए/दिएको भएतापनि नगरपालिकाले न्यूनतम दरमा तोकिएको प्रतिशतमा बहाल कर लिनेछ ।

(४) आवासिय प्रयोजनको लागि दिइने बहाल रकम स्वयम् घोषणा गरी बहालकर तिर्नु बुझाउनु पर्नेछ ।

(५) बहाल सम्झौता एक आर्थिक वर्ष भन्दा कम अवधिको लागि गर्न पाईनेछैन । अवधि समाप्ति अगावै बहाल सम्झौता भङ्ग गर्नु परेमा कम्तिमा ३ महिनाको बहालकर बुझाएमा मात्र बहाल सम्झौता भङ्ग भएको मानिनेछ । बहाल सम्झौता भङ्ग भएको मितिले ३० दिन भित्र सम्बन्धित वडामा बहाल भङ्ग भएको सूचना दिनुपर्नेछ। वडामा सूचना नदिएमा बहालमा रहीरहेको मानि पुरा अवधिको बहालकर असुल गरिनेछ ।

(६) वार्षिक बहालकर वापतको रकम एकमुष्ठ अग्रीम भुक्तानी गरेमा तिर्नुपर्ने बहालकरमा १० प्रतिशत छुट प्रदान गरिनेछ । तर यस्तो छुट असोज मसान्त भित्र अग्रीम बहालकर तिर्नेको हकमा मात्र लागू हुनेछ ।

(७) बहालमा दिएको सम्पत्तिको सम्पत्ति/मालपोत कर बुझाउदा सोको बहालकर समेत यकिन गरी सम्पत्तिकर/मालपोत बुझ्ने समयमा नै बहालकर बुझाउनुपर्नेछ ।

(८) बहालकरलाई ३ किस्तामा विभाजन गरी कार्तिक, फागुन र असारमा बुझाउन सकिनेछ । र एक आर्थिक वर्षको बहालकर वापतको रकम सोही आर्थिक वर्षको मसान्त भित्र नबुझाएमा तिर्नुपर्ने बहालकरमा थप १० प्रतिशत जरिवाना लिई असुलउपर गरिनेछ ।

(९) बहाल रकम नतिरी सम्पर्कमा नभएका वा बहाल रकम बुझाउन अटेर गरेका वा घरधनि र बहालमा लिने व्यक्ति बीच आपसी मनमुटाव वा अन्य कुनै कारणले घर/संरचना खाली गराउनु पर्ने अवस्थामा बहाल सम्झौता नभएका घर/संरचना खाली गराउन नगरपालिका वा सम्बन्धित वडा कार्यालय बाध्य हुनेछैन ।

(६) व्यवसाय कर: नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूचि-६ बमोजिम व्यवसाय कर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।

(७) बहाल बिटौरी शुल्क: नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा सरकारी जग्गामा बनेका भवन तथा संरचनाको उपयोग बापत अनुसूचि -७ बमोजिम बहाल बिटौरी शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।

(८) सवारी साधन पार्किङ्ग शुल्क:

(१) नगरपालिका नगरक्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत, सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-८ मा उल्लेख भए बमोजिमको सवारी साधन पार्किङ्ग शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।साथै सवारी साधनको चाप र किसिम, सडकको क्षमता, उपयुक्त स्थानको उपलब्धता आदिलाई मध्यनजर गरी नगर कार्यपालिकाले आवश्यक कार्यबिधि तय गरी पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई निजी पार्किङ्ग स्थल सञ्चालन गर्न दिन सकिनेछ ।

(९) जडिबुटी, कबाडी र जीवजन्तु कर : नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कबाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत नगरपालिकाले अनुसूचि -९ मा व्यवस्था भए बमोजिमको दरमा जडीबुटी, कबाडी र जीवजन्तु कर लगाइने छ र सो बमोजिम कर असुलउपर गरिनेछ ।

(१०) सेवा शुल्क :

(१) नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई देहाय बमोजिमको सेवा शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।

१. भौतिक पूर्वाधार उपयोग शुल्क: नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार (सडक) वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-१० मा व्यवस्था भए बमोजिमको भौतिक पूर्वाधार उपयोग शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ ।

२. बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्क: नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको

स्थानीय पूर्वाधार (बसपार्क) मा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-११ मा व्यवस्था भए बमोजिमको बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

३. सार्वजनिक पार्क प्रवेश शुल्क: नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार (सार्वजनिक पार्क) वा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-१२ मा व्यवस्था भए बमोजिमको सार्वजनिक पार्क प्रवेश शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

४. अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा शुल्क: नगरपालिकाले अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-१३ मा व्यवस्था भए बमोजिमको अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवाशुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

५. सिफारिस सम्बन्धी सेवा शुल्क: नगरपालिकाले सिफारिस सम्बन्धी कुनै सेवा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-१४ मा उल्लेख भए अनुसारको सिफारिस सम्बन्धी सेवा शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ। तर नि:शुल्क उपलब्ध गराइने सिफारिस भनी नगरपालिकाबाट तोकीएको सिफारिस लिदा र ऐनको दफा २२ को उपदफा १ को प्रतिबन्धात्मक व्यवस्थामा उल्लेख भएकोमा सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लाग्ने छैन।

६. फोहरमैला व्यवस्थापन तथा सरसफाई शुल्कः नगरपालिकाले नगरक्षेत्र भित्र फोहरमैला व्यवस्थापन, मुख्य सडक तथा बजार क्षेत्रमा सरसफाई सेवा प्रदान गरेवापत फोहर उत्पादन हुने क्षेत्र र प्रदान हुने सेवाको आधारमा अनुसूचि १५ मा उल्लेख भए बमोजिम मासिक शुल्क उठाउनेछ।

७. विविध सेवा शुल्क: (१) नगरपालिकाले ढलनिकास, सडकबत्ति जस्ता सेवा सुविधा उपलब्ध गराएको सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-१५ मा व्यवस्था भए बमोजिम सम्पत्तिकर संकलन गर्दा विविध सेवा शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(११) घर नक्सापास दस्तुर: नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुन लागेको भौतिक संरचनाहरूको हकमा अनुसूचि-१६ मा व्यवस्था भए बमोजिमको दरमा नक्सापास दस्तुर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१२) सवारीसाधन कर: नगरक्षेत्र भित्र सञ्चालन हुने टाँगा, रिक्सा, अटो रिक्सा र ई-रिक्साको सवारी कर अनुसूचि-१७ मा व्यवस्था भए बमोजिमको दरमा सवारी साधन कर तथा रुट ईजाजत दस्तुर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१३) विज्ञापन कर: नगरपालिका क्षेत्रभित्र हुने बिभिन्न प्रकारका बिज्ञापनमा अनुसूचि-१८ बमोजिम बिज्ञापन कर लगाइने छ र सो बमोजिम असुलउपर गरिनेछ।

(१४) मनोरञ्जन कर: नगरक्षेत्र भित्र सञ्चालन हुने मनोरन्जन सेवामा अनुसूचि-१९ मा व्यवस्था भए बमोजिमको दरमा मनोरन्जन कर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१५) प्राकृतिक स्रोत शुल्क: नगरपालिका नगरक्षेत्र भित्र निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार लगायत

माटो बिक्री गर्ने सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई अनुसूचि-२० मा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोत शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१६) प्राइभेट फर्म दर्ता दस्तुर र नवीकरण शुल्क: प्राइभेट फर्म दर्ता ऐन, २०७६ के दफा ६ अनुसार नगरपालिकामा दर्ता, नवीकरण र अद्यावधिक हुने प्राइभेट फर्मलाई अनुसूचि-२१ मा भएको व्यवस्था बमोजिम दर्ता दस्तुर र नवीकरण शुल्क लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१७) संस्था स्थापना र नवीकरण दस्तुर: नगरपालिका क्षेत्रभित्र स्थापना हुने विभिन्न किसिमका संस्था स्थापना तथा नवीकरणका लागि अनुसूचि-२२ मा भएको व्यवस्था बमोजिम संस्था स्थापना र नवीकरण दस्तुर लगाइनेछ र सो बमोजिम असुलउपर गरिनेछ।

(१८) आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा-६२ को उपदफा-३ बमोजिम निजी क्षेत्रलाई ठेक्का बन्दोबस्त गर्न अनुसूचि-२३ बमोजिमका शीर्षकहरुमा न्यूनतम ठेक्का अंक तोकी ठेक्का बन्दोबस्त गरी आय संकलन गरिनेछ ।आय ठेक्का एक वर्ष वा बहुवर्षीय रुपमा लगाउन सकिनेछ ।तर, ठेक्का बन्दोबस्तका लागि सूचना प्रकाशन गर्दा समेत ठेक्का बन्दोबस्त हुन नसकेको अवस्थामा नगरपालिकाले अमानत वा व्यवस्थापन करार मार्फत आय संकलन गर्न बाधा पर्ने छैन।

(१९) सरकारी सम्पत्ति बहाल आय : सिद्धार्थनगर नगरपालिकाद्वारा निर्मित पसल कवलहरु बहाल सम्झौता गरी बहाल दिई आय आर्जन गर्न कुनै वाधा पर्ने छैन ।भाडा बहालको दर अनुसूची- २४ बमोजिम कायम हुनेछ।

(२०) आय प्रक्षेपण: नगरपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ का लागि यस आर्थिक ऐन बमोजिम तोकीएका कर, शुल्क तथा दस्तुरहरूका आधारमा अनुमान गरीएको आन्तरिक आय र अनुमानित बाह्य आय समेतलाई एकीकृत गरी कायम भएको कुल अनुमानित आय बजेट अनुसूचि-२५ मा भएको व्यवस्था बमोजिम हुनेछ।

(२१) कर छुट, स्कीम तथा जरिवाना:

(१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, नगरपालिकाको कर, शुल्क दस्तुर संकलनका लागि बनाइएको निर्देशिका, कार्यविधि अनुसार कर नलाग्ने वा कर छुट प्राप्त गर्ने भनी तोकीएको बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर, यस नगरपालिकामा कार्यरत बहालवाला स्थायी कर्मचारी तथा कर्मचारी परिवारलाई स्थानीय तहले संकलन गर्ने कर तथा दफा ११ बमोजिमको सेवा शुल्क मध्ये सम्पत्ति तथा मालपोत/भूमिकर, व्यवसाय कर बाहेक अन्य शुल्क/सेवाशुल्क, दस्तुर आदिमा लाग्ने रकममा शतप्रतिशत छुट प्रदान गरिनेछ। यस्तो छुट नक्सापासको हकमा एकपटक वा ३००० स्क्वा.फिट सम्मको लागि मात्र हुनेछ। साथै बक्यौता रहेको कर तथा शुल्कमा यस्तो छुट प्रदान गरिनेछैन।

स्पष्टिकरणः यस उपदफाको प्रयोजनको लागि "कर्मचारी परिवार" भन्नाले कर्मचारी संग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति वा पत्नि, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला कर्मचारीको हकमा निजको बाजे बज्यै तथा विवाहिता महिला कर्मचारीको हकमा निजको सासू ससुरालाई समेत जनाउँछ।

(२) प्राकृतिक विपत्ति, प्रकोप वा परिस्थितिजन्य विशेष अवस्था सिर्जना भई छुट दिनुपर्ने अवस्था आइपरेमा नगरसभाबाट निर्णय गराई मात्र छुट दिन सकिनेछ।

(३) उपदफा (१) र (२) मा उल्लेख भएको बाहेक आर्थिक वर्षको शुरुमा कर दाखिला गर्ने करदातालाई अनुसूची-२६ बमोजिम कर छुट दिईनेछ भने ढिलो गरी कर दाखिला गर्ने करदातालाई सोही अनुसूची बमोजिम जरिवाना समेत लिई कर लगाइने र सो बमोजिम असुलउपर गरिनेछ।

(४) आर्थिक वर्ष २०८३/०८४ को लागि प्राईभेट फर्म, व्यवसायकरमा छुट स्किम सम्बन्धी विशेष व्यवस्थाः युवा वर्गलाई रोजगारी सिर्जना, उद्यमशिलता विकास तथा स्वरोजगारमुलक व्यवसायमा आवद्ध गर्न प्राईभेट फर्म तथा व्यवसायकर तर्फ चालू आर्थिक वर्षको लागि देहाय बमोजिम विशेष छुट स्किम प्रदान गरिनेछ। छुट स्किम सम्बन्धी व्यवस्था अनुसूचि २६(क) बमोजिम हुनेछ।

क. प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि रु. १० लाख सम्म पूँजी भएका मदिरा तथा सूर्तिजन्य बाहेकका अन्य जुनसुकै उद्योग दर्ता गर्दा दर्ता शुल्कमा शत प्रतिशत छुट प्रदान गरिनेछ। उद्योगले दर्ता गर्दा निवेदन शुल्क मात्र बुझाउनु पर्नेछ।

ख. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक/पिछडिएका समुदाय, लोपोन्मुख जाति आदिको नाममा प्राइभेट फर्म दर्ता गर्दा दर्ता शुल्कमा पचास प्रतिशत छुट प्रदान गरिनेछ।

ग. व्यवसायकरको दायरा विस्तारको लागि चालू आर्थिक वर्षमा दर्ता हुने नयाँ उद्योग/व्यवसायहरु सम्बन्धित वडामा सोही आर्थिक वर्ष भित्र व्यवसाय दर्ता गर्न आएमा लाग्ने व्यवसाय करमा पचास प्रतिशत छुट प्रदान गरिनेछ। तर यस्तो छुट अघिल्लो आर्थिक वर्षमा दर्ता भई यस वर्ष दर्ता हुने फर्म/उद्योगको हकमा लागू हुने छैन।

घ. शुन्य कारोवार भएका फर्महरुले आन्तरिक राजश्व कार्यालयमा पेश गरेको अनुसूचिको आधारमा शुन्य कारोवार भएका वर्षहरुको लागि मात्र पचास प्रतिशत व्यवसाय कर छुट प्रदान गरिनेछ।

ङ. नगरपालिका क्षेत्रभित्र अन्य निकायबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका तर नगरपालिकामा व्यवसायकरमा सूचिकृत/दर्ता नभएका वा नगरपालिकामा व्यवसायकरमा दर्ता रही लामो समयदेखि व्यवसायकर र बहालकर बक्यौता रहेका व्यवसायहरुलाई आर्थिक वर्ष २०८३/०८४ सम्मको व्यवसायकर र बहालकरमा यदि ५ वर्ष सम्मको व्यवसायकर र बहालकर बाँकी रहेको भए चालू आर्थिक वर्ष सहित २ आर्थिक वर्षको व्यवसायकर र बहालकर असुल गरी दर्ता (सूचिकृत) तथा नवीकरण गरिनेछ भने ५ वर्ष भन्दा बढीको बक्यौता रहेका व्यवसायलाई पछिल्लो ३ वर्षको व्यवसायकर असुल गरी दर्ता(सूचिकृत) तथा नवीकरण गरिनेछ।

तर, यो सुविधा हालसम्म यस प्रकारको स्किम तथा छुट सुविधा नपाएका व्यवसायलाई मात्र प्रदान गरिनेछ। एकपटक छुट सुविधा लिईसकेका व्यवसायले विवरण ढाँटी पुनः यस्तो सुविधा लिएको देखिएमा तिर्नुपर्ने सम्पूर्ण रकममा जरिवाना समेत थप गरी असुलउपर गरिनेछ।

च. माथि उपदफा १(ङ) बमोजिमको स्कीम प्रदान गर्दा हालसम्म लाग्ने जरिवानामा शत प्रतिशत छुट प्रदान गरिनेछ। साथै यस्तो जरिवाना छुट बहालकरको हकमा समेत लागू हुनेछ। छुट सम्बन्धी स्किम अनुसूचि २६ (क) मा उल्लेख भए बमोजिम हुनेछ।

(५) नगरपालिकाले पार्किङ्ग निषेध भनिएको स्थानमा, सार्वजनिक स्थान तथा सडकमा व्यवसाय सञ्चालन

गरेमा, तिनपाङ्गग्रे सवारी साधन अनुमति नलिई तथा तोकीएको रुट बाहेकका स्थानमा सञ्चालन गरेमा, अनुमति नलिई माटो उत्खनन गरेमा, जथाभावी फोहर फालेमा वा प्रदुषण फैलाउने कार्य गरेमा अनुसूचि-२७ मा व्यवस्था भए बमोजिम कारवाहि तथा उक्त शीर्षकमा तोकिएको दरमा जरिवाना गरिनेछ । यसरी गरिने कारवाही तथा जरिवानामा सहयोग पुर्याउने वा सो कार्यमा खटिने प्रहरी, नगरप्रहरी, कर्मचारी तथा कर प्रशासन गर्ने कर्मचारीलाई संकलित प्रशासनिक दण्ड जरिवाना, जफत तथा प्रशासनिक शुल्कको २५ प्रतिशत रकम प्रोत्साहन वापत प्रदान गरिनेछ ।

कालोसूचि / नकारात्मक सूचिमा राखिने:

(६) नगरपालिकालाई तिर्नुपर्ने जुनसुकै प्रकारको कर / शुल्क / जरिवाना / दस्तुर / बहाल / रोयल्टी वापतको रकम तिर्न बुझाउन बाँकी रहेका प्राकृतिक व्यक्ति वा कृत्तिम व्यक्तिलाई उक्त रकम असुलउपर नभएसम्म कालोसूचि/नकारात्मक सूचिमा राखिनेछ । यसरी कालोसूचि / नकारात्मक सूचिमा परेका व्यक्तिलाई नगरपालिका वा वडा कार्यालयबाट उपलब्ध हुने सेवामा रोक लगाउनुको साथै एक आर्थिक वर्ष भित्र रकम असुलउपर हुन नसकेमा बाँकी बक्यौता रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ । यस्ता व्यक्ति वा फर्म/संस्थाको बैङ्क खाता वा अचल सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउन सकिनेछ ।

(७) **No Tax No Pay; No Pay No Service:** नगरपालिकाले असुल गर्नुपर्ने कर, शुल्क, दस्तुर, बहाल वा अन्य जुनसुकै प्रकारको रकम असुलउपर नभएसम्म नगरपालिकाबाट त्यस्ता व्यक्ति वा फर्म/संस्था/निकायलाई भुक्तानी (Payment) गरिनेछैन ।

साथै नगरपालिकालाई कुनै प्रकारको कर, शुल्क वा रकम बुझाउन बाँकी रहेका व्यक्ति/फर्म/संस्था/प्रतिष्ठान/निकाय आदिलाई कालोसूचि/नकारात्मक सूचिमा राखि उपदफा (१) बमोजिम सेवा (Service) मा रोक लगाउन सकिन्छ ।

(८) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाबाट ऋण सेवा उपभोग गरिरहेका सदस्यहरुले समयमा ऋण भुक्तानी नगरी खराब कर्जामा परिणत भएमा त्यस्ता संस्थाको संचालक समितिको निर्णय सहित लिखित अनुरोध भएमा खराब ऋणिलाई समेत उपदफा १ बमोजिम कालोसूचि / नकारात्मक सूचिमा राखि वडा/नगरपालिकाबाट उपलब्ध हुने सेवामा रोक लगाउनुको साथै सम्बन्धित निकाय संग समन्वय गरी अचल सम्पत्ति रोक्का राख्न तथा ऋण असुलीमा आवश्यक सहयोग गरिनेछ ।

(२२) यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्नेगरी आबश्यक रणनीति निर्माण गरी सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) को अवधारणा अनुसार आवश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही आयोजनाहरू कार्यान्वयन गर्न सकिनेछ ।

(२३) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरू र सरोकारवालाहरू समेतको आवश्यक परामर्श एवं सहयोग लिन सक्नेछ ।

(२४) नगरका विभिन्न स्थानमा अस्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूलाई करको दायरामा ल्याउन नगरपालिकाले आवश्यक कार्यविधि तयार गरी लागू गर्न वा सो सम्बन्धि अभियान सञ्चालन गर्न सक्नेछ।

(२५) आ.व.२०८३/०८४ मा एकीकरण हुने सहकारी संस्थाहरुलाई लाग्ने व्यवसाय करमा १०० प्रतिशत छुट प्रदान गरिनेछ।

(२६) यस ऐनमा उल्लेख भएका ब्यवस्थाहरुको हकमा यसै ऐन बमोजिम र अन्य उल्लेख नभएका प्राबधानहरूको हकमा नगर कार्यपालिकाले स्वीकृत गरेका विनियम, कार्यबिधि, निर्देशिका, निर्णयहरु र प्रचलित कानूनमा उल्लेख भएबमोजिम हुनेछ।

(२७) यस ऐनमा उल्लेख भएका प्राबधानहरु संघीय वा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

अनुसूची (१)

आर्थिक ऐन, २०८३ को दफा ४ को उपदफा २ सँग सम्बन्धित

आ.व. २०८३/०८४ को लागि सम्पत्तिकर निर्धारणको लागि करको दर निर्धारण तालिका

क्र.सं.	सम्पत्तिको मुल्य रु.भन्दा माथि	मुल्य रु. सम्मको लागि	सम्पत्तिकर
१	-	२,५०,०००.००	६०.००
२	२५०,००१.००	५००,०००.००	१२०.००
३	५००,००१.००	७५०,०००.००	१८०.००
४	७५०,००१.००	१,०००,०००.००	२४०.००
५	१,०००,००१.००	१,२५०,०००.००	३००.००
६	१,२५०,००१.००	१,५००,०००.००	३६०.००
७	१,५००,००१.००	१,७५०,०००.००	४२०.००
८	१,७५०,००१.००	२,०००,०००.००	४८०.००
९	२,०००,००१.००	२,२५०,०००.००	६००.००
१०	२,२५०,००१.००	२,५००,०००.००	८०४.००
११	२,५००,००१.००	२,७५०,०००.००	१००८.००
१२	२,७५०,००१.००	३,०००,०००.००	१२००.००
१३	३,०००,००१.००	३,५००,०००.००	१४४०.००
१४	३,५००,००१.००	४,०००,०००.००	२१६०.००
१५	४,०००,००१.००	४,५००,०००.००	२८८०.००
१६	४,५००,००१.००	५,०००,०००.००	३६००.००
१७	५,०००,००१.००	६,०००,०००.००	४२००.००
१८	६,०००,००१.००	७,०००,०००.००	६१५०.००
१९	७,०००,००१.००	८,०००,०००.००	८१००.००
२०	८,०००,००१.००	९,०००,०००.००	१००५०.००
२१	९,०००,००१.००	१०,०००,०००.००	१२०००.००
२२	१०,०००,००१.००	१२,०००,०००.००	१४४००.००
२३	१२,०००,००१.००	१४,०००,०००.००	१६८००.००
२४	१४,०००,००१.००	१६,०००,०००.००	१९२००.००
२५	१६,०००,००१.००	१८,०००,०००.००	२१६००.००
२६	१८,०००,००१.००	२०,०००,०००.००	२४०००.००
२७	२०,०००,००१.००	२५,०००,०००.००	३००००.००
२८	२५,०००,००१.००	३०,०००,०००.००	३८४००.००
२९	३०,०००,००१.००	३५,०००,०००.००	४६८००.००
३०	३५,०००,००१.००	४०,०००,०००.००	५५२००.००
३१	४०,०००,००१.००	४५,०००,०००.००	६३६००.००
३२	४५,०००,००१.००	५०,०००,०००.००	७२०००.००
३३	५,००,००,००१.०० देखि		०.२४ प्रतिशत

अनुसूची (२)

आर्थिक ऐन, २०८३ को दफा ४ को उपदफा ४ सँग सम्बन्धित

आ.व. २०८३/०८४ को लागि सम्पत्तिकर निर्धारणको लागि भौतिक संरचनाहरुको मुल्याङ्कन दर

क्षेत्र		संरचना प्रति वर्गफिट रु.				
		पक्का जोडाईमा ढलाई		माटोको जोडाईमा ढलाई		पक्का जोडाईमा जस्ता वा टायलको छाना
		व्यापारिक, औद्योगिक तथा संस्थागत	बसोबास	व्यापारिक, औद्योगिक तथा संस्थागत	बसोबास	व्यापारिक, औद्योगिक तथा संस्थागत
क	व्यापारिक क्षेत्र	२०००	१८५०	१५००	१४००	१२००
ख	आवासिय क्षेत्र	१७००	१५५०	१२००	११००	९५०
ग	कृषि क्षेत्र	१४००	१२५०	१०००	९००	८००

अनुसूची (३)

आर्थिक ऐन, २०८३ को दफा ४ को उपदफा ५ सँग सम्बन्धित

आ.व. २०८३/०८४ को लागि सम्पत्ति कर तर्फ भौतिक संरचनाको ह्रासकट्टी दर

संरचनाको आयू	संरचनाको किसिम					
	पक्का जोडाइमा ढलाई	माटोको जोडाईमा ढलाई	पक्का जोडाघमा जस्ता वा टायलको छाना	माटोको जोडाई भई जस्ता वा टायलको छाना	सेड	ढुङ्गा वा ईटाको पर्खाल
१-५ वर्ष	१०	१२	१५	१८	२०	२०
६-१० वर्ष	२०	२४	३०	३६	४०	४०
११-१५ वर्ष	३०	३६	४५	५४	६०	६०
१६-२० वर्ष	४०	४८	६०	७२	८०	८०
२१-२५ वर्ष	५०	६०	७५	९०	९०	९०
२६-३० वर्ष	६०	७२	९०	९०	९०	९०
३१-३५ वर्ष	७०	८४	९०	९०	९०	९०
३६-४० वर्ष	८०	९०	९०	९०	९०	९०
४१-४५ वर्ष	९०	९०	९०	९०	९०	९०
४६-५० वर्ष	९०	९०	९०	९०	९०	९०

अनुसूची (४)

आर्थिक ऐन, २०८३ को दफा ५ को उपदफा १ सँग सम्बन्धित

आ.व. २०८३/०८४ को लागि मालपोत / भूमिकर निर्धारणको लागि करको दर निर्धारण तालिका

क्र.सं.	सम्पत्तिको मुल्य रु.भन्दा माथि	मुल्य रु. सम्मको लागि	मालपोत / भूमिकर
१	-	२,५०,०००.००	६०.००
२	२५०,००१.००	५००,०००.००	१२०.००
३	५००,००१.००	७५०,०००.००	१८०.००
४	७५०,००१.००	१,०००,०००.००	२४०.००
५	१,०००,००१.००	१,२५०,०००.००	३००.००
६	१,२५०,००१.००	१,५००,०००.००	३६०.००
७	१,५००,००१.००	१,७५०,०००.००	४२०.००
८	१,७५०,००१.००	२,०००,०००.००	४८०.००
९	२,०००,००१.००	२,२५०,०००.००	६००.००
१०	२,२५०,००१.००	२,५००,०००.००	८०४.००
११	२,५००,००१.००	२,७५०,०००.००	१००८.००
१२	२,७५०,००१.००	३,०००,०००.००	१२००.००
१३	३,०००,००१.००	३,५००,०००.००	१४४०.००
१४	३,५००,००१.००	४,०००,०००.००	२१६०.००
१५	४,०००,००१.००	४,५००,०००.००	२८८०.००
१६	४,५००,००१.००	५,०००,०००.००	३६००.००
१७	५,०००,००१.००	६,०००,०००.००	४२००.००
१८	६,०००,००१.००	७,०००,०००.००	६१५०.००
१९	७,०००,००१.००	८,०००,०००.००	८१००.००
२०	८,०००,००१.००	९,०००,०००.००	१००५०.००
२१	९,०००,००१.००	१०,०००,०००.००	१२०००.००
२२	१०,०००,००१.००	१२,०००,०००.००	१४४००.००
२३	१२,०००,००१.००	१४,०००,०००.००	१६८००.००
२४	१४,०००,००१.००	१६,०००,०००.००	१९२००.००
२५	१६,०००,००१.००	१८,०००,०००.००	२१६००.००
२६	१८,०००,००१.००	२०,०००,०००.००	२४०००.००
२७	२०,०००,००१.००	२५,०००,०००.००	३००००.००
२८	२५,०००,००१.००	३०,०००,०००.००	३८४००.००
२९	३०,०००,००१.००	३५,०००,०००.००	४६८००.००
३०	३५,०००,००१.००	४०,०००,०००.००	५५२००.००
३१	४०,०००,००१.००	४५,०००,०००.००	६३६००.००
३२	४५,०००,००१.००	५०,०००,०००.००	७२०००.००
३३	५,००,००,००१.०० देखि		०.२४ प्रतिशत

अनुसूची (५)

आर्थिक ऐन, २०८३ को दफा ६ को उपदफा १ सँग सम्बन्धित

आ.व.२०८३/०८४ मा बहाल कर प्रयोजनका लागि नगरक्षेत्र भित्र लागू हुने बहालको न्युनतम दर

वडा नं.	स्थान	बहालको न्युनतम दर	
		एक पसल कवल १०० वर्गफुट सम्म	१०० वर्गफुट भन्दा माथि
१	सिद्धार्थ राजमार्ग मोहडामा रहेको पसल कवल- भन्सार कार्यालय देखि उत्तर क्वारेन्टाइन कार्यालय सम्म	१००००.००	७५.००
	कोटईमाई पथ - भन्सार कार्यालय देखि पुर्व कोटईमाई मन्दिर सम्म	५०००.००	५०.००
	सकुनीपथ - मेडिकल कलेज अगाडी देखि पुर्व मस्जिद सम्म	७५००.००	५०.००
	अन्य सडक मोहडामा रहेको पसल कवल	५०००.००	३५.००
२	मैत्रिपथ सडक मोहडामा रहेको पसल कवल	५०००.००	३५.००
	अन्य सडक मोहडामा रहेको पसल कवल	४०००.००	२५.००
३	सिद्धार्थ राजमार्ग - बसपार्क देखि दक्षिण आँखा अस्पताल चोक सम्म	७५००.००	५०.००
	रंगशाला सडक मोहडा - रंगशाला अगाडी सम्म	७५००.००	५०.००
	रंगशाला सडक मोहडा - रंगशाला देखि पश्चिम खजहना चोक सम्म	४०००.००	२५.००
	सकुनीपथ - मेडिकल कलेज अगाडी देखि पुर्व मस्जिद सम्म	७५००.००	५०.००
	अन्य सडक मोहडामा रहेको पसल कवल	४०००.००	२५.००
४	विमानघाट पथ सडक मोहडामा	५०००.००	२५.००
	लुम्बिनि सडक- विमानघाट अगाडी मायादेवि चोक देखि ५०० मिटर दाँया बाँया	६०००.००	४०.००
	अन्य सडक मोहडामा	४०००.००	२५.००
५	बैकरोड सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	मैत्रिपथ सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	मैत्रिपथ देखि पश्चिम वडा सिमाना सम्म विमानघाटपथ मोहडामा पर्ने	१२५००.००	१००.००
	हाटबजार पथ सडक मोहडामा पर्ने	६०००.००	४०.००
	अन्य सडक मोहडामा	७५००.००	६०.००
६	विमानघाट सडक मोहडा - मैत्रिपथ चोक देखि दुर्गा मन्दिर सम्म	१२५००.००	१००.००
	विमानघाट सडक मोहडा - दुर्गा मन्दिर देखि वडा नं. ४ को सिमाना सम्म	८७५०.००	७५.००
	अन्य सडक मोहडामा पर्ने	५०००.००	३५.००

७	नारायण पथ सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	सिद्धार्थ राजमार्ग सडक मोहडामा पर्ने	१००००.००	७५.००
	बसन्तपथ - आवारोड सडक मोहडामा पर्ने	७५००.००	५०.००
	अन्य सडक मोहडामा पर्ने	५०००.००	३५.००
८	नारायण पथ सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	सिद्धार्थ राजमार्ग सडक मोहडामा पर्ने(बुद्धचोक देखी विद्युत अफिस सम्म)	१००००.००	७५.००
	लुम्बिनी सडक - बुध्द चोक देखि बसडिलवा शिवमन्दिर जाने चोक (सनराईज होटल सम्म) सडक मोहडामा पर्ने	१००००.००	७५.००
	बसडिलवा शिवमन्दिर जाने चोक (सनराईज होटल) देखि एयरपोर्ट सिमाना सम्म सडक मोहडामा पर्ने	६०००.००	४०.००
	बिद्युत अफिस देखि अन्चलपुर सिमाना सम्म सडक मोहडामा पर्ने	७०००.००	५०.००
	अन्य सडक मोहडामा पर्ने	५०००.००	३५.००
९	सिद्धार्थ राजमार्ग सडक मोहडामा पर्ने (बुद्धचोक देखी विद्युत अफिस सम्म)	१००००.००	७५.००
	प्रभातपथ सडक मोहडामा चोक देखि ५०० मिटर सम्म	५०००.००	३५.००
	प्रभातपथ सडक मोहडामा चोक देखि ५०० मिटर पछि	३५००.००	२५.००
	बिद्युत अफिस राजमार्ग पूर्व देखि अन्चलपुर सिमाना सम्म सडक मोहडामा पर्ने	७०००.००	५०.००
१०	लुम्बिनि सडक- विमानघाट अगाडी	१००००.००	३५.००
	अन्य सडक मोहडामा	५०००.००	२०.००
११	वडा नं. ११ मा सडक मोहडामा	३०००.००	२५.००
१२	नारायण पथ सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	सिद्धार्थ राजमार्ग सडक मोहडामा पर्ने	१००००.००	७५.००
	बसन्तपथ - आवारोड सडक मोहडामा पर्ने	७५००.००	५०.००
	शान्तिपथ - शान्तिनगर मुख्य सडक मोहडामा पर्ने	७५००.००	५०.००
	अन्य सडक मोहडामा पर्ने	५०००.००	३५.००
१३	हाटबजार पथ सडक मोहडामा पर्ने	६०००.००	३५.००
	शान्तिपथ - शान्तिनगर मुख्य सडक मोहडामा पर्ने	७५००.००	५०.००
	बैकरोड सडक मोहडामा पर्ने	१२५००.००	१००.००
	सिद्धार्थ राजमार्ग सडक मोहडामा पर्ने	१००००.००	७५.००
	अन्य सडक मोहडामा पर्ने	५०००.००	३५.००

१- १०० वर्ग फुट भन्दा सानो सटरको हकमा क्षेत्रफल हिसाब गरी न्यूनतम दरलाई प्रति वर्गफुटले हिसाब गरी मासिक बहाल रकम कायम गरिनेछ तर यसरी कायम गरिएको क्षेत्रफल बहालकर लिईएको रसिदमा खुलाउनु पर्नेछ।

२- सडक मोहडाबाट सटर पछाडि रहेको पसल कवलको हकमा उल्लेखित दरमा २५ प्रतिशत कम दर कायम हुनेछ।

३- प्रथम तल्लामा रहेको पसल कवलको हकमा उल्लेखित दरमा पचास प्रतिशत कम दर कायम हुनेछ ।

४- खालि जग्गाको हकमा प्रति वर्गफुट दरमा पचास प्रतिशत कायम हुनेछ ।

५- सम्झौताको दर र न्युनतम दर मध्ये एक जुन दर बढी हुन्छ सो दरमा गणना गरी बहालकर लाग्नेछ ।

६- सम्झौतामा बहालकर तिर्नुपर्ने दायित्व उल्लेख भएकोमा सोही बमोजिम र बहाल कर तिर्नुपर्ने दायित्व उल्लेख नभएको वा सम्झौता नगरेको हकमा घरधनि स्वयम्ले सो बहालकर बुझाउनुपर्नेछ । तर यस्तो बहालकर बुझाउन सहजिकरण गर्नु पर्ने जिम्मेवारी सम्बन्धित व्यवसायीको समेत रहनेछ ।

बहाल करको दर	
व्यवसायिक प्रतिष्ठान/फर्म/ संघ/संस्था / कम्पनी	१० (दश) प्रतिशत
प्राकृतिक व्यक्तिले आवासिय प्रयोजनको लागि बहालमा लिएकोमा	५ (पाँच) प्रतिशत
खाली जग्गा कृषि प्रयोजनका लागि मात्र	२ (दुई) प्रतिशत

अनुसूची (६)

आर्थिक ऐन, २०८३ को दफा ७ सँग सम्बन्धित

आ.व.२०८३/०८४ का लागि व्यवासाय करको दर

कोड नं.	व्यवसायको प्रकृति / सेवाको विवरण	चुक्ता पुँजी १ करोड सम्म	चुक्ता पुँजी १ करोड देखि माथि
१	खाद्यान्न, लत्ता कपडा, घरायसी तथा दैनिक उपभोग्य सामाग्री		
१.१	गल्ला तथा खाद्यान्न र थोक किराना पसल	४५००	५८५०
१.२	खुद्रा विक्री किराना तथा खाद्यान्न पसल	१५००	
१.३	सप्लायर्सः विभिन्न प्रकारका घरायसी सामाग्रीःकिचनवेयर, सरसफाई सामाग्री आदिको थोक तथा फुटकर बिक्री व्यवसाय / मासु तथा मासुका उत्पादनको थोक बिक्री, अण्डा तथा अण्डाका उत्पादनको थोक बिक्री / खाद्यान्न (अनाज), फलफुल र तरकारी थोक बिक्री, ताजा तथा सुरक्षित गरिएको फलफुल एवम् तरकारीहरु/ दुध, दुग्धजन्य बस्तु / ग्यास तथा ईन्धनको बितरण, विशिष्टिकृत पसलहरुमा घरायसी प्रयोजनका विद्युतीय भाडाकुडाहरु, फर्निचर, बिजुलीका उपकरण र अन्य घरायसी बस्तुहरु खुद्रा बिक्री जस्ता विविध सप्लाई	५०००	
१.४	नेटवर्किङ्ग व्यवसाय/अनलाईन (विद्युतीय) /Direct Marketing को माध्यमबाट खाद्यान्न, लत्ता कपडा तथा घरायसी उपयोगका वस्तु विक्री वितरण गर्ने	३५००	
१.५	प्लास्टिकका सामाग्रीको खुद्रा व्यवसाय	४०००	
१.६	प्लाष्टिक जन्य सामाग्रीको थोक व्यवसाय	६५००	८४५०

१.७	सुपरमार्केट/ डिपार्टमेण्ट स्टोर	१२०००	२००००
१.८	सुपरमार्केट (वार्षिक ४० करोड भन्दा बढी कारोबार हुने)	१६०५००	
१.९	ढाका कपडा/ टोपी घागो टाँक चेन कपडामा लाग्ने बुट्टा झोला आदी पसल	२५००	३२५०
१.१०	चियापत्ती कफी मात्र बिक्री गर्ने पसल / तयारी प्रशोधित खाद्य पदार्थ, प्याक्ड फुड आदिको बिक्री व्यवसाय	२५००	३२५०
१.११	पान पसल	२५००	
१.१२	पुजा सामाग्री पसल	३५००	
१.१३	श्रृङ्गार तथा मनिहारी कस्मेटिक पसल	२५००	३२५०
१.१४	उपहार खेलौना तथा गिफ्ट सामानका पसल	२५००	३२५०
१.१५	कुचो, चित्रा, नाङ्ला, माटाका भाडा आदीको पसल	२५००	३२५०
१.१६	मैन बत्ती उत्पादन तथा बिक्री पसल	२०००	२६००
१.१७	जुत्ता चप्पल पसल	३२००	४१६०
१.१८	जुत्ता चप्पल वनाउने स्वरोजगारमुलक व्यवसाय	३२००	४१६०
१.१९	जुत्ता चप्पलको कच्चापदार्थ, छालाजन्य र अन्य सहायक सामाग्री/ मालसामान बिक्री गर्ने व्यवसाय	३५००	४५५०
१.२०	ब्याग पसल	३२००	४१६०
१.२१	भाडा तथा भान्साका सामाग्री बिक्री पसल	५०००	६५००
१.२२	भेलि तथा गुड बिक्री व्यवसाय	५०००	६५००
१.२३	आलु, प्याज थोक विक्रेता	१२०००	१५६००
१.२४	अण्डाको थोक विक्रेता	४०००	५२००
१.२५	फलफुल र तरकारी थोक विक्रेता	३५००	
१.२६	फलफुल र तरकारी खुद्रा विक्रेता	२५००	३२५०
१.२७	जुस सेन्टर/फलफुल पसल	२५००	३२५०
२	**होटल रेष्टुरेन्ट, मदिरा तथा पर्यटन व्यवसाय**		
२.१	रिसोर्ट	१५०००	१९५००
२.२	१-१० वटा रुम भएको होटल (बार लज आदि सुविधा भएको)	५०००	६५००
२.३	११ देखि २० वटा रुम भएको होटल (बार लज आदि सुविधा भएको)	८०००	१०४००
२.४	२१ भन्दा माथि रुम भएको होटल (बार लज आदि सुविधा भएको)	१३०००	१६९००
२.५	गेष्ट हाउस	४०००	
२.६	चिया नास्ता पसल म:म थुप्पा चाउमिन बिरयानी जस्ता खाद्य पदार्थ बनाई बिक्री गर्ने (मदिरा बाहेक)	३२५०	४२२५
२.७	बेकरी शप रेष्टुरेन्ट र बार समेत भएको	१५०००	१९५००
२.८	पार्टी प्यालेस तथा व्याङ्क्वेट	१५०००	२००००
२.९	पार्टी प्यालेस र रेष्टुरेन्ट समेत	२००००	२५०००
२.१०	पार्टी प्यालेस सहित होटेल रेस्टुरेन्ट र लज समेत	३५०००	५००००
२.११	खुद्रा मदिरा तथा पेय पदार्थ (कोल ड्रिङ्कस) पसल	४०००	५२००

२.१२	थोक मदिरा तथा पेय पदार्थ (कोल ड्रिङ्कस) पसल	९१००	११८३०
२.१३	रेस्टुरेन्ट	६०००	७८००
२.१४	दोहोरी रेष्टुरेन्ट	१३०००	
२.१५	डान्स बार	४५०००	
२.१६	स्पा / मसाज पार्लर	२५०००	
२.१७	साकाहारी फास्टफुड	३२५०	
२.१८	साकाहारी होटल तथा मिठाइ पसल	५०००	६५००
२.१९	स्तरीय मिष्ठान भण्डार	१००००	१३०००
२.२०	स्तरीय खाना नास्ता होटल (मदिरा समेत)	६५००	८४५०
२.२१	पानीपुरी, चाट, टिकिया, चटपटे वा समोसा/कचौरी वा मःमः/चाउमिन जस्ता एक प्रकारको मात्र स्ट्रिटफुड बनाई बिक्री गर्ने	२२५०	
२.२२	सबै प्रकारका क्याफे	३०००	
३	**थान कपडा तथा रेडिमेट कपडा व्यवसाय**		
३.१	थान कपडा व्यवसाय - खुद्रा	३५००	४५५०
३.२	थान कपडा व्यवसाय - थोक	७०००	९१००
३.३	रेडिमेट तथा अन्य किसिमका कपडा व्यवसाय - खुद्रा	४०००	५२००
३.४	रेडिमेट तथा अन्य किसिमका कपडा व्यवसाय - थोक	८०००	१०४००
३.५	कपडा प्रशोधन तथा कपास/कपडा पेल्ने व्यवसाय	३५००	४५५०
३.६	सिरक डसना बनाइ बिक्री गर्ने	३५००	४५५०
३.७	आधुनिक टेलरिङ्/ सर्टिङ्ग सुटिङ्ग तथा युनिफर्म तयारी व्यवसाय	५०००	६५००
३.८	टेलरिङ्ग व्यवसाय (स्वरोजगारमुलक साधारण टेलरिङ् व्यवसाय)	२६००	
३.९	बुटिक व्यवसाय	३०००	३९००
४	**निर्माण सामाग्री मिल मेसिनरी तथा रंगरोगन व्यवसाय**		
४.१	सबै प्रकारका मोटर पार्टस / मिल मेसिनरी व्यवसाय	५५००	७१५०
४.२	रिक्सा साइकल पार्टस ब्यवसाय तथा मर्मत पसल	३०००	३९००
४.३	सबै खालका टायर ब्यवसाय	६०००	७८००
४.४	ई रिक्सा अटो रिक्सा मर्मत तथा पार्टस व्यवसाय	३५००	४५५०
४.५	ई रिक्सा अटो रिक्सा विक्री शो रुम	१५०००	१९५००
४.६	साइकल रिक्सा पसल (शोरुम)	३५००	४५५०
४.७	मोवाइल बिक्री तथा मर्मत ब्यवसाय	४५००	५८५०
४.८	हार्डवेयरको सम्पूर्ण समान विक्री (छड सिमेन्ट समेत)	१३०००	१६९००
४.९	हार्डवेयर पसल (छड र सिमेन्ट बाहेक)	५०००	६५००
४.१०	रङरोगन तथा रङ पसल	४०००	५२००
४.११	सिसा सामान बिक्री पसल ग्लासहाउस	६०००	७८००
४.१२	छड तथा सिमेन्ट फुटकर बिक्री	८०००	१०४००
४.१३	स्टील आलमुनियम व्यवसाय	८०००	१०४००
४.१४	फलाम झ्याल ढोका व्यवसाय /ग्रील	५५००	७१५०
४.१५	इटा व्यवसाय बिक्री डिपो	७५००	९७५०

४.१६	बालुवा गिटी ढुंगा माटो तथा भरोट व्यवसाय डिपो	१००००	१३०००
४.१७	प्लाइ, प्लाई ढोका तथा सिसा बिक्री	६०००	७८००
४.१८	होम डेकोर व्यवसाय / फल सिलिङ्ग समेत	५०००	६५००
४.१९	फलेरिङ्ग / फर्निसिङ्ग	५०००	६५००
४.२०	टायल मार्वल सेनिटरी व्यवसाय	८०००	१०४००
४.२१	प्लाइ व्यवसाय	६०००	७८००
४.२२	निर्माण सामाग्री तथा विभिन्न प्रकारको ठेक्काको लागि सप्लायर्स	५०००	
५	**विद्युतीय सामानहरुको व्यवसाय**		
५.१	इलेक्ट्रिक तथा इलेक्टोनिक्स सामानहरु (टि.भी, एसी, फ्रीज कम्प्युटर, घडी, रेडियो, इन्भर्टर, व्याट्री, युपिएस आदी) व्यवसाय	७०००	९१००
५.२	इलेक्ट्रिक सामानहरु व्यवसाय (बिजुली पसल)	५५००	७१५०
५.३	साउण्ड सिस्टम बिक्री तथा भाडामा दिने व्यवसाय	३५००	४५५०
६	**कृषिजन्य उत्पादन विक्री वितरण**		
६.१	दुग्ध डेरी व्यवसाय	३०००	३९००
६.२	कुखुरा, माछा, गाइ, भैसी, सुगुर, पशुपंक्षी सबै पालन फर्म	४०००	५२००
६.३	कृषी सामाग्री बिउ बिजन व्यवसाय,जैविक मल (प्राङ्गारिक) तथा किटनाशक बिक्री	३०००	३९००
६.४	पशुपंक्षी आहार विक्री पसल	३२५०	४२२५
६.५	रासायनिक मल, प्राङ्गारिक मल तथा बिउबिजन बिक्री वितरण	४०००	५२००
६.६	आधुनिक बधशाला	६०००	७८००
६.७	एक वा सबै प्रकारका माछा, मासु तयारी तथा बिक्री पसल	५०००	६५००
६.८	दुग्ध घ्यू नैनी चिज उत्पादन तथा बिक्री बितरण	३०००	३९००
६.९	निजी नर्सरी व्यवसाय	३०००	३९००
६.१०	कृषिजन्य सामाग्री बिक्री (स्प्रे टंकी, पोलिथिन शिथ, सिचाई पाईप आदि)	३०००	३९००
६.११	कृषि उपकरण मेशिनरी सामाग्री विक्री (पम्प, मोटर, हाते ट्याक्टर तथा कृषि औजार आदि)	७८००	१०१४०
६.१२	बांस खरिद बिक्री व्यवसाय	२५००	३२५०
७	**सुनचांदी तथा अन्य बहुमुल्य आभुषणको व्यवसाय**		
७.१	सुन चाँदी जस्ता बहुमुल्य धातुको गहना बनाइ बिक्री गर्ने	५०००	६५००
७.२	सुन चादी बाहेक अन्य गरगहना पत्थर / सिटी गोल्ड / नक्कली गहना समेत बिक्री वितरण गर्ने	३५००	४५५०
७.३	बहुमुल्य धातुको खरिद बिक्री व्यवसाय	१००००	१३०००
८	**सवारी साधन खरीद बिक्री व्यवसाय**		
८.१	मोटरसाइकल, स्कुटर बिक्री शो रुम	१५०००	१९५००
८.२	विद्युतीय स्कुटर तथा मोटरसाईकल शो रुम	७०००	९१००
८.३	तीन पाङ्ग्रे बिद्युतीय सवारी सिटी सफारी शो रुम	१००००	१३०००
८.४	कार, जीप जस्ता साना चार पाङ्ग्रे बिक्री व्यवसाय	२००००	

८.५	मिनीट्रक, मिनी बस बिक्री व्यवसाय	२५०००	
८.६	पावर टिलर ट्याक्टर व्यवसाय	१५०००	
८.७	सबैखाले हेबी इक्वीपमेन्ट, जे सि वी, डोजर, रोलर तथा ट्रक र टिप्पर बिक्री व्यवसाय	३५०००	
८.८	रिकन्डिशन व्यवसाय	१००००	१३०००
८.९	यातायात सेवा संचालन व्यवसाय	५०००	६५००
८.१०	अटो रेन्टल सर्भिस (सवारी साधन भाडामा दिने व्यवसाय)	५०००	६५००
८.११	हेल्मेट पसल	३५००	४५५०
८.१२	ईन्भर्टर / व्याट्री व्यवसाय	७०००	९१००
८.१३	कार तथा सवारी डेकोरेशन व्यवसाय	५०००	६५००
८.१४	पठाओ / ई ड्राईभ जस्ता सवारी नेटवर्किङ्ग व्यवसाय	१००००	
९	**मर्मत संभार तथा सेवा व्यवसाय**		
९.१	मोटरसाईकल मर्मत / ब्याट्री चार्ज तथा मर्मत	२५००	
९.२	साइकल / रिक्सा मर्मत	२०००	
९.३	बस ट्रक आदिको बडी बिल्डर्स	१००००	१३०००
९.४	हेवी लेथ तथा ड्रिल मेसिन राखी सवारी मर्मत तथा ईन्जिनियरिङ्ग वर्क्स	६५००	८४५०
९.५	लाइट लेथ तथा ड्रिल मेसिन राखी सवारी मर्मत तथा ईन्जिनियरिङ्ग वर्क्स	६०००	७८००
९.६	बस ट्रक ट्याक्टर तथा अन्य चार पाङ्ग्रे सवारी मर्मत ग्यारेज	१००००	१३०००
९.७	टायर रिसोलिङ्ग	१००००	१३०००
९.८	सवारी साधन रंग रोगन डेन्टीङ पेन्टीङ	५५००	७१५०
९.९	पुरानो टायर बिक्री तथा हावा भर्ने	२५००	
९.१०	टि.भी.कम्प्युटर आदि इलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स सामाग्री मर्मत पसल	३५००	
९.११	सिलाइ बुनाइ मेशिन ग्यास चुल्हो मैन्टेल स्टोभ लाइट मर्मत पसल	२५००	
९.१२	फ्युल पम्प, मोटर पम्प, पम्प सेट, जेनेरेटर इत्यादी मर्मत	३०००	
९.१३	सवारी साधनको सिट तथा हुट बनाउने	३०००	
९.१४	मोवाइल मर्मत	५०००	६५००
९.१५	अटो गाडी वासिङ सेन्टर	८०००	
९.१६	विद्युत वायरिङ/ प्लम्बिङ तथा रङ्ग रोगन सेवा (ठेक्का) व्यवसाय	५०००	
९.१७	घडी विक्री तथा मर्मत व्यवसाय	३५००	
९.१८	अन्य साधारण प्रकृतिका विविध मर्मत पसल	३०००	
९.१९	रेन्टल सेवा व्यवसाय (घर जग्गा वा अन्य स्थिर सम्पत्ति भाडामा लगाइदिने सेवा प्रदान गर्नेव्यवसायहरु)	५०००	
१०	**स्वास्थ्य सेवा सम्बन्धी व्यवसाय**		
१०.१	नर्सिङ्ग होम	२००००	२६०००
१०.२	अन्य प्रकारका अस्पताल प्रा.लि.	३००००	३९०००
१०.३	खुद्रा औषधी पसल (फार्मसी) (क्लिनिक सहितको फार्मसी)	७५००	९७५०
१०.४	खुद्रा औषधी पसल (फार्मसी)	५०००	६५००
१०.५	थोक औषधी पसल	१००००	

१०.६	थोक सर्जिकल पसल	१००००	
१०.७	दन्त क्लिनिक / दाँतको उपचार हस्पिटल	१००००	
१०.८	अस्पतालजन्य उपकरण वा सामाग्रीको बिक्री पसल	१००००	१३०००
१०.९	मेडिकल कलेज	३०००००	
१०.१	आँखा क्लिनिक तथा चस्मा बिक्री सहित	७५००	९७५०
१०.११	आँखा अस्पताल विशेषज्ञ सेवा (निदान, उपचार तथा औषधी/चस्मा बिक्री हुने)	१५६००	२०५००
१०.१२	प्राकितिक चिकित्सा / अक्युपंचर / होमियोपैथिक / आयुर्वेदिक औषधी पसल तथा क्लिनिक	३५००	४५५०
१०.१३	चश्मा पसल (बिक्री मात्र)	३५००	४५५०
१०.१४	थेरापी / शरीरको उपचार सम्बन्धी फिजियोथेरापी	५०००	६५००
१०.१५	प्याथोलोजी ल्याब (डी र ई वर्ग)	५०००	
१०.१६	प्याथोलोजी ल्याब (बी र सी वर्ग)	१००००	
१०.१७	प्याथोलोजी ल्याब (ए वर्ग)	१२०००	
१०.१८	एक्स-रे सेवा मात्र	७०००	
१०.१९	अल्ट्रासाउन्ड सेवा	१५०००	
१०.२०	एक्स-रे र अल्ट्रासाउन्ड दुवै भएको	१८०००	
१०.२१	एम आर आई / सिटी स्क्यान	२००००	
१०.२२	अत्याधुनिक इक्वीपमेन्टबाट जांच गर्ने एक्सरे, क्लिनिक, ल्याव परीक्षण लगायतको विशिष्टिकृत सेवा / पोलिक्लिनिक	१५०००	
१०.२३	भेटेरिनरी औषधी पसल / भेटेरिनरी क्लिनिक	५०००	६५००
११	**सुर्ती तथा मदिराजन्य एवम् पेय पदार्थ**		
११.१	सुर्ती उद्योग	२००००	२६०००
११.२	सुर्तीजन्य वस्तुको सामान व्यवसाय - डिलर	१५०००	१९५००
११.३	सुर्तीजन्य वस्तुको सामान व्यवसाय - खुद्रा	५०००	६५००
११.४	हल्का पेय पदार्थ फुटकर खरिद बिक्री	४०००	५२००
११.५	मिनरल वाटर डिलर / थोक विक्रेता	५०००	६५००
११.६	कोक पेप्सी जस्ता हलुका पेय पदार्थको डिलर / थोक बिक्रेता	१००००	१३०००
१२	**साना तथा मझौला उद्योग**		
१२.१	साना कुटानी पिसानी उद्योग (एउटा मेसिन मात्र भएको)	२५००	
१२.२	कुटानी पिसानी / तेल पेल्ने / मसला उद्योग /	५०००	६५००
१२.३	आधुनिक चामल उद्योग	८०००	२००००
१२.४	आधुनिक प्रविधिको चाउचाउ उद्योग	१००००	१३०००
१२.५	नुडल्स / सिन्के चाउचाउ/ चाउमिन लघु उद्योग	५०००	६५००
१२.६	पाउरोटी तथा कुकिज उद्योग	७०००	९१००
१२.७	आधुनिक बेकरी उद्योग/ बेकरी चेन समेत	१००००	१३०००
१२.८	बिस्कुट उद्योग (प्रालि मा दर्ता भएको)	१५०००	१८०००
१२.९	सलाइ उद्योग	१००००	१३०००

१२.१०	प्लाइउड उद्योग	२५०००	३२५००
१२.११	कपडा तथा धागो उद्योग / होजियारी उद्योग / गार्मेन्ट उद्योग	१००००	१३०००
१२.१२	सोडा तथा बरफ उद्योग	५०००	६५००
१२.१३	कन्फेक्सनरी चकलेट उद्योग	१००००	१३०००
१२.१४	स्टील टयांकी/पोलीथीन टेंकी निर्माण उद्योग	१५०००	१९५००
१२.१५	काष्ठ उद्योग, स-मिल फर्नीचर उद्योग	१००००	१३०००
१२.१६	फर्निचर उद्योग	७८००	१०१४०
१२.१७	स्टेसनरी वा कपी उद्योग	६५००	८४५०
१२.१८	सबै प्रकारका छापाखाना प्रीन्टिङ्ग उद्योग	६५००	८४५०
१२.१९	मदिरा डिस्टिलरी ब्रुअरी उद्योग	२०००००	
१२.२०	हल्का पेय जुस पदार्थ उत्पादन उद्योग	१००००	१३०००
१२.२१	प्लास्टिकका सामाग्री उद्योग / बोतल, कुर्सी, झोला इत्यादी	१००००	१३०००
१२.२२	ग्रील तथा सटर उद्योग, स्टील रेलिङ्ग, भर्र्याङ्ग तथा फलाम जन्य सबै उत्पादन ढोका झयाल इत्यादी	१००००	१३०००
१२.२३	पोलीथीन पाइप उद्योग	१००००	१३०००
१२.२४	पोलीथीन ब्याग उद्योग	१००००	१३०००
१२.२५	फाईवरको झोला उत्पादन / नेपकिन पेपर, र्‍यापिङ् पेपर, मिठाईको बट्टा बनाउने उद्योग	७५००	
१२.२६	गलैचा उद्योग	१००००	१३०००
१२.२७	गार्मेन्ट उद्योग	१००००	१३०००
१२.२८	स्टीम सेलर मिल	२००००	
१२.२९	भुजिया, दालमोट, चिप्स जन्य उद्योग	७५००	९७५०
१२.३०	दुग्ध डेरी उद्योग	५०००	६५००
१२.३१	ह्याचरी उद्योग	१००००	१३०००
१२.३२	पशुपंक्षी आहार उत्पादन गर्ने उद्योग	७०००	९१००
१२.३३	कृषि सामाग्री, बिउ बिजन रासायनिक मल उद्योग	१००००	१३०००
१२.३४	रिङ्ग,डुँड गमला साना पिलर ब्लक टायल उद्योग	५०००	६५००
१२.३५	सिमेन्टका पोल ह्युम पाइप बनाउने उद्योग	१००००	१३०००
१२.३६	तामा पित्तल आल्मुनियम फलाम जस्ता धातुको उद्योग	६५००	८४५०
१२.३७	टिनको बाकस लालटिन स्टोभ बनाउने उद्योग	४५००	५८५०
१२.३८	मोटर पाट्स उत्पादन उद्योग	६५००	८४५०
१२.३९	जुत्ता चप्पल ब्याग स्विटर ज्याकेट उद्योग	५०००	६५००
१२.४०	चिया उद्योग तथा प्याकेजिङ्ग	१००००	१३०००
१२.४१	तान राखी कपडा बुन्ने उद्योग	५०००	६५००
१२.४२	लोहोरो सिलौटो बनाउने उद्योग	२०००	
१२.४३	नेपाली कागज उद्योग / कुटिर उद्योग	२५००	
१२.४४	कागज उद्योग तथा कार्टुन/कार्डबोर्ड बनाउने उद्योग	८०००	१०४००
१२.४५	जुट उद्योग/ जुट जन्य उद्योग	५०००	६५००

१२.४६	ब्रस उद्योग	५०००	६५००
१२.४७	फोम उद्योग	१५०००	१९५००
१२.४८	कपडा तथा धागो फ्याक्ट विदेश निर्यात गर्ने	१००००	१३०००
१२.४९	चिउरा भुजा मिल/ उद्योग	५०००	६५००
१२.५०	केमिकल वर्क उद्योग (केमिकल आयात गरी रिफिलिङ्ग, मिक्सिङ्ग, प्याकेजिङ्ग गरी बिक्री वितरण गर्ने)	१००००	१३०००
१२.५१	व्यवसायिक पानी उत्पादन बोरीङ्ग गर्ने उद्योग	१००००	१३०००
१२.५२	पानी बिक्री गर्ने ब्यवसाय/मिनरल वाटर उद्योग	१००००	१३०००
१२.५३	कत्था उद्योग	१००००	१३०००
१२.५४	आइसक्रिम उद्योग	५०००	६५००
१२.५५	फलामका घरेलु सामान बनाउने तथा बिक्री गर्ने कोदालो खुकुरी हँसीया फरुवा आदी	३५००	४५५०
१२.५६	अक्सिजन प्लान्ट उद्योग	१००००	१३०००
१२.५७	आर्युवेदीक औषधी उत्पादन गर्ने उद्योग	१००००	१३०००
१२.५८	साबुन तथा सर्फ उद्योग	७५००	९७५०
१२.५९	खाने तेल उद्योग सबै प्रकारका	१००००	१३०००
१२.६	व्याट्री उत्पादन उद्योग	१००००	१३०००
१२.६१	फाइबर/कपास उद्योग	५०००	६५००
१२.६२	सर्जिकल माक्स / स्यानिटरी प्याड / डाइपर जस्ता सामान उत्पादन गर्ने उद्योग	१००००	१३०००
१२.६३	इलेक्ट्रोनिक उपकरणमा प्रयोग हुने सहायक सामग्री उत्पादन उद्योग (प्लग, यु.एस.बी. वायर, चार्जर, पावर केवल जस्ता सामानहरु)	६५००	८४५०
१२.६४	आधुनिक काठ तथा स्टिल फर्निचर शोरुम	१००००	१३०००
१२.६५	साधारण फर्निचरको शो रुम	५५००	७१५०
१२.६६	सोयाविन उद्योग	१२०००	१५६००
१२.६७	वोरा उद्योग	६०००	७८००
१२.६८	वोरा मर्मत गरी बिक्री गर्ने व्यवसाय	२५००	
१२.६९	रेडिमिक्स कंक्रीट उद्योग	२००००	
१२.७०	अस्फाल्ट प्लान्ट उद्योग	२००००	
१२.७१	अगर बत्ति उद्योग	३०००	३९००
१२.७२	विभिन्न प्रकारका अन्य घरेलु तथा परम्परागत शिपयुक्त उद्योग	४०००	५२००
१२.७३	विभिन्न प्रकारका हस्तकला उद्योग	१५००	१९५०
१२.७४	कोल्ड स्टोरेज / शीतगृह	१५०००	१९५००
१२.७५	अन्य विभिन्न प्रकारका प्याकिङ्ग तथा प्याकेजिङ्ग उद्योग	८०००	१०४००
१२.७६	बेतबास बिक्री तथा बासजन्य सामाग्री बनाई बिक्री गर्ने उद्योग	३०००	
१३	**शिक्षा तथा तालिम व्यवसाय**		
१३.१	निजी पुर्व प्राथमिक मन्टेश्वरी / बाल विकास शिक्षण केन्द्र	१००००	

१३.२	निजी आधारभुत तहको विद्यालय	१००००	
१३.३	निजी माध्यमिक विद्यालय तहको विद्यालय	१२०००	
१३.४	निजी कलेज क्याम्पस प्राविधिक कलेजहरु	१५०००	
१३.५	निजी प्राविधिक शिक्षालय तालिम केन्द्र	१००००	
१३.६	निजी विभिन्न प्रशिक्षण केन्द्र	१००००	
१३.७	भाषा प्रशिक्षण केन्द्रहरु	५०००	
१३.८	कम्प्युटर ट्रेनिङ्ग सेन्टर	५०००	
१३.९	सफ्टवेयर तथा वेब पेज/एप्लिकेशन निर्माणः सूचना प्रविधिको प्रयोग गरी मोवाईल एप्लिकेशन/सफ्टवेयर निर्माण/ कम्प्युटर प्रविधि प्रयोग गरी सेवा प्रदान गरिने व्यवसायहरु	५०००	६५००
१३.१	ड्राइभिङ्ग सेन्टर	८०००	१०४००
१३.११	पोलिटेक्नीक प्रा.लि.तथा सि.टि.भि.टी. बाट सम्वन्धन प्राप्त सस्थाहरु	१००००	१३०००
१३.१२	सिलाइ कटाइ प्रशिक्षण केन्द्र	२५००	
१४	**बैकल्पिक उर्जामुलक व्यवसाय**		
१४.१	सोलार पावर व्यवसाय	५०००	६५००
१४.२	बायो ग्यास बायोमास उत्पादन व्यवसाय	५०००	६५००
१४.३	बैकल्पिक उर्जा उद्योग (शौर्य उर्जाबाट विद्युत उत्पादन गर्ने उद्योग)	१५०००	
१५	**लेखा परिक्षण तथा अन्य कानूनी सेवा/परामर्शहरु**		
१५.१	लेखा परिक्षण क्रमश सि.ए र एफ.सि.ए	१००००	
१५.२	लेखा परिक्षण क्रमश वि, सी र डि वर्ग	५०००	
१५.३	नोटरी सेवा /कानुनी सेवा सहित वरिष्ठ अधिवक्ता	२५००	
१५.४	नोटरी सेवा वा कानुनी सेवा सहित अभिवक्ता, अभिकर्ता, अधिवक्ता	२०००	
१५.५	कर परामर्श / लेखा व्यवसाय परामर्श सेवा	३०००	
१६	**बिशेषज्ञ सेवा परामर्श तथा अन्य सेवा व्यवसाय**		
१६.१	नक्सा तयारी तथा परामर्श /कन्सल्टेन्सी व्यवसाय	२००००	
१६.२	दर्तावाल ईन्जिनियर तथा चिकित्सकबाट सेवा संचालन	५०००	
१६.३	लेखापढी सेन्टर/भू-सेवा सञ्चालन	३०००	
१६.४	स्वास्थ्य सहायक तथा अन्य दर्तावाल स्वास्थ्यकर्मीबाट परामर्श सेवा	२५००	
१६.५	भन्सार क्लियारिंग परामर्शदाता	५०००	
१६.६	ज्योतिष परामर्श / वास्त परामर्श सेवा	५०००	
१६.७	शैक्षिक तथा अन्य परामर्श केन्द्र/कन्सल्टेन्सी सेवा	१००००	
१६.८	बैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा	१५०००	१९५००
१६.९	बैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तालिम दिने संस्थाहरु		
१६.१	मेनपावर कम्पनी तथा मेनपावरको शाखा कार्यालय		
१६.११	बैदेशिक रोजगारी सम्बन्धि मेडिकल गर्ने संस्थाहरु		
१६.१२	स्वदेशी रोजगार प्रदायक जव लिंक व्यवसाय / सेक्युरिटी गार्ड, प्लम्बर, ईलेक्ट्रिशियन आदी	१००००	१३०००
१६.१३	राष्ट्रियस्तरको वायूसेवाको कार्यालय	२००००	

१६.१४	अन्तर्राष्ट्रियस्तरको वायुसेवाको कार्यालय	३५०००	
१६.१५	भन्सार कार्यालयमा आन्तरिक क्लियरेन्स डिपो संचालन र व्यवस्थापन गर्ने सेवा (Inland Clearance Depot Operation)	प्रति सवारी साधन रु. १.५०	
१६.१६	विमा सम्बन्धी काम गर्ने सहजकर्ता/अभिकर्ता	२५००	
१७	**पुस्तक तथा खेलकुद सामग्री स्टेशनरी व्यवसाय**		
१७.१	पुस्तक तथा खेलकुद सामग्री स्टेशनरी व्यवसाय	५०००	६५००
१७.२	स्टेशनरी वा खेलकुद सामाग्री कुनै एक प्रकारको सामाग्री मात्र विक्री गर्ने व्यवसाय	२५००	
१८	**मनोरन्जन सेवा तथा रिक्रियसन खेल व्यवसाय**		
१८.१	सिनेमा हल /चलिचत्र घर	१००००	१३०००
१८.२	थ्री.डी. १२ डी. अत्याधुनिक सिनेमा हल	१२०००	१५६००
१८.३	फन पार्क / अम्युजमेन्ट पार्क	५००००	
१८.४	पिकनिक स्पोर्ट, स्विमिङ्गपुल	५०००	६५००
१८.५	नेपाली मौलिक साँस्कृतिक बाजा समुह	३५००	
१८.६	बैन्डबाजा लगायत अन्य सुविधा भएको	७५००	
१८.७	खेलकुद सामग्री जिम फिजिकल फिट्नेस सामान व्यवसाय	५०००	६५००
१८.८	पुल हाउस / स्नुकर	७५००	
१८.९	फुटबल ट्रेनिङ्ग व्यवसाय फुटसल	१००००	
१८.१०	स्केटिङ्ग पार्क तथा विभिन्न खेल अभ्यास गर्ने गराउने व्यवसाय	८०००	
१८.११	डान्स ट्रेनिङ्ग /जुम्बा सेन्टर	७०००	
१८.१२	सगित, नाट्यकला, बाध्यवादन तालिम प्रशिक्षण केन्द्र	५०००	
१८.१३	जिम सेन्टर	५०००	
१९	**इन्धन खरीद बिक्री व्यवसाय**		
१९.१	पेट्रोल वा डिजेल पम्प भएकोहरु	७०००	९१००
१९.२	पेट्रोल र डिजल पम्प भएकोहरु	१००००	१३०००
१९.३	ल्युब आयल तथा लुब्रिकेन्ट्स	५०००	६५००
१९.४	मट्टीतेल डिपो	३५००	४५५०
१९.५	ग्यास सिलिन्डर (खुद्रा)/किचन सामाग्री खरिद बिक्री गर्ने खुद्रा पसल	३५००	४५५०
१९.६	ग्यास सिलिन्डर (थोक)/ किचन सामाग्री थोक पसल	६५००	८४५०
१९.७	कोइला खरिद बिक्री व्यवसाय	१००००	१३०००
१९.८	विद्युतीय सवारी साधन चार्जिङ्ग सेन्टर	१०००	१३००
२०	**सञ्चार व्यवसाय**		
२०.१	टेलिभिजन स्टेशन	७५००	
२०.२	दुर सञ्चार व्यवसाय एनसेल समेत	२००००	
२०.३	रेडियो स्टेशन ५०० वाट भन्दा कम	३५००	
२०.४	रेडियो स्टेशन ५०० वाट भन्दा बढी	५०००	
२०.५	पत्रपत्रीका प्रकाशन	३५००	४५५०
२०.६	अनलाइन पत्रिका	१५००	१९५०

२०.७	केबुल तथा इन्टरनेट सेवा नेटवर्क	१७०००	२२१००
२०.८	टेलिफोन मोवाइल सन्चार सेवा प्रदायक	१५०००	१९५००
२०.९	कम्प्युटर टाइप तथा साइबर क्याफे सञ्चालन, सिमकार्ड रिचार्ज कार्ड व्यवसाय लगायतका विविध सेवा संचालन	५०००	६५००
२१	**अन्य सेवा तथा व्यवसाय**		
२१.१	म्युजिक स्टुडियो	५०००	६५००
२१.२	सिनेमा चलिचत्र निर्माण उद्योग	७५००	९७५०
२१.३	फोटो स्टुडीयो /कलरल्याव / फोटोग्राफी तथा भिडियोग्राफी सेवा	३५००	४५५०
२१.४	फोटोकपि पसल	१५००	१९५०
२१.५	फोटोकपि, कम्प्युटर टाईपिङ्ग, लेमिनेशन, फोटो प्रिन्ट साथै अन्य विविध सेवा	३५००	
२१.६	विदेशी मुद्रा सटही / मनिट्रान्सफर (रेमिटान्स) सेवा	७५००	९७५०
२१.७	विज्ञापन एजेन्सी	३५००	४५५०
२१.८	कपडा धुलाइ ड्राइक्लिनर ट्यामलर वास	३५००	४५५०
२१.९	शैलुन व्यवसाय (साधारण)	२०००	२६००
२१.१०	शैलुन व्यवसाय (विशिष्टिकृत सेवा)	३५००	४५५०
२१.११	ब्युटीपार्लर व्यवसाय	४५००	
२१.११	युनिसेक्स सैलुन/पार्लर, हेयर कटिङ्ग तालिम/ब्युटिशियन तालिम / ट्रेनिङ्ग एकेडमी	६०००	
२१.१२	साइन बोर्ड (हातले लेख्ने) रबर स्टाम्प बनाउने आर्ट पसल	२०००	
२१.१३	फ्लेक्स बोर्ड, ग्लो बोर्ड, डिजिटल साईन बोर्ड तथा ग्राफिक्स डिजाईन व्यवसाय	५०००	
२१.१४	कवाडी सङ्कलन तथा बिक्री केन्द्र	२००००	२६०००
२१.१५	भवन निर्माण सटरिङ्ग सामग्री सम्बन्धी	६०००	
२१.१६	ढल तथा सेफ्टी ट्यांकी सरसफाइ व्यवसाय (मेसिन द्वारा)	५०००	
२१.१७	डिजिटल नम्बर प्लेट डिजिटल बोर्ड	५०००	
२१.१८	क्याटरिङ्ग र टेन्ट हाउस	१५०००	१९५००
२१.१९	टेन्ट हाउस मात्र	७५००	९७५०
२१.२०	ट्राभल एजेन्सी टुर अपरेटर टिकट बुकिङ्ग फोन फ्याक्स अनलाइन फर्म भर्ने कुरियर जस्ता सेवाहरु	५०००	६५००
२१.२१	प्रि आर्मी तालिम	१००००	
२१.२२	निजी छात्राबास	१००००	
२१.२३	ढुवानी सेवा व्यवसाय ट्रान्सपोर्ट	९१००	
२१.२४	धर्मकाँटा व्यवसाय	१००००	
२१.२५	योगा प्रशिक्षण	१५००	
२१.२६	लुगा गहना भाडामा दिने व्यवसाय	३५००	
२१.२७	अनलाइन व्यवसाय	३५००	४५५०

२१.२८	सजावट तथा धार्मिक संस्कारमा प्रयोग हुने सामाग्री तयार गरी विक्री तथा सेवा प्रदान गर्ने	२५००
२१.२९	शेयर ब्रोकर व्यवसाय	१०००० | १३०००
२१.३०	ट्याटु व्यवसाय	५०००
२१.३१	भिडियो गेमिङ्ग जोन	५०००
२१.३२	टांक,बकरम,धागो,चुडी,सूँगार तथा कस्मेटिक पसल	३५००
२२	**होटल व्यवसाय स्तर क्षमताका आधारमा**	
२२.१	एकतारे होटल	२००००
२२.२	दुइतारे होटल	२५०००
२२.३	तिनतारे होटल	३५०००
२२.४	चारतारे होटल	४५०००
२२.५	पाँचतारे होटल	५५०००
२२.६	क्यासिनो / मिनि क्यासिनो, गेमिङ्ग क्लब	१५००००
२३	**निर्माण सेवा व्यवसाय**	
२३.१	क बर्गको निर्माण सेवा (सिद्धार्थनगर नगरपालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	२५०००
२३.२	क बर्गको निर्माण सेवा (अन्य पालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	३००००
२३.३	ख बर्गको निर्माण सेवा (सिद्धार्थनगर नगरपालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	१५०००
२३.४	ख बर्गको निर्माण सेवा (अन्य पालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	२००००
२३.५	ग बर्गको निर्माण सेवा (सिद्धार्थनगर नगरपालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	१००००
२३.६	ग बर्गको निर्माण सेवा (अन्य पालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	१५०००
२३.७	घ बर्गको निर्माण सेवा (सिद्धार्थनगर नगरपालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	नवीकरण भएकाको हकमा व्यवसाय कर नलाग्ने
२३.८	घ बर्गको निर्माण सेवा (अन्य पालिकाबाट निर्माण व्यवसाय इजाजत प्रमाणपत्र लिएका)	१००००
२३.९	स्थानिय भवन निर्माण सेवा भवन निर्माणकर्मी	५०००
२३.१०	विदेशी निर्माण कम्पनी	५००००
२४	**वित्तिय सेवा तथा सहकारी व्यवसाय**	
२४.१	क बर्गको वाणिज्य बैंकहरु / शाखा कार्यालय	१०००००
२४.२	ख बर्गको वाणिज्य बैंकहरु / शाखा कार्यालय (विकास बैक)	७५०००
२४.३	ग बर्गका वित्तिय कारोवार गर्ने संस्थाहरु	५००००

२४.४	घ बर्गका वित्तिय कारोवार गर्ने संस्थाहरु	३५०००
२४.५	बीमा कम्पनी	
२४.५.१	बीमा कम्पनी	५००००
२४.५.२	लघु बीमा कम्पनी	१५०००
२४.६	सहकारी बैंक	२००००
२४.७	सहकारी संस्थाः रु. १ करोड ५० लाख सम्म चुक्ता शेयर पूंजी भएका सबै सहकारी संस्थाहरु	७५००
२४.८	सहकारी संस्थाः रु १ करोड ५० लाख देखि ३ करोड सम्म चुक्ता शेयर पूँजी भएका सबै सहकारी संस्थाहरु	१००००
२४.९	सहकारी संस्थाः रु ३ करोड भन्दा बढी चुक्ता शेयर पूँजी भएका सबै सहकारी संस्थाहरु	१५०००
२४.१०	सहकारी संस्थाः संघ वा प्रदेशमा दर्ता भई शाखा/सेवा केन्द्र मार्फत सेवा संचालन गरेका सहकारी संस्थाहरु	२००००
२४.११	कृषि सहकारी संस्थाहरु	५०००
२४.१२	कृषि बजार / हाट बजार संचालन / कृषि उपज संकलन केन्द्र	२००००
२५	**भारत वा तेस्रो मुलुकबाट आयात निर्यात सम्बन्धी व्यवसाय**	
२५.१	भारत वा तेस्रो मुलुकबाट आयात निर्यात सम्बन्धी व्यवसाय	१५०००
२६	**साधारण मर्मत पसल/व्यवसाय**	
२६.१	पुरानो बोरा मर्मत पसल	२२५०
२६.२	अन्य साधारण मर्मत पसल	२२५०
२७	**रियल स्टेट व्यवसाय**	
२७.१	घर/जग्गा खरिद बिक्री	२००००
२७.२	हाउजिङ कम्पनी व्यवसाय	३००००
२८	**छुट भएका वा व्यवसायको प्रकृति नखुलेका शिर्षकहरुको लागि चालू आ.व.को न्यूनतम दर**	
२८.१	साधारण प्रकृतिका स्वरोजगारमुलक व्यवसायहरु / घरमै उत्पादन गरी प्रत्यक्ष बजारीकरण नगर्ने खालका व्यवसाय	२२५०
२८.२	घरेलु अचार उद्योग (रु. ५ लाख सम्म पूँजी भएको)	१५००
२८.३	विशिष्टिकृत व्यवसायहरु	३०००
२८.४	स-शुल्क पार्किङ्ग व्यवसाय	३२५०
२८.५	ईभेन्ट म्यानेजमेन्ट व्यवसाय	३२५०

अनुसूची-७

आर्थिक ऐन, २०८३ को दफा ८ सँग सम्बन्धित

आ.व.२०८३/०८४ को लागि हाट बजार बहाल विटौरी शुल्क दर

वडा नं. ५ स्थित सामुदायिक कृषि बजार भवन = (A र B Block)

क्र.सं.	विवरण	एकाई दर / प्रति स्क्वा. फिट
१	ए ब्लक भित्र भुईतलाको खुला स्थान/सटरमा	२.५/-
२	ए ब्लक भित्र भुईतलाको सटर/कवलमा	२.५/-
३	ए ब्लक भित्र पहिलो/दोस्रो/तेस्रो/चौथो तला	२/-
४	भवन परिसर / बाहिर खाली स्थानमा रहने ठेला	२००/-

क. घुम्ति व्यवसायको हकमा दैनिक बैठकी शुल्क संकलन गर्न सकिनेछ।

ख. मासिक बहालमा लिन चाहने हाटबजार बाहेक अन्य प्रयोजनको लागि ए ब्लक सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनको सिफारिस बमोजिमको दरमा आवश्यक परिमार्जन गरी नगर कार्यपालिकाको निर्णयबाट सूचना आह्वान गरी ठेक्का गर्न सकिनेछ।

अनुसूची-८

आर्थिक ऐन, २०८३ को दफा ९ सँग सम्बन्धित

आ.व. २०८३/०८४ का लागि नगर क्षेत्र भित्र लागू हुने सवारी साधन पार्किङ्ग शुल्कको दर

क्र.स.	विवरण	पार्किङ् शुल्क दर	
		प्रति घण्टा	प्रति दिन
१	साईकल	५.००	२०.००
२	मोटरसाईकल	१०.००	४०.००
३	तीन पाङ्ग्रे सवारी साधान	१५.००	५०.००
४	हलुका सवारी साधन (जीप, कार,भ्यान)	२०.००	८०.००
५	भारी सवारी साधन (बस, मिनीबस, ट्रक)	३०.००	१२०.००

१- नगरक्षेत्र भित्र नगरपालिकाले पार्किङ्गका लागि उपलब्ध गराएको पार्किङ्ग स्थलमा यो शुल्क लागू हुनुका साथै निजी पार्किङ्ग सचालन गर्न चाहने व्यक्ति वा संघसंस्थाले समेत यसै दरमा पार्किङ्ग सेवा उपलब्ध गराउनु पर्नेछ।

२- सिद्धार्थनगर नगरपालिका नगरक्षेत्र भित्र नगरकार्यपालिकाले पार्किङ्ग निषेध (No Parking) भनि तोकिएको स्थान बाहेकका स्थानमा नगरको सडक यातायात (Traffic) लाई असर नपर्ने गरी ट्राफिक प्रहरीसँग समन्वय गरी निशुल्क पार्किङ्ग (सवारी साधनको प्रकार तोकेर) उपलब्ध गराएको स्थानमा पार्किङ्ग शुल्क लाग्ने छैन

३- सिद्धार्थनगर नगरपालिका नगरक्षेत्र भित्र नगरकार्यपालिकाले पार्किङ्ग निषेध (No Parking) भनि तोकिएको स्थानमा नगरको सडक यातायात (Traffic) लाई असर पर्ने गरी सवारी साधन पार्किङ्ग गरेको खण्डमा भएको पाईएमा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार स्थानीय बजार व्यवस्थापन कार्यमा अवरोध सिर्जना गरेको ठहराई कार्यवाहीका साथै आर्थिक ऐनमा तोकिए अनुसारको जरिवाना समेत गरिनेछ।

अनुसूची- ९

आर्थिक ऐन, २०८३ को दफा १० सँग सम्बन्धित

आर्थिक वर्ष २०८३/०८४ को लागि कबाडी करको दर

सि.नं.	नाम /विवरण	इकाई	दर रकम रु.
१	खाली सिसि (बियर) बोतल	प्रति गोटा	रु. ०.३०
२	खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा माथि	प्रति गोटा	रु. ०.३०
३	खाली सिसि (मदिरा र अन्य) ५०० एम एल भन्दा तल	प्रति गोटा	रु. ०.१५
४	काँचको टुक्राहरु (फुटेको सिसा)	प्रति केजि	रु.१.००
५	प्लास्टिक (बोतल, चाडाकुडा पुराना जुत्ता चप्पल ग्यालेन र जर्किन आदि	प्रति केजि	रु. ०.५०
६	खाली बोरा		
७	क) ५० के.जी. सम्म खाधान्न अटने प्लास्टिक बोरा	प्रति गोटा	रु. ०.२०
८	ख) ५० के.जी. सम्म खाधान्न अटने जुटको बोरा	प्रति गोटा	रु.०.२५
९	ग) १०० के.जी. सम्म खाधान्न अटने जुटको बोरा	प्रति गोटा	रु. ०.४०
१०	तेलको टिन		
१०.१	क) १० लि. भन्दा बढि अट्ने	प्रति गोटा	रु.१०.००
१०.२	ख) १० लि. भन्दा कम अट्ने सानो	प्रति गोटा	रु.५.००
	पुन: प्रशोधन गरी पुन: प्रयोग हुने		
१	झिण्डु (प्राकृतिक र कृतिम उनका टुक्रा)	प्रति केजि	रु. २.००
२	गार्मेण्टको कपडाको टुक्रा	प्रति केजि	रु. २.००
३	जलेको मोबिल	प्रति लि.	रु.१.००
४	जुट र कार्पेटका टुक्रा	प्रति केजि	रु. ०.५०
५	टायर टयुब	प्रति गोटा	रु. १.००
६	थोत्रो टिन	प्रति गोटा	रु.०.५०
७	पुरानो ड्रम	प्रति गोटा	रु.०.५०
८	पुरानो कागज	प्रति केजी	रु.०.३०
	क) अखबार (न्युजप्रिन्ट)		रु.०.४०
	ख) अन्य कागज (कार्टुन समेत)		रु.०.५०
९	धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएको धातु सामानहरु		
९.१	क) फलाम	प्रति केजी	रु. २.००
९.२	ख) अन्य धातु (पित्तल, तामा, आदी)	प्रति केजी	रु. ५.००
९.३	ग) थोत्रिएर काम नलाग्ने मेशिनर औजार	प्रति केजी	रु. २.००
९.४	फलामको धुलो, खनिज पदार्थ मिसिएको कालो-रातो माटो वा धुलो	प्रति केजी	रु. ०.२५
१०	पोलिथिन पाइपका टुक्राहरु	प्रति केजी	रु. ०.५०
११	लिडको धुलो र टुक्राहरु	प्रति केजी	रु. २.००
११.१	प्रचलित कानुनले निषेधित गरे बाहेको पंछिहरु जस्तै कुखुरा, हाँस जस्ता पंछिहरुको प्वाँख	प्रति केजी	रु. १.५०
१२	हाड सिंग खुर		
१२.१	हाड	प्रति केजी	रु. १.००

१२.२	सिंग खुर	प्रति केजी	रु. २.००
१३	छाला		
१३.१	छाला ठुलो	प्रति गोटा	रु. ३०.००
१३.२	छाला सानो	प्रति गोटा	रु.१५.००
१४	कोइला	प्रति केजी	रु.०.१०
१५	जडिबुटी	प्रति केजी	रु.०.२०

अनुसूची-१०

आर्थिक ऐन, २०८३ को दफा ११ को उपदफा १ सँग सम्बन्धित

आ.व. २०८३/०८४ को लागि भौतिक पूर्वाधार उपयोग शुल्कको दर

क्र.स.	विवरण	दर
क	**स्वदेशी सवारी साधनका लागि**	
१	बस, ट्रक	३५/-
२	ट्याक्टर	२५/-
३	निजी तथा भाडा जीप, कार, भ्यान	१५/-
४	मिनीबस, मिनी ट्रक	२५/-
५	ह्याण्ड ट्याक्टर, टायर गाडा	१५/-
ख	**विदेशी सवारी साधनका लागि**	
१	बस, ट्रक	५००/-
२	ट्याक्टर	२००/-
३	निजी तथा भाडा जीप, कार, भ्यान	१००/-
४	मिनीबस, मिनी ट्रक	३००/-
५	रिक्सा, टायर गाडा	१०/-
६	६ चक्का सम्मको ट्रली	३००/-
७	६ चक्का भन्दा माथिको ट्रली	५००/-

अनुसूची-११

आर्थिक ऐन, २०८३ को दफा ११ को उपदफा २ सँग सम्बन्धित

आ.व.२०८३/०८४ का लागि बसपार्क प्रवेश तथा पार्किङ्ग शुल्कको दर

सि.न.	सिद्धार्थ बसपार्क प्रवेश शुल्क(पटके) को विवरण	दर
१	लामोदुरीमा चल्ने सवारी साधन बस, मिनीबसको	८५.००
२	छोटोदुरीमा चल्ने सवारी साधन बस, मिनीबसको	५०.००
३	लामोदुरीमा चल्ने सुमोजिप आदीमा	५०.००
४	टेम्पो, टयाक्सी, जिप आदीमा	२५.००
५	मोटर साइकल	१०.००
६	रिक्सा प्रति ट्रिप	५.००
७	बसपार्क रात्री गाडी पार्किशुल्क	१००.०

अनुसूची १२

आर्थिक ऐन, २०८३ को दफा ११ को उपदफा ३ सँग सम्बन्धित

सार्वजनिक पार्क प्रवेश शुल्क (पिकनिक तथा अन्य सुविधा उपलब्ध भएका पार्कहरुका लागि)

क्र.स.	विवरण	दर
१	सार्वजनिक पार्क प्रवेश शुल्क	रु.१०.०० प्रति व्यक्ति
२	पिकनिक स्पट/स्टलको प्रयोग (दरखसवा पार्क)	रु.१,५००.००
२	पिकनिक स्पट/स्टलको प्रयोग (पञ्चवाटिका पार्क)	रु.१,०००.००
३	चलचित्र छाँयाकन	रु.५००.०० प्रतिदिन

अनुसूची -१३

आर्थिक ऐन, २०८३ को दफा ११ को उपदफा ४ सँग सम्बन्धित

अचल सम्पत्ति वा कुनै विषयको मूल्याङ्कन सम्बन्धि सेवा शुल्क

विवरण	दर
अचल सम्पत्तिको मुल्याङ्कन दस्तुर	०.१२ प्रतिशत

अनुसूची-१४

आर्थिक ऐन, २०८३ को दफा ११ को उपदफा ५ सँग सम्बन्धित

आ.व.२०८३/०८४ को लागि सिफारिस दस्तुर तथा शुल्कको दर

क्र.स.	विवरण	दर
१	सिफारिश दस्तुर तथा शुल्क	
१.१	निवेदन दस्तुर प्रचलित कानुन बमोजिम	१०/-
१.२	मिलापत्र दस्तुर	तोकिए बमोजिम
१.३	नक्कल दस्तुर पहिलो पाना (प्रतिलिपि प्रमाणित दस्तुर)	२००/-
१.४	त्यस पछिको पानाहरुलाई (प्रतिलिपि प्रमाणित दस्तुर)	५०/-
१.५	लिखत प्रमाणित र कपाली तमसुक प्रमाणिकरण र वारेस मार्फत जग्गा पास भएकोमा पुर्जा प्राप्तिको लागि गरिने सिफारिस दस्तुर	५००/-
१.६	**चार किल्ला प्रमाणित सिफारिस दस्तुर**	
१.६.१	**चार किल्ला प्रमाणित बिक्री प्रयोजन**	
१.६.१.१	एक कठ्ठा सम्म	२०००.००
१.६.१.२	एक कठ्ठा देखि दुई कठ्ठा सम्म	३०००.००
१.६.१.३	दुई कठ्ठा देखि पांच कठ्ठा सम्म	४५००.००
१.६.१.४	पांच कठ्ठा देखि माथि जतिसुकै क्षेत्रफलमा	१००००.००
१.६.२	**चारकिल्ला प्रमाणित बैकिङ् प्रयोजन**	
१.६.२.१	एक कठ्ठा सम्म	१०००.००
१.६.२.२	एक कठ्ठा देखि दुई कठ्ठा सम्म	१५००.००
१.६.२.३	दुई कठ्ठा देखि पांच कठ्ठा सम्म	२०००.००
१.६.२.४	पांच कठ्ठा देखि माथि जतिसुकै क्षेत्रफलमा	३०००.००

१.६.३	चारकिल्ला सिफारिश अन्य प्रयोजन	५००.००
१.७	नामसारी सिफारिस (जग्गा र घर)	५००.००
१.८	सिफारिश दस्तुर, अन्य सिफारीस	५००.००
१.९	बिदेशमा पढ्न जाने विद्यार्थीको हकमा सम्बन्धीत विश्व विद्यालयको सहमतीको पत्रको प्रमाण पेश गरेमा सम्पत्ति मुल्यांकन सिफारिश दस्तुर	१८२५.००
१.१०	**नागरिकता सिफारिश**	
१.१०.१	नागरिकता सिफारिश (बंशज)	१२५.००
१.१०.२	नागरिकता सिफारिश (जन्मसिद्ध)	१२५.००
१.१०.३	नागरिकता सिफारिश (वैवाहिक)	२५०.००
१.१०.४	नागरिकता सिफारिश (अंगिकृत)	१०००.००
१.११	नाता प्रमाणित सिफारिश	५००.००
१.१२	अङ्ग्रेजी भाषामा सिफारिश तथा प्रमाणित दस्तुर	१०००.००
१.१३	शैक्षिक प्रमाण पत्र प्रतिलिपी प्रमाणित दस्तुर प्रति पाना	२०.००
१.१४	प्राइभेट फर्म, घ वर्ग निर्माण व्यवसाय प्रमाणपत्र प्रतिलिपि, घरेलु तथा साना उद्योग तथा वाणिज्य सम्बन्धि फर्म नामसारी तथा ठांउसारी गर्नको लागी सिफारिस	५००.००
१.१५	**उद्योग स्थापना सिफारिश शुल्क**	
१.१५.१	पुँजि रु.पचास लाख भन्दा माथि भएका	३०००.००
१.१५.२	साना तथा घरेलु उद्योग तथा पुँजि रु.पचास लाख सम्म भएका	१०००.००
१.१६	धारा तथा विद्युत जडान सिफारिश शुल्क	५००.००
१.१७	टेन्डर फारम, कोटेशन फाराम	नियमानुसार
१.१८	लालपुर्जा हराएर प्रतिलिपीका लागि सिफारिश दस्तुर	२५०.००
१.१९	संस्था दर्ता सिफारिश	१५००.००
१.२०	**धारा जडान गर्दा पिच काट्दा (सडक मर्मत गरेको हुनुपर्ने अन्यथा धरौटी जफत गरी सम्बन्धित धनिबाटै मर्मत गराईने)**	
१.२०.१	धरौटी वापत	१००००.००
१.२०.२	धारा जडान गर्न पिच काट्दा १० वर्ग फिट सम्म	५०००.००
१.२०.३	१० वर्ग फुट भन्दा माथि प्रति वर्ग फुट पक्कि सडक काटदा	७५०.००
१.२०.४	कच्ची ग्रेभल सडडक काटेमा	१५००.००
१.२०.५	एक साइड काटेमा (सडक आफै पुर्नु पर्ने)	५००.००
२	**बहाल बिटौरी शुल्क**	
२.१	**नगरपालिकामा दर्ता कायम रहेका घरबास डिही मिन्हा जग्गाको बहाल बिटौरी शुल्क**	
२.१.१	खालि जग्गा रहेकोमा प्रति घुर	५०।००
२.१.२	जग्गा भवन समेत रहेकोमा प्रति घुर	७५.००
